असोज - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क १२ | २०८० असोज १६-३० | पूर्णाङ्क ७५०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री अविधान सापकोटा
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ३ |
| इजलास नं. १ | ५ |
| इजलास नं. ३ | ३६ |
| इजलास नं. ४ | ११ |
| इजलास नं. ५ | ४ |
| **जम्मा** | **५९** |

| | |
|---|---|
| इजलास नं. ६ | ४ |
| इजलास नं. ८ | ७ |
| **जम्मा** | **११** |

**कूल जम्मा ५९ + ११ = ७०**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, असोज – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - २** |
| १. | अंश | दानबहादुर घर्ती वि. चन्द्रकुमारी भुजेल (घर्ती) | १ |
| २. | उत्प्रेषणयुक्त परमादेश | कृष्णराज लिम्बु वि. सुनसरी जिल्ला अदालत, इनरूवा सुनसरिसमेत | १ |
| ३. | उत्प्रेषण / परमादेशसमेत | बालकृष्ण अवाले वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत | २ |
| **इजलास नं.१** | | | **२ - ५** |
| ४. | कर्तव्य ज्यान | विमल घिमिरे वि. नेपाल सरकार, विराज पराजुली वि. नेपाल सरकार, अनिल गुरूङ वि. नेपाल सरकार | २ |
| ५. | उत्प्रेषण / परमादेश | सहिदा खातुन वि. भरत साह कलवारसमेत | ३ |
| ६. | उत्प्रेषण | भाइराजा श्रीवास्तवसमेत वि. जिल्ला शिक्षा कार्यालय, बाँकेका जिल्ला अधिकारी देवेन्द्रराज खनालसमेत | ४ |
| ७. | उत्प्रेषण मिश्रित प्रतिषेध | रितादेवी साह वि. जनकपुर भन्सार कार्यालय, जनकपुरधाम | ४ |
| ८. | जालसाजी | सागर ओडसमेत वि. मिना कुमारी घर्ती (श्रेष्ठ) | ५ |
| **इजलास नं. ३** | | | **५ – ३७** |
| ९. | अंश | दिपक केशर सिंह वि. भरत केशरसिंहसमेत | ५ |
| १०. | बन्दी प्रत्यक्षीकरण | कृष्णबहादुर दर्लामी वि. महानगरीय प्रहरी परिसर टेकु, काठमाडौं | ७ |
| ११. | बन्दी प्रत्यक्षीकरण | फिरोज बाराही वि. उच्च अदालत पाटन, ललितपुर | ८ |
| १२. | बन्दी प्रत्यक्षीकरण | बिलबहादुर गुरूङसमेत वि. इलाका प्रहरी कार्यालय, आँबुखैरेनी तनहुँ र ऐ. कार्यालयका प्रमुखसमेत | ८ |
| १३. | उत्प्रेषणयुक्त परमादेश | अमृता कुमारी साह वि. मोरङ जिल्ला अदालत, विराटनगरसमेत | १० |
| १४. | बन्दी प्रत्यक्षीकरण | मुरारी साह तेली वि. महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेत | ११ |
| १५. | करारबमोजिम दायित्व पूरा गराई घर जग्गा एवं गाडीको स्वामित्व दिलाइपाउँ | श्रवणकुमार शर्मा वि. सुनिल श्रेष्ठ | १२ |

| | | | |
|---|---|---|---|
| १६. | ठगी | नेपाल सरकार वि. सुनिल श्रेष्ठ | १३ |
| १७. | भ्रष्टाचार (घुस / रिसवत) | दीपक कुमार कार्की वि. नेपाल सरकार | १४ |
| १८. | दर्ता नामसारी दर्ता बदर | बिनोदकुमार के.सी. वि. बबी खत्री | १५ |
| १९. | मोही दर्ता नामसारी प्रमाणपत्र | भवानीदेवी यादव वि. विकेश्वरप्रसाद विमल यादव, सुजेन्द्रप्रसाद जोन्छे वि. विकेश्वरप्रसाद विमल यादव | १६ |
| २०. | हक साफी | सुजेन्द्रप्रसाद जोन्छेसमेत वि. विकेश्वरप्रसाद विमल यादव | १६ |
| २१. | बन्दी प्रत्यक्षीकरण | विश्व न्यौपाने वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत | १७ |
| २२. | बन्दी प्रत्यक्षीकरण | बद्रीप्रसाद पौडेल वि. महानगरीय प्रहरी परिसर, काठमाडौं | १७ |
| २३. | बन्दी प्रत्यक्षीकरण | पवित्र देवी राई वि. उच्च अदालत, विराटनगरसमेत | १८ |
| २४. | बन्दी प्रत्यक्षीकरण | चित्रबहादुर के.सी. वि. उच्च अदालत पाटन, ललितपुर | १९ |
| २५. | लिखत बदर | पवित्रा आचार्यसमेत वि. श्यामकुमार आचार्यसमेत | १९ |
| २६. | बन्दी प्रत्यक्षीकरण | नविन तामाङको नाउँमा अजय शंकर झा "रूपेस" वि. चितवन जिल्ला अदालत | २१ |
| २७. | बन्दी प्रत्यक्षीकरण | शिवशंकर जैसवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत | २२ |
| २८. | बन्दी प्रत्यक्षीकरण | नगेन्द्र प्रसाद राजवंशी वि. झापा जिल्ला अदालत, भद्रपुर, झापासमेत | २२ |
| २९. | बन्दी प्रत्यक्षीकरण | रोशन लामा वि. नुवाकोट जिल्ला अदालतसमेत | २३ |
| ३०. | बन्दी प्रत्यक्षीकरण | डिलबहादुर तामाङ वि. महानगरीय प्रहरी वृत्त थानकोट, काठमाडौंसमेत | २४ |
| ३१. | परमादेश | कम्प्युटर वर्ल्ड प्रा.लि., काठमाडौं वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौंसमेत | २५ |
| ३२. | बन्दी प्रत्यक्षीकरण | सन्तोष कार्की वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत | २६ |
| ३३. | बन्दी प्रत्यक्षीकरण | महेन्द्र श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, तहसिल शाखा बबरमहल, काठमाडौं | २७ |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवु भन्ने देवेन्द्र काफ्लेसमेत | २८ |

| | | | |
|---|---|---|---|
| ३५. | निषेधाज्ञा | भिखर चौधरी मलाह वि. गुठी संस्थान शाखा कार्यालय, पर्सा | २९ |
| ३६. | निषेधाज्ञा | अन्जनी कुमार थापा वि. अस्मिन्द्र कुमार थापा | ३० |
| ३७. | निषेधाज्ञा, परमादेश | भुवनकुमार गौतम वि. नेपालगन्ज उपमहानगरपालिका, बाँकेसमेत | ३० |
| ३८. | अंश चलन | जितबहादुर कार्कीसमेत वि. रन्जना भनि चिनिने अनिता तिवारी (कार्की) | ३१ |
| ३९. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | राष्ट्रिय खेलकुद् परिषद्अन्तर्गत कैलाली जिल्ला खेलकुद विकास समिति, कैलाली वि. नेपाल सरकार | ३२ |
| ४०. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | नेपाल सरकार वि. होमबहादुर खड्का क्षेत्री | ३३ |
| ४१. | भ्रष्टाचार | नेपाल सरकार वि. अम्बिका गौतम | ३३ |
| ४२. | बन्दी प्रत्यक्षीकरण | भरतबहादुर बम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ३४ |
| ४३. | बन्दी प्रत्यक्षीकरण | कृष्णभक्त श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ३५ |
| ४४. | जालसाजी | रमेश सिं ठकुरिसमेत वि. सानु मैया ठकुरिसमेत | ३६ |
| **इजलास नं. ४** | | | **३८ – ५१** |
| ४५. | बन्दी प्रत्यक्षीकरण | रामकृष्ण राई वि. उच्च अदालत पाटनसमेत | ३८ |
| ४६. | कर्तव्य ज्यान | घडीमान राई वि. नेपाल सरकार | ३९ |
| ४७. | उत्प्रेषण परमादेशसमेत | परमेश्वर राय अमातसमेत वि. विष्णुलाल साहसमेत | ४० |
| ४८. | उत्प्रेषणमिश्रित परमादेश | लिला गुप्ता वि. जनकपुर चुरोट कारखाना लि. जनकपुरधाम, धनुषासमेत | ४२ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | सुस्मिता गुरूङ वि. विशेष सरकारी वकिल कार्यालय, माइतीघर, काठमाडौंसमेत | ४४ |
| ५०. | उत्प्रेषण / परमादेशसमेत | हुमप्रसाद खनाल वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | ४५ |
| ५१. | परमादेश | टेक प्रसाद राई वि. उमेश प्रसाद तेली | ४६ |
| ५२. | निर्णय दर्ता बदर दर्ता कायमसमेत | सिता भन्ने चित्र कुमारी दाहाल वि. ईश्वर बज्राचार्य | ४७ |
| ५३. | अबन्डा जग्गा बन्डा गरी हक कायम गरी दर्ता नामसारी गरिपाउँ | हनुमान मुराउ वि. मगरू मुराउसमेत | ४८ |

| | | | |
|---|---|---|---|
| **५४.** | निर्णय दर्ता बदर दर्ता कायमसमेत | सिता भन्ने चित्रकुमारी दाहालसमेत वि. ईश्वर बज्राचार्य | **४९** |
| **५५.** | अंश दर्ता | फिरोज मियाँ वि. अमना खातुनसमेत | **५०** |
| **इजलास नं. ५** | | | **५१ – ५६** |
| **५६.** | ठगी | नेपाल सरकार वि. तेजबहादुर गुरूङसमेत | **५१** |
| **५७.** | अंश दर्ता | जानकीदेवी ढकालसमेत वि. सीताकुमारी ढकालसमेत, रमादेवी ढकालसमेत वि. जानकीदेवी ढकाल, जयादेवी ढकालसमेत वि. जानकीदेवी ढकालसमेत | **५२** |
| **५८.** | बन्दी प्रत्यक्षीकरण | यादव भन्ने रामप्रसाद घिमिरे वि. बारा जिल्ला अदालतसमेत | **५५** |
| **५९.** | उत्प्रेषण | रबी हमाल ठकुरी वि. कुलपति, सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं | **५५** |
| **इजलास नं.६** | | | **५६ – ६०** |
| **६०.** | उत्प्रेषणयुक्त परमादेश | गुणादेवी लामिछाने वि. जिल्ला शिक्षा कार्यालय, काठमाडौंसमेत | **५६** |
| **६१.** | बन्दी प्रत्यक्षीकरण | रंजितकुमार सिंह वि. काठमाडौं जिल्ला अदालत, तहसिल शाखा, काठमाडौं | **५७** |
| **६२.** | कर्तव्य ज्यान | दिपेन मोक्तान वि. नेपाल सरकार, सविन भन्ने यादवप्रसद श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. सविन भन्ने यादवप्रसाद श्रेष्ठसमेत, सरून भन्ने गणेशबहादुर गुरूङ वि. नेपाल सरकार | **५८** |
| **६३.** | कर्तव्य ज्यान | सुनिता लामा वि. नेपाल सरकार | **५९** |
| **इजलास नं.८** | | | **६० – ४०** |
| **६४.** | कर्तव्य ज्यान | लालबहादुर विष्ट वि. नेपाल सरकार | **६०** |
| **६५.** | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. सम्जना राई | **६१** |
| **६६.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. राजबहादुर गुरूङ | **६२** |
| **६७.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. धनमाया पौडेलसमेत | **६३** |
| **६८.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. बिमला भण्डारी | **६४** |
| **६९.** | कर्तव्य ज्यान | मदन आलेसमेत वि. नेपाल सरकार | **६५** |
| **७०.** | रेड पाण्डाको छाला ओसारपसार तथा बिक्री वितरण | काजी तामाङ वि. नेपाल सरकार | **६७** |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-CI-०३१७, अंश, दानबहादुर घर्ती वि. चन्द्रकुमारी भुजेल (घर्ती)*

प्रतिवादी चन्द्रकुमारीका पति कृष्णबहादुरले कि.नं.७०३ को क्षेत्रफल ०-१५-१-३ को जग्गा मिति २०५६।०८।१५ मा र.नं.३०९५ को हालैदेखिको बकसपत्रको लिखतबाट पूर्णमायाबाट प्राप्त गरेकोमा उक्त लिखतउपर कोही कसैको उजुरी नपरेको र यी गंगाबहादुर र पूर्णमायालाई वादीहरूको तर्फबाट परेको अंश मुद्दामा प्रतिवादी कायम नगरेबाट गंगाबहादुर र पूर्णमाया र अन्य वादी प्रतिवादीहरू एकासगोलमा रहेको नदेखिएको अवस्थामा अंशियारबाहेकका पूर्णमाया घर्तीबाट जग्गा हालैदेखिको बकसपत्रको लिखतबाट हस्तान्तरण भएको देखिन्छ । सोही जग्गा प्रतिवादीका पति कृष्णबहादुरले गीता श्रेष्ठलाई मिति २०६९।०५।२६ मा र.नं.५६६(घ) को लिखतबाट राजीनामा पारित गरिदिँदासमेत वादीहरू र अन्य प्रतिवादीहरूसमेतको तर्फबाट उक्त लिखत बदरतर्फ कुनै उजुरी नपरेको र प्रतिवादी चन्द्रकुमारीले ऋण गरी उक्त जग्गा खरिद गरेको भन्ने मिसिल संलग्न बैंकको कागजात तथा स्टेटमेन्टबाट देखिएको अवस्थामा उक्त जग्गा प्रतिवादी चन्द्रकुमारीको निजी आर्जनको हुने हुँदा वादीहरूको हक नलाग्ने गरी उच्च अदालत पोखराबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नु नपर्ने।

अत: कि.नं.७०३ को जग्गा पाँच अंश लगाई पाँच भागको दुई भाग अंश वादीहरूले पाउने गरी कास्की जिल्ला अदालतबाट मिति २०७५।०१।३१ मा भएको फैसला केही नमिलेकोले उक्त फैसला आंशिक बदर भई कि.नं.७०३ को क्षेत्रफल ०-१५-१-३ जग्गा प्रतिवादीको निजी आर्जनको हुने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७६।०८।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कृष्णशोभा सुवाल
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७९ साल असोज २६ गते रोज ४ शुभम्।

- यसै लगाउका ०७७-CI-०३१८, ०७७-CI-०३१९, अंश, अम्बरबहादुर घर्ती वि. चन्द्रकुमारी भुजेल (घर्ती) समेत, रूद्रबहादुर घर्तीसमेत वि. चन्द्रकुमारी भुजेल घर्ती भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**२**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-WO-०२०४, उत्प्रेषणयुक्त परमादेश, कृष्णराज लिम्बु वि. सुनसरी जिल्ला अदालत, इनरूवा सुनसरिसमेत*

कुनै मुद्दा परेकोमा सो मुद्दाको सूचना दिई प्रतिवादको मौका दिनु म्यादको उद्देश्य हो। यसैले म्याद जसको नाउँमा जारी भएको वा हुने हो, निजको स्पष्ट वतन खुलाई कानूनबमोजिमको प्रक्रिया सम्पन्न गर्नुपर्ने हुन्छ । तामेल भई आएको म्याद नै मिसिल सामेल नभएमा उक्त म्याद रितपूर्वक रहे, नरहेको वा म्यादको समयावधि गणना गर्न सकिने अवस्था रहँदैन । म्याद हराएका कारण कुन मितिमा म्याद तामेल भएको एवम् उक्त म्याद रितपूर्वकको रहे, नरहेको भनी यकिनसाथ भन्न नसकिने अवस्था देखिएकाले र सोही कारणबाट निवेदकले निजउपरको अभियोग दाबीको कसुर नगरेको प्रमाणहरूसहित प्रतिवाद गर्ने अवसर प्राप्त गर्न पाउने भन्ने देखिएबाट निज निवेदकलाई कैद र जरिवानाको सजाय गरेको सुनसरी जिल्ला अदालतको फैसला सुनुवाइको मौकाको सिद्धान्त विपरीत हुने।

अत: निवेदक कृष्णराज लिम्बुको नाउँको म्याद तामेल भएको हो वा होइन भन्न सकिने प्रमाण मिसिल संलग्न नदेखिएकाले, विवादित म्याद नै मिसिल संलग्न नरही रीतपूर्वकको रहे नरहेको भन्न

नसकी सुनुवाइको मौका यकिन नभई कसुरदार ठहर गरेको फैसला निजको हकमा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब, निवेदक कृष्णराज लिम्बुलाई पुन: म्याद तामेल गरी मुद्दाको काम कारबाही अघि बढाउनु भनी विपक्षी सुनसरी जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: कृष्णशोभा सुवाल

इति संवत् २०७९ साल पुस १ गते रोज ६ शुभम्।

**३**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-WO-०९३९, उत्प्रेषण / परमादेशसमेत, बालकृष्ण अवाले वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत*

निवेदक बालकृष्ण अवालले आफ्नो नाउँको म्याद बेरितको भने तापनि उक्त म्याद निवेदकको बसोबास रहेकै ठेगानामा मुलुकी ऐन, अ.वं.११० नं. बमोजिमको प्रक्रिया सम्पन्न गरी तामेल भएको देखिन्छ। यसैगरी सो म्याद बेरितकै भए पनि काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।०८।१८ एवम् मिति २०७२।११।१३ मा फैसला भएकोमा निवेदकले अ.वं.२०८ नं.बमोजिमको म्यादभित्र प्रतिउत्तर दायर गरिपाउन निवेदन गरेको देखिँदैन। पछि फैसला भएको मिति २०७२।११।१३ ले पनि करिब दुई वर्षपछि अर्थात् मिति २०७४।०९।१३ मा मात्र उक्त निवेदन दिएको देखिन्छ । यस अवस्थामा निवेदकले दायर गरेको निवेदन अ.वं.२०८ नं. बमोजिमको अवधिभित्र दायर नभएकाले काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।०९।३१ तथा उच्च अदालत पाटनबाट काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।०९।३१ मा भएको सदर गर्ने गरी मिति २०७५।०१।१३ मा भएको आदेश कानूनसम्मत नै रहेको देखिने।

अत: माथि निवेदक बालकृष्ण अवालले काठमाडौं जिल्ला अदालतमा मुलुकी ऐन,अ.वं.२०८ नं.बमोजिम प्रतिउत्तर दायर गरिपाउँ भनी दिएको निवेदन उक्त २०८ नं. बमोजिमको म्यादभित्र नपरेको भनी मागबमोजिम गर्न नमिल्ने भनी काठमाडौं जिल्ला अदालत तथा उच्च अदालत पाटनबाट भएको आदेशमा कुनै कानूनी त्रूटि विद्यमान नरहेको र काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।०२।२९ मा तामेल भएको म्याद बेरितको मान्न नमिल्ने हुँदा निवेदन दाबीबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदकको निवेदन खारेज हुने।

इजलास अधिकृत: कृष्णशोभा सुवाल

इति संवत् २०७९ साल पुस १ गते रोज ६ शुभम्।

## इजलास नं. १

**४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७३-CR-१४४५, ०७३-CR-१४७०, ०७३-CR-१५३८, कर्तव्य ज्यान, विमल घिमिरे वि. नेपाल सरकार, विराज पराजुली वि. नेपाल सरकार, अनिल गुरूङ वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादीहरूको मृतक वरूण पुनसँग पुरानो रिसइवी रहेको भन्ने तथ्य पुष्टि हुन नसकेको, ज्यान मार्ने मनसायले कुटपिट गरेको भन्ने तथ्य पनि स्थापित हुन नसकी दुई पक्षको विचमा झगडा हुँदा हात हालाहालको स्थितिमा तत्काल उठेको रिसबाट वारदात भएको देखिएको, लुकी चोरीकन हानेको नभई वादविवादको बिचमा हानाहान भएको, जोखिमी हतियारले हानेको नभई साधारण लात मुक्का र हेलमेटको प्रहारबाट २७ दिनपछि उपचारको क्रममा रहँदा मृत्यु भएको भन्ने देखिएको स्थितिमा ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित हुने नभई १४ नं. को व्यवस्था आकर्षित हुने देखिने।

अतः प्रतिवादीहरूले मृतक वरूण पुनलाई ज्यान मार्ने मनसाय राखी कर्तव्य गरेको नभई मानसिक उद्विग्नता, उद्वेगद्वारा अकस्मात उत्तेजित

हुन गई रिसको झोँकमा हानेको लात मुक्काको प्रहार र हेल्मेटको चोटले मृतकको मृत्यु भएको देखिएकोले पुनरावेदक प्रतिवादीहरू अनिल गुरूङ, विमल घिमिरे र विराज पराजुलीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने गरी सुरू कास्की जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी उच्च अदालत पोखराबाट मिति २०७३।१०।२५ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम जनही १० (दश वर्ष) कैद सजाय हुने ठहर्छ। आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भन्ने पुनरावेदक / प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल भदौ २३ गते रोज ४ शुभम्।

**५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-WO-०५५१, उत्प्रेषण / परमादेश, सहिदा खातुन वि. भरत साह कलवारसमेत*

फेकु मियाले विपक्षी भरत साह कलवारबाट मिति २०७१।१०।१५ मा लिएको कर्जा निजको एकासगोलकी श्रीमती कुलिया देवी मंसुरसमेतले तिर्नु बुझाउनुपर्ने कुरालाई प्रस्ट पारेको छ । तर साहु भरत साह कलवारलाई कर्जा तिर्नु बुझाउनुपर्ने दायित्व सिर्जना हुन लागेपश्चात् कुलियादेवी मंसुरले आफ्नो नाममा भएको कि.नं. ११ र १२ समेतका जग्गा मिति २०७३।५।१४ मा हालैदेखिको बकस गरी छोरी निवेदिका सहिदा खातुनलाई दिएको देखिन्छ । निवेदिकाले आफू विवाहित छोरी भएको कारण फेकु मियाको एकासगोलको अंशियार नहुने हुँदा बकसबाट प्राप्त जग्गा रोक्का राख्ने सर्लाही जिल्ला अदालतसमेतको आदेशले संविधान र कानूनप्रदत्त सम्पत्तिसम्बन्धी हक प्रचलनमा असर पुगेको भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा मिति २०७३।५।१४ मा पारित गरेको हालैको बकसपत्रको अवलोकन गर्दा सो बकसपत्रमा कुलिया देवी मंसुरले एकासगोलकी छोरी सहिदा खातुनलाई रिझबापत बकसपत्रमा उल्लेख भएका जग्गा बकस दिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यसबाट पनि कुलिया देवी मंसुरले एकासगोलको जग्गा एकासगोलकी छोरीलाई बकस दिएको कुरा समर्थित भएको छ । यी यावत् तथ्यहरूले निवेदिकाले आमा कुलिया देवी मंसुरबाट विपक्षी भरत साह कलवारको कर्जा नतिर्ने नियतले जग्गा बकस गरी लिनु दिनु गरेको भन्ने नै देखिने।

फेकु मियाले मिति २०७१।१०।१५ मा कपाली तमसुक गरी विपक्षी भरत साह कलवारबाट लिएको कर्जा रकम तिर्ने बुझाउने दायित्व सिर्जना हुन लागेपश्चात साहुको ऋण असुलउपर हुन नसक्ने अवस्थामा पुऱ्याउने नियतले कुलिया देवी मंसुरले आफ्नो नामको सर्लाही जिल्ला मोहनपुर गा.वि.स. वडा नं. ७ अन्तर्गतको कि.नं. ११ र १२ समेतका जग्गा मिति २०७३।५।१४ गते एकासगोलकी छोरी सहिदा खातुनलाई असल नियत (GOOD FAITH) ले हालैदेखिको बकस गरिदिएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएन । मिसिल संलग्न तथ्यहरूबाट विपक्षी भरत साह कलवारको कर्जा रकम नतिर्ने नबुझाउने मनसाय राखी कुलिया देवी मंसुरले छोरीको नाममा जग्गा बकस गरेको कुरा पुष्टि भएको हुँदा सुरू सर्लाही जिल्ला अदालतले मिति २०७४।२।९ मा कि.नं. ११ र १२ को जग्गा रोक्का राख्ने गरी गरेको आदेश सदर गर्ने उच्च अदालत जनकपुरको मिति २०७५।२।१७ को आदेशमा कुनै कानूनी त्रूटि रहेको नदेखिएको साथै उक्त आदेशबाट निवेदिकाको संविधान प्रदत्त संवैधानिक हक र कानून प्रदत्त कानूनी

हकमा आघात पुगेको भन्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल वैशाख ६ गते रोज २ शुभम् ।

**६**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-WO-०९३३, उत्प्रेषण, भाइराजा श्रीवास्तवसमेत वि. जिल्ला शिक्षा कार्यालय, बाँकेका जिल्ला अधिकारी देवेन्द्रराज खनालसमेत*

रिट निवेदकहरू राहतको अस्थायी शिक्षक भएकोले निजहरूको नियुक्ति शिक्षा नियमावली, २०५९ (छैठौँ संशोधन, २०६७) को नियम ९६क.बमोजिमको शिक्षक छनौट समितिबाट सोही नियमावलीको नियम ९७ बमोजिम नै करारमा नियुक्ति हुने शिक्षक पद हो भन्ने देखिन्छ । यसबाहेक राहत शिक्षकमा नियुक्ति हुने अन्य कानूनी व्यवस्था रहेभएको देखिँदैन । उक्त नियम ९७ को उपनियम (२) मा "(२) उपनियम (१) बमोजिम प्राप्त सूचीमा रहेका उम्मेदवारहरूमध्येबाट व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्ने ।

(३) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारको शिक्षक पदमा नियुक्त हुन निवेदन नपरेमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्ने छ ।"...भन्ने र नियम ९७ को उप नियम (८) मा "उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले यसरी स्थायी पद पूर्ति नभएसम्मका लागि एक पटकमा छ महिनामा नबढाई करारको म्याद थप गर्न सक्ने छ ।..." भन्ने कानूनी व्यवस्था रहेको देखिएकोले निवेदकहरूको पि.सि.एफ. कोटाबाट राहतमा समायोजन पदस्थापन भएको भनिएको राहत कोटाको शिक्षकको नियुक्ति र कार्यरत पद मिति २०७१।१२।२४ गतेपछि यस नियमावलीबमोजिम पुनः नियुक्ति भएको वा म्याद थप भएको भन्ने नदेखिएको र त्यस्तो निवेदन दाबीसमेत रहेको नदेखिएकोले निवेदकहरूको सेवा समाप्त भइसकेको र सो अस्थायी प्रकृतिको पद भएकोले रिट निवेदनको औचित्य समाप्त भइसकेको अवस्थामा निवेदकहरूको संविधान एवं कानून प्रदत्त हकअधिकारमा आघात पुगेको भन्न सकिने अवस्था नदेखिएकोले निवेदन दाबीबमोजिम विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.११८९ मिति २०७१।१२।१३ को पत्रमा उल्लिखित मिति २०७१।९।२८ को निर्णय र विपक्षी जिल्ला शिक्षा कार्यालय, बाँकेको च.नं.२३३६ मिति २०७१।१२।२४ गतेको पत्रमा उल्लिखित निर्णय तथा जानकारी पत्रहरू बदर गर्नुपर्ने औचित्य रहेको नदेखिएकोले निवेदन दाबीबमोजिम परमादेशको आदेशसमेत जारी गरिरहनुपर्ने देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ ८ गते रोज ३ शुभम् ।

**७**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WO-०२१२, उत्प्रेषण मिश्रित प्रतिषेध, रितादेवी साह वि. जनकपुर भन्सार कार्यालय, जनकपुरधाम*

प्रस्तुत विवादमा बेचु कापरउपर चलेको मुद्दामा विपक्षी जनकपुर भन्सार कार्यालयले निवेदिका र वैभव फुड्सलाई मिति २०७७।५।१६ गते म्याद पठाएको भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ । तर सो म्याद तामेल भएर आएको देखिँदैन । विपक्षी जनकपुर भन्सार कार्यालयले आफूले

निवेदिकाको नाममा पठाएको म्याद तामेल भएर नआउदै मुद्दामा निर्णय गरेको देखिएको अवस्थाले सो कार्यालयले प्राकृतिक न्यायको सिद्धान्त र स्वच्छ सुनुवाइको सिद्धान्त अवलम्बन गरी निर्णय गरेको देखिएन। यसरी स्वच्छ सुनुवाइको सिद्धान्त र प्राकृतिक न्यायको सिद्धान्त अवलम्बन नगरी गरेको निर्णय मनोगत भै कायम रहन नसक्ने हुँदा विपक्षी जनकपुर भन्सार कार्यालयको मिति २०७७।८।१२ गतेको केराउ र गाडी जफत गर्ने निर्णय सो हदसम्म कायम रहन नसक्ने हुँदा नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर हुने देखिँदा विपक्षीको तर्फबाट बहस गर्नु हुने विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः बेचु कापरउपर चलेको ८३/०७७-७८ को मुद्दामा विपक्षी जनकपुर भन्सार कार्यालयको गाडी र केराउ जफत गर्नेलगायत निवेदिकाको हकमा भएको मिति २०७७।८।१२ गतेको निर्णय सो हदसम्म नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब बेचु कापरउपर चलेको ८३/०७७-७८ को मुद्दामा गाडि, केराउ जफत गर्नेलगायत निवेदिकाको हकमा भएको निर्णय सम्बन्धमा निवेदिका एवं वैभव फुड्सलाई म्याद/सूचना दिई जे जो बुझ्नुपर्दछ बुझी कानूनबमोजिम विवादको टुंगो लगाउनु भनी विपक्षी जनकपुर भन्सार कार्यालयको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ साल चैत्र ७ गते रोज २ शुभम्।

- यसै लगाउका ०७७-WO-०२१९, उत्प्रेषण मिश्रित प्रतिषेध, परमादेशसमेत, रितादेवी साहसमेत वि. जनकपुर भन्सार कार्यालय, जनकपुरधाम भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-०६२७, जालसाजी, सागर ओडसमेत वि. मिना कुमारी घर्ती (श्रेष्ठ)*

घर मूलीले घर व्यवहारको लागि ऋण लिएकोमा सो तिर्न नसकेकोले सो ऋण तिर्न उल्लिखित घर जग्गा बेच बिखन गरेको कार्य किर्ते कागजको ३ नं.को परिभाषाभित्र पर्ने देखिएन। किर्ते कागजको परिभाषाभित्रै नपर्ने कार्यलाई किर्ते कागजको परिभाषाभित्रको भनी मुलुकी ऐन किर्ते कागजको १८ नं. को हदम्याद कायम गरी अदालतसमक्ष आएकोसमेत मिलेको नदेखिने।

अतः जिल्ला कैलाली, टिकापुर नगरपालिका वडा नं.९ण को कि.नं.२३३ को व.मि. ३३८.६३ को जग्गा र सोमा बनेको घर र.नं. ३४९७ मिति २०७१/०९/२१ गतेको पारित राजीनामा लिखतबाट वादीहरूको हकजति ५ भागको २ भाग लिखत जालसाज घोषित गरी कैलाली जिल्ला अदालतबाट मिति २०७४/०३/२५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७६/०२/०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- राजकुमार आचार्य

इति संवत् २०७९ साल असोज २ गते रोज १ शुभम्।

## इजलास नं. ३

९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७४-CI-०५३५, अंश, दिपक केशर सिंह वि. भरत केशरसिंहसमेत*

वादीले सगोलमा रहेको भनी उल्लेख गरेका आफ्नो सौतेनी दाजु धर्मबहादुर सिंह र निजका छोराहरू भरतकेशर, राजकेशर, विराटकेशरका बिच नै मिति २०१६/८/९ मा बन्डापत्र लिखत खडा गरी अंशबन्डा गरिएको (काठमाडौं पोता रजिस्ट्रेसन अड्डाबाट बन्डापत्र पारित भएको) देखिन्छ । सो बन्डापत्र लिखतउपर वादीको अन्यथा दाबी रहेको देखिँदैन । यसपछि धर्मबहादुर सिंहका छोरा भरतकेशर र निज भरतकेशरका छोराहरूका बिचसमेत २०५५/३/१ मा अंशबन्डा लिखत पारित भएको देखिन्छ । उक्त लिखतउपर समेत यी वादी दिपककेशर सिंहको अन्यथा दाबी रहेको देखिँदैन; अर्थात् उल्लिखित २०१६ सालको तथा २०५५ सालको दुवै बन्डापत्र लिखत बदर बातिल नभई कायम नै रहेको देखिन्छ । यसरी तह-तह हुँदै भतिजा र नातिको तहमासमेत अंशबन्डा भइसकेको व्यवहारलाई दृष्टिगत गर्दा देवबहादुर सिंह र रणमान सिंहले आफ्नो अंश छुट्याई लिँदाको अवस्थामा यी वादी र निजकी आमासमेत धर्मबहादुरसँग सगोलमा नै रहेको भन्ने कुरा विश्वसनीय देखिँदैन । वादीको कथन अनुसार देवबहादुर सिंह र रणमान सिंहले के कति सम्पत्ति, कुन मितिमा बुझिलिएको र फिरादी दिपककेशर सिंहको के कति अंशको सम्पत्ति धर्मबहादुर सिंहको जिम्मा रहेको हो भन्ने सम्बन्धमा कुनै प्रस्ट दाबी गर्न सकेको नदिने ।

वादी प्रतिवादीहरूको व्यवहार प्रमाणको स्थिति हेर्दा वादी दिपककेशर सिंह प्रतिवादीहरूसँग सगोलमा नबसी धेरै पहिलेदेखि नै सुनसरी जिल्लाको इनरूवामा बस्दै आएको कुरा फिराद लेखबाट नै देखिएको छ । प्रत्यर्थी प्रतिवादीहरूका बिच तह-तह बन्डापत्र लिखत पारित गरी अंशबन्डा गरिएको तथ्य स्थापित रहेको छ । धर्मबहादुर सिंह नेपाली सेनामा काम गर्ने गरेका, तत्कालीन श्री ३ जुद्धशमशेरकी छोरी चैतन्य राज्यलक्ष्मीसँग निजको विवाह गर्दा प्राप्त गरेको दाइजो पेवाको रूपमा विभिन्न मितिमा लालमोहर तथा खड्ग निसाना जस्ता लिखतबाट सम्पत्ति प्राप्त गरेको र सोबाट बढे-बढाएको सम्पत्ति नै तह-तह अंशियारबिच बन्डापत्र भएको भन्ने प्रतिवादीहरूको प्रतिउत्तर जिकिरलाई अन्यथा मान्न सकिने मनासिब कारण देखिँदैन । सौतेनी दाजु र भतिजाकाबिच २०१६ सालमा नै खडा गरिएको बन्डापत्र कायम नै रहेको देखिँदा फिरादीका बाबु गजकेशर सिंहका चारवटी पत्नी र निजहरूका सन्तानहरू २०१६ सालभन्दा पहिले नै छुट्टाछुट्टै व्यवहार मिलाई छुट्टिई भिन्न-भिन्न बसेको भनी स्वाभाविक रूपमा मान्न सकिने अवस्था रहेको पाइयो । यस अवस्थामा अहिले नाति तहका व्यक्तिसमेतउपर गरिएको अंशको दाबीलाई मनासिब ठान्न मिल्ने नदेखिने ।

अत: वादी प्रतिवादीहरू एकाघर सगोलका अंशबन्डा गर्न बाँकी रहेका अंशियार हुन् भन्ने नदेखिएको, वादीकी आमासमेत २०१६ सालभन्दा पहिले नै छुट्टिई भिन्न बसेको कुरा व्यवहार प्रमाणबाट देखिएको हुँदा धर्मबहादुर सिंहका सन्तान (छोरा नातिहरू) बाट अंश दिलाइपाउँ भन्ने वादी दिपककेशर सिंहको दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू काठमाडौ जिल्ला अदालतबाट मिति २०७१/१/२२ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२/१०/१८ को फैसला मनासिब देखिएकाले सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर अपरेटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल चैत्र १ गते रोज १ शुभम् ।

यसै लगाउका मुद्दामा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-०५३६, लिखत बदर, दिपक केशर सिंह वि. ओमप्रसाद पौडेलसमेत
- ०७४-CI०५३७, नामसारी निर्णय बदर, दिपक केशर सिंह वि. भरतकेशर सिंहसमेत
- ०७४-CI-०५३८, लिखत बदर, दिपक

केशर सिंह वि. फणिन्द्र राज भट्टसमेत

- ०७४-CI-०५३९, लिखत बदर, दिपक केशर सिंह वि. विष्णु बहादुर सापकोटासमेत
- ०७४-CI-०५४०, लिखत बदर, दिपक केशर सिंह वि. सरिता प्रधानसमेत
- ०७४-CR-०७८६, जालसाज, दिपक केशर सिंह वि. सरिता प्रधानसमेत
- ०७४-CR-०७८९, जालसाज, दिपक केशर सिंह वि. भरतकेशर सिंहसमेत
- ०७४-CR-०७९०, जालसाज, दिपक केशर सिंह वि. ओमप्रसाद पौडेलसमेत
- ०७४-CR-०७८८, जालसाज, दिपक केशर सिंह वि. विष्णु बहादुर सापकोटासमेत
- ०७४-CR-०७८७, जालसाज, दिपक केशर सिंह वि. फणिन्द्र राज भट्टसमेत

१०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** *०७७-WH-०२६०, बन्दीप्रत्यक्षीकरण, कृष्णबहादुर दर्लामी वि. महानगरीय प्रहरी परिसर टेकु, काठमाडौं*

निवेदकलाई विनाकारण मिति २०७७/११/१२ गते पक्राउ गरी थुनुवा पुर्जीसमेत नदिई महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा राखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भनी निवेदन दाबी लिइएको पाइयो । निवेदकलाई अभद्र व्यवहार मुद्दामा अनुसन्धान गर्ने प्रयोजनको लागि कानूनको रीत र प्रक्रिया पूरा गरी पक्राउ गरी थुनामा राखिएको हो; मिति २०७७/११/२१ गते जिल्ला प्रशासन कार्यालयबाट थुनछेक आदेश भई निवेदक कृष्णबहादुर दर्लामी साधारण तारेखमा छुटेको र ठगी तथा सङ्गठित अपराध मुद्दामा निजको समेत संलग्नता भई अदालतबाट पटक पटक म्याद थप भई अनुसन्धान कार्य भइरहेकोले रिट निवेदन खारेज गरिपाउँ भनी लिखित जवाफमा उल्लेख भएको पाइने।

निवेदक कृष्णबहादुर दर्लामीलाई मिति २०७७/११/१२ गते पक्राउ गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा अभद्र व्यवहार मुद्दा दर्ता भई सो कार्यालयको मिति २०७७/११/२१ गतेको थुनछेक आदेशबाट निज साधारण तारेखमा छुटेको भन्ने देखिएकोले अभद्र व्यवहार मुद्दाको सन्दर्भमा थप विवेचना गरिरहन परेन । निवेदक कृष्णबहादुर दर्लामीलाई महानगरीय प्रहरी परिसर टेकु काठमाडौंले मिति २०७७।११।२१ गते नै पुनः अर्को मुद्दामा अनुसन्धान गर्न भनी थुनामा राखेको कार्य गैरकानूनी हो वा होइन ? भन्ने सन्दर्भमा दृष्टि दिनुपर्ने देखियो । सोतर्फ हेर्दा महानगरीय प्रहरी परिसर काठमाडौंले कृष्ण गोपाल श्रेष्ठसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रामचन्द्र पुडासैनीसमेत भएको ठगी तथा सङ्गठित अपराध मुद्दामा कृष्णबहादुर दर्लामीसमेतको संलग्नता रहेको भनी मिति २०७७/११/२१ गतेदेखि नै लागु गरी हुने जिल्ला अदालत काठमाडौंबाट थुनामा राख्ने अनुमति (म्याद थप) भएको देखिन्छ। यसरी थुनामा राख्ने अदालतलाई प्रत्यर्थीको रूपमा उल्लेख गरेको देखिँदैन। महानगरीय प्रहरी परिसर काठमाडौंको अनुरोधमा पछिल्लो पटक मिति २०७७/१२/२ गते ७ दिनको लागि काठमाडौं जिल्ला अदालतबाट म्याद थप भएकोसमेत देखिन्छ। कृष्णबहादुर दर्लामीलाई ठगी तथा सङ्गठित अपराध मुद्दामा पक्राउ गर्न कानूनबमोजिम पक्राउ पुर्जी तथा थुनुवा पुर्जीसमेत दिएको पाइयो। मुद्दा हेर्ने साधिकार निकायबाट ठगी तथा सङ्गठित अपराध मुद्दामा पटक पटक म्याद थपको अनुमति प्राप्त गरी मुद्दाको अनुसन्धान भइरहेको देखियो। सो प्रक्रियामा कुनै कार्यविधिगत त्रूटि गरेको भन्ने देखिँदैन । यसरी फौजदारी न्याय प्रक्रियाको सन्दर्भमा अनुसन्धानका लागि कानूनी प्रक्रिया पूरा गरी थुनामा राखिएको कुरालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिने।

अतः रिट निवेदक कृष्णबहादुर दर्लामीलाई अभद्र व्यवहार मुद्दामा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०७७/११/२१ गते साधारण तारेखमा छोड्ने आदेश भएको र ठगी तथा सङ्गठित अपराध मुद्दामा मिति २०७७/११/२१ गतेदेखि नै मुद्दामा अनुसन्धानका लागि थुनामा राख्ने गरी जिल्ला अदालतबाट अनुमति (म्याद थप) भई अनुसन्धान भइरहेको देखिँदा निजलाई गैरकानूनी रूपमा थुनामा राखेको मान्न मिलेन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति सम्वत २०७७ साल चैत्र २ गते रोज २ शुभम् ।

**११**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र श्री सपना प्रधान मल्ल,** *०७७-WH-०३७९, बन्दीप्रत्यक्षीकरण, फिरोज बाराही वि. उच्च अदालत पाटन, ललितपुर*

निवेदक फिरोज बाराहीलाई ०७४-PC-०४५३ को चेक अनादर मुद्दामा ३ महिना कैद र रू. ३,०००।- जरिवाना भएको तथा अष्टमान महर्जनको जाहेरीले नेपाल सरकार वादी र निवेदकसमेत प्रतिवादी भएको बैंकिङ कसुर मुद्दा (०७४-CB-०१८०) मा उच्च अदालत पाटनको मिति २०७६/०४/२८ को फैसलाले निवेदकलाई रू.१०,००,०००।- (दश लाख) जरिवाना र २ (दुई) दिन कैद हुने गरी फैसला भएको देखियो । उल्लिखित फैसलाहरूउपर निवेदक फिरोज बाराहीको पुनरावेदन परेको देखिएन । निवेदक फिरोज बाराहीलाई फैसला कार्यान्वयनको सिलसिलामा मिति २०७७/११/१९ मा प्रहरीले पक्राउ गरी पेस गरेको र ललितपुर जिल्ला अदालतको च.नं. ५९३४ मिति २०७७/११/१९ को पत्र अनुसार निजबाट असुल हुन बाँकी जरिवाना रू. ८,४६,१००।– बापत कैद म्याद ठेकी कारागार कार्यालय नख्खु, ललितपुरमा थुनामा राखिएको देखिने ।

निवेदकले बैंकिङ कसुर मुद्दा (०७४-CB-०१८०) मा पुनरावेदन गरेको देखिँदैन । यस अवस्थामा उच्च अदालतबाट भएको फैसला अनुसार ठहर भएको जरिवाना रकम भुक्तान गर्नु निवेदकको कानूनी दायित्व बन्दछ । अदालतबाट भएको फैसलामा चित्त नबुझेको कुरामा पुनरावेदन गर्न पाउने नै अवस्था रहेको थियो । पुनरावेदन पनि नगर्ने र भएको जरिवाना पनि भुक्तान नगर्ने प्रतिवादीलाई कानूनबमोजिम थुनामा राख्ने कार्यलाई गैरकानूनी मान्न मिल्ने देखिँदैन । जरिवाना गर्ने नगर्ने, तजविजी जरिवाना कति हुने भन्नेजस्ता विषयहरूको निरूपण सोही मुद्दाको रोहमा हुने हुन्छ । यस प्रकारका कुरालाई रिट निवेदनको विषय बनाउनु मनासिब नहुने ।

अतः अष्टमान महर्जनको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी निवेदकसमेत भएको बैंकिङ कसुर मुद्दा (०७४-CB-०१८०) मा उच्च अदालत पाटनबाट मिति २०७६/०४/२८ मा भएको फैसलाले लागेको जरिवानाबापतको रकम दाखिला नगरेका कारण निवेदक फिरोज बाराहीलाई कानूनबमोजिम थुनुवा पुर्जी दिई थुनामा राखेको देखिएकोले निवेदकलाई प्रत्यर्थीहरूले गैरकानूनी रूपमा बन्दी बनाएको भनी मान्न सकिने अवस्था देखिएन । तसर्थ निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल असार ६ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र श्री तेजबहादुर के.सी.,** *०७७-WH-०१५७, बन्दीप्रत्यक्षीकरण, बिलबहादुर गुरूङसमेत वि. इलाका प्रहरी कार्यालय, आँबुखैरेनी तनहुँ र ऐ. कार्यालयका प्रमुखसमेत*

निवेदकहरू लमजुङमा पक्राउ परेको, निजहरूउपर विष्फोटक पदार्थ तथा अवैध चन्दा मुद्दा

लमजुङ जिल्ला अदालतमा चलेको, सो मुद्दामा लमजुङ जिल्ला अदालतको आदेशबमोजिम निवेदकहरू धरौटी तारिखमा छुटेको कुरामा विवाद देखिएन । लमजुङ्ग जिल्ला अदालतबाट तारिखमा छुटेपछि लगत्तै अदालतको हाताबाट नै निवेदकहरूलाई पुनः पक्राउ गरी इलाका प्रहरी कार्यालय आँबुखैरेनी, तनहुँको हिरासतमा राखिएको भन्ने रिट निवेदन बेहोरा देखिन्छ । मिति २०७७/९/१ गते राति अं. २२:३० बजेको समयमा आँबुखैरेनी चोक स्थित सार्वजनिक स्थानमा डियुटीमा खटिएको प्रहरी टोलीलाई बाधा गरेको र अभद्र व्यवहार गरेको भनी निवेदकहरूलाई पक्राउ गरिएको भन्ने प्रत्यर्थीहरूको जिकिर रहेको पाइयो । निवेदकहरूलाई जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरेको र अभद्र व्यवहार मुद्दा दर्ता गरी मुद्दा हेर्ने अधिकारीबाट म्याद थप लिई अनुसन्धान भइरहेको भन्नेसमेत लिखित जवाफ बेहोरा रहेको देखिने ।

लिखित जवाफमा निवेदकहरूले प्रहरी कर्मचारीहरूलाई के कसरी अभद्र व्यवहार गरेको हो भनी प्रस्ट बेहोरा तथ्यगत रूपमा खुलाउन सकेको देखिएन । लमजुङ्गमा हिरासतमा रहेका र अदालतबाट तारिखमा छुटेपछि तत्काल अदालत परिसरबाट नै पुनः पक्राउ गरिएको भन्ने निवेदकहरूको जिकिर रहेको देखिन्छ । यस अवस्थामा निवेदकहरूलाई राति अं. २२:३० बजेको समयमा आँबुखैरेनी चोक स्थित सार्वजनिक स्थानमा डियुटीमा खटिएको प्रहरी टोलीको कार्यमा बाधा विरोध गरेको र अभद्र व्यवहार गरेको भनी पक्राउ गरेको कुरा विश्वासप्रद देखिँदैन । निवेदकहरूलाई जरूरी पक्राउ पुर्जी दिनुपर्नेसम्मको अवस्था पनि पुस्टि हुन आएको पाइएन । कथित अनुसन्धानका लागि भनी प्रहरी हिरासतमा राख्न म्याद थप (अनुमति) माग गर्दा तथा अनुमति प्रदान गर्दासमेत कुनै उचित आधार र कारण खुलाइएको पाइएन । यसका अतिरिक्त निवेदकमध्येका जंगबहादुर भण्डारीले यस अदालतमा दायर गरेको बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा निजलाई थुनामुक्त गर्ने गरी यस अदालतबाट बन्दीप्रत्यक्षीकरण (०७६-WH-००७१) को आदेश जारी भएकोसमेत देखिन्छ । तथापि, पुनः कुनै बहाना बनाई र अत्तो थापी निजलाई पटक पटक पक्राउ गरिएको देखिन्छ । यसरी निजलाई एकपछि अर्को अभियोग लगाएर थुनामा राखिएको देखिँदा प्रत्यर्थीहरूले प्रवृत्त धारणा राखी बन्दी बनाउने कार्य गरेको देखिन आयो । अदालतको आदेशपश्चात् पनि पुनः पुनः बहानाबाजी गरेर बन्दी बनाउने कार्य भएको देखिँदा प्रत्यर्थीहरूको कार्य अनुचित र आपत्तिजनकसमेत देखिन आउने ।

अतः निवेदकहरूलाई प्रवृत्त धारणा राखी तथा कानूनी प्रक्रियासमेत पूरा नगरी बन्दी बनाएको देखिनुका साथै अदालतको आदेशपश्चात् पुनः तत्काल पक्राउ गरी बन्दी बनाएको देखिँदा यस प्रकारको थुनालाई कानूनअनुकूल मान्न मिलेन । निवेदकहरूलाई गैरकानूनी तबरबाट बन्दी बनाएको देखिँदा निज निवेदकहरू विलबहादुर गुरूङ, दुर्गालाल तामाङ, नारायण बहादुर कुवँर, सुजन थापा, रविन्द्र नखोला र जङ्गबहादुर भण्डारिसमेत ६ जनालाई आज तत्काल यस अदालतका रजिस्ट्रारको रोहबरमा थुनाबाट मुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

प्रस्तुत विवादका सन्दर्भमा हेर्दा अदालतबाट आदेश भएपश्चात् पनि पुनः बहानाबाजी गरेर पक्राउ गरी जसरी पनि थुनामा राख्ने प्रवृत्ति प्रत्यर्थीहरूले राखेको देखिन आएको छ । यस प्रकारको प्रवृत्ति अनुचित, अवाञ्छित र आपत्तिजनकसमेत देखिन्छ । यस प्रकारको स्वेच्छाचारी प्रवृत्ति दोहोरिन गएको पाइएमा सम्बन्धित अधिकारीहरूलाई कानूनी जवाफदेहिता वहन गराउनुपर्ने अवस्था स्वाभाविक रूपमा आउने हुन्छ । तसर्थ, अदालतको आदेश प्रतिकूल हुने गरी बहानाबाजी वा अटेर गरी निवेदकहरूलाई पुनः पक्राउ

गर्ने, थुनामा राख्ने कार्य भएमा नेपालको संविधानको धारा १२८(४) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १७ बमोजिम कारबाही हुने बेहोराको जनाउ नेपाल सरकार, गृह मन्त्रालयका सचिव र प्रहरी महानिरीक्षकलगायतका प्रत्यर्थीहरूलाई दिने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर अपरेटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल पौष १३ गते रोज २ शुभम्।

**१३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री वमकुमार श्रेष्ठ,** *०७६-WO-०१८५, उत्प्रेषणयुक्त परमादेश, अमृता कुमारी साह वि. मोरङ जिल्ला अदालत, विराटनगरसमेत*

निवेदिका अमृता कुमारी साहले प्रत्यर्थी अनिल साहसमेतउपर दायर गरेको मानाचामल मुद्दामा निज वादी अमृता कुमारी साहले मानाचामलबापत प्रत्यर्थीसमेतबाट मासिक रू. ६,०००।– भरी पाउने ठहरी मोरङ जिल्ला अदालतबाट फैसला भएको, सो फैसला उच्च अदालत विराटनगरबाट समेत सदर भएको र सोही फैसला अन्तिम भई बसेको देखियो। फैसला बमोजिम मानाचामल बापतको रकम भराइपाउँ भनी निवेदिकाले राजमुनी देवी साहको नाउँमा दर्ता कायम रहेको जिल्ला मोरङ कञ्चनवारी वडा नं. ६ कि.नं. १४८२ को ज.वि. ०-०-९१/२ घर-जग्गा देखाइ मोरङ जिल्ला अदालतमा निवेदन दिएको देखिन्छ। मानाचामल भरिभराउ गरिदिने सिलसिलामा उक्त जग्गाको मूल्य "प्रतिधुर रू. आठ लाख" र घरतर्फको मूल्य रू. सोह्र लाख कायम गरी मूल्याङ्कन गरिएको पाइयो। प्रमाणमा रहेका कागजात हेर्दा प्रत्यर्थी अनिल साहले अंश चलन मुद्दामा तायदाती फाँटवारी पेस गर्दा उल्लिखित कि.नं. १४८२ को घर-जग्गाको मूल्य रू. ६,००,०००।– भनी उल्लेख गरेको देखिन्छ। मालपोत कार्यालय मोरङले रजिस्ट्रेसन प्रयोजनको लागी उक्त जग्गाको मूल्य "प्रतिकट्ठा रू. पैँतिस लाख" कायम गरेको देखिन्छ भने प्रत्यर्थी/प्रतिवादी अनिल साहले नगरपालिकामा कर तिर्ने प्रयोजनको लागि उक्त जग्गाको मूल्य रू. १४,७२,५००।– र घरको मूल्य रू. १०,७९,२१२।५० गरी जम्मा रू. २५,५१,७५२।५० भनी उल्लेख गरेको देखिन्छ। अदालतबाट "प्रतिधुर रू. आठ लाख" भनी स्वाभाविकभन्दा अत्यधिक बढी मूल्य कायम गरिनुको कुनै वस्तुगत र न्यायोचित आधार खुल्न आएको देखिएन। मूल्याङ्कन प्रक्रियामा मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ५७ मा व्यवस्थित अनिवार्य रूपमा पालना गर्नुपर्ने प्रक्रियाकोसमेत अनुशरण गरिएको नपाइने।

मानाचामल मुद्दा विशेष प्रकृतिको मुद्दा हो। तत्काल भरण-पोषणको कुरामा पारिवारिक समस्या पैदा भएपछि मानाचामल भराइदिनुपर्ने अवस्था आएको हुन्छ। विषयवस्तुको संवेदनशीलतालाई दृष्टिगत गरेर कतिपय अवस्थामा छुट्टै मानाचामल मुद्दा नचलाइएको अवस्थामा पनि अन्य मुद्दाको सन्दर्भमा पनि अदालतले विवेकपूर्ण तजबिज प्रयोग गरी मानाचामल भराइदिने गरेका न्यायिक अभ्याससमेत रहेको पाइन्छ। यस अवस्थामा कानूनका सामान्य प्रक्रियागत छिद्रहरूलाई अगाडि सारेर पारिवारिक समस्या पैदा भएको परिणामस्वरूप केही सामान्य रकम मानाचामलबापत पाउने गरी अदालतबाट भएको फैसलाअनुसारको न्यायिक उपचार उपभोग गर्नबाट बञ्चित हुने गरी अनुचित, अवाञ्छित र विवेकहीन आदेश हुनु शोभनीय देखिँदैन। यस प्रकारको प्रवृत्तिबाट न्यायको उपभोग गर्न बञ्चित गरेको परिणाम पैदा हुन जान्छ। केही लाखको सम्पत्तिलाई करोडभन्दा बढीको मूल्य देखाएर परिणामत: मानाचामल भरिभराउ नगर्ने विवादका पक्षको जालझेलपूर्ण व्यवहारलाई अदालतले समेत मान्यता प्रदान गर्नु न्यायिक मर्यादा अनुकूलको कार्य हुँदैन। तर; दुर्भाग्यवस; रिट निवेदिका अमृता

कुमारी साहले मानाचामल भरिभराउ गरी पाउने ठहर फैसला भएको लामो समयसम्म पनि विविध प्रकारका कानूनी अड्चन र जटिलताहरूका बिच मानाचामलको प्रतिक्षा गर्नुपरेको अवस्था देखियो । यसबाट गम्भीर अन्यायको अवस्था पैदा हुन पुगेको छ र यस प्रकारको अन्यायको स्थितिलाई अदालतले तत्काल विशेष रूपमा संवेदनशील भएर संवोधन गर्नु आवश्यक देखिने।

अत: मोरङ जिल्ला अदालतका तहसिलदारले गरेको मिति २०७६/१/३० को पञ्चकृते मूल्याङ्कन, सो मूल्याङ्कनलाई सदर गरेको मोरङ जिल्ला अदालतको मिति २०७६/२/३१ को आदेश तथा सो आदेश सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७६/४/१६ को आदेशसमेत अनुचित, हचुवा र कानूनी रूपमा त्रूटिपूर्ण देखिएको र सो आदेशको परिणामस्वरूप निवेदिकाले लामो समय मानाचामलका लागि प्रतीक्षा गर्नुपरेको देखिएकाले उल्लिखित आदेशहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब फैसलाबमोजिम निवेदिका अमृता कुमारी साहले पाउने मानाचामलबापतको रकम प्रत्यर्थी अनिल साहलाई यो आदेशको जनाउ दिइएको मितिले १५ (पन्ध्र) दिनभित्र नगद दाखिल गर्न ल्याएमा सोही रकमबाट भराइदिनु; सो अवधिभित्र भरिभराउ गर्नुपर्ने मानाचामलको रकम निजले दाखिल गर्न नल्याएमा निवेदिकाले उल्लेख गरेको जिल्ला मोरङ, कञ्चनवारी वडा नं. ६ कि.नं. १४८२ को ज.वि. ०-०-९१/२ को घर-जग्गालगायत प्रत्यर्थी अनिल साहको अन्य कुनै चल अचल सम्पत्तिबाट निवेदिका वादीले स्वेच्छाले खुलाएको मूल्यलाई नै सो सम्पत्तिको वास्तविक मूल्य कायम गरी मोरङ्ग जिल्ला अदालतमा यो आदेशको जनाउ प्राप्त भएका मितिले २ (दुई) महिनाभित्र निज निवेदिकालाई मानाचामल रकम भरिभराउ गर्ने कार्य सम्पन्न गर्नु, गराउनु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः विनोद प्रसाद घिमिरे

कम्प्युटर: विजय खड्का

इति संवत २०७८ साल साउन २४ गते रोज १ शुभम् ।

## १४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७७-WH-०४२१, बन्दीप्रत्यक्षीकरण, मुरारी साह तेली वि. महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेत*

जमुना चापागाई (घिमिरे) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदक मुरारी साह तेलीसमेत भएको ठगी मुद्दामा भोजपुर जिल्ला अदालतमा अभियोगपत्र दायर भएको र निज निवेदक सो मुद्दाका सिलसिलामा जिल्ला अदालतको आदेशबमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा रहेको तथ्यमा विवाद देखिएन। मुद्दामा कारबाहीको सिलसिलामा जाहेरवाला र निवेदक (प्रतिवादी) मुद्दामा मिलापत्र गर्न मन्जुर (सहमति) भएको र मिलापत्र प्रयोजनका लागि संयुक्त निवेदन दिएकोसमेत पाइयो । सो निवेदन अनुसार मिलापत्र गर्ने प्रयोजनका लागि जिल्ला सरकारी वकिल कार्यालय भोजपुरले आवश्यक निर्णय/निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाएको र महान्यायाधिवक्ताको कार्यालयबाट मिलापत्र गर्न सहमति नदिने भनी निर्णय भएको पाइयो । यसपछि मुद्दामा मिलापत्र गर्न नपाएकाले थुनामा बस्नु परेको र आफ्नो हकमा आघात परेको भनी प्रस्तुत रिट निवेदन पर्न आएको देखिने।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा "सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारीसम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराइपाउँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो

बेहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने छ" भनी उल्लेख भएको देखिन्छ। उल्लिखित प्रावधान अनुसार "सर्वसाधारणको ठगी" भएको कसुरमा "प्रतिवादी र पीडित दुवैले मिलापत्र गराइपाऊँ भनी सम्बन्धित सरकारी वकिल समक्ष दिएको निवेदनउपर कारबाही हुँदा त्यस्तो बेहोरा मनासिब लागेमा" महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने देखिन्छ । यसको तात्पर्य जुनसुकै प्रकारको ठगी मुद्दामा प्रतिवादी पक्षले मिलापत्र गर्न पाउनुपर्दछ भनी दाबी गर्न मिल्ने देखिँदैन। पक्षले माग वा दाबी गरेपनि महान्यायाधिवक्ताले मिलापत्र गर्ने गरी आदेश दिनै पर्दछ भन्ने बाध्यात्मक व्यवस्था रहेको पनि देखिँदैन । मिलापत्र गर्नका लागि आदेश दिने वा नदिने विषय सामान्यतया: महान्यायाधिवक्ताको तजबिजी अधिकारको कुरा हो । निजले उक्त अधिकारको प्रयोग गर्दा अवश्य नै सद्विवेकको प्रयोग गर्नुपर्ने हुन्छ। तथ्य, प्रमाण, र परिस्थितिहरूको उचित मूल्याङ्कन गरेर नै निकासा दिने कुराको निरूपण हुनु न्यायिक मर्यादा अनुकूल पनि हुन्छ । कसैप्रति कुनै पूर्वाग्रह राखेर उल्लिखित अधिकारको प्रयोग गरिँदैन भन्ने पनि स्वभाविक न्यायिक अपेक्षा रहन्छ। उल्लिखित कुराहरूका सन्दर्भमा हेर्दा प्रस्तुत विवादका सन्दर्भमा त्यस प्रकारको स्थिति विद्यमान रहेको देखिएन। मिति २०७८/३/१० मा निर्णय गर्दा विवादित विषयवस्तुको तथ्यगत सन्दर्भ र कसुर गर्दाको तरिका जस्ता कुराहरूको मूल्याङ्कन गरी मुद्दामा मिलापत्र गर्न आदेश नदिने भनी निर्णय भएको देखियो । यस प्रकारको निर्णयलाई अनुचित भनी मान्न मिल्ने उचित कारण नदेखिने।

अतः महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दामा मिलापत्र गर्न आदेश नदिने गरी भएको मिति २०७८/३/१० को निर्णय कानूनअनुरूप नै भएको देखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी मिलापत्र गर्ने अनुमति दिनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर अनुसार आदेश जारी गर्न मिलेन । निवेदकलाई नियमित फौजदारी न्याय प्रक्रियाको सन्दर्भमा साधिकार अदालतको आदेशले मुद्दामा पुर्पक्षका लागि थुनामा राखेको देखिँदा सो थुनालाई गैरकानूनी मान्न मिल्ने नदेखिएकाले बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विनोद प्रसाद घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल श्रावण २४ गते रोज १ शुभम्।

**१५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CI-१५३७, करारबमोजिम दायित्व पूरा गराई घर जग्गा एवं गाडीको स्वामित्व दिलाइपाउँ, श्रवणकुमार शर्मा वि. सुनिल श्रेष्ठ*

प्रस्तुत मुद्दाको प्रकृतिबाट यस मुद्दामा करार ऐन, २०५६ को दफा ८९(२)(घ) बमोजिम "मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएका मितिले दुई वर्षभित्र" नालिस गर्नुपर्ने भन्ने हदम्याद आकर्षित हुने अवस्था देखिन्छ । विवादित करारको लिखत मिति २०६७/३/१४ मा भएको देखिदा सोको १० दिन अर्थात् २०६७/३/२४ सम्म करारको पालना गर्ने सर्त अवधि (भाखा) तोकिएको अवस्था भएकाले सो मिति समाप्त भएपछि दुई वर्षको हदम्याद प्रारम्भ भएको देखिन्छ । उक्त दुई वर्ष अवधिको हदम्याद कायम छँदै श्रवणकुमार शर्मा झुठ्ठा विवरण पेस गरी नेपाली नागरिकता लिएको भन्ने ०६८-CR-००७७ को मुद्दामा मिति २०६८/६/२५ मा पक्राउ परी थुनामा रहेको र मिति २०६९/१२/७ मा भएको फैसला अनुसार निजले सफाइ पाई मिति ०६९/१२/८ मा थुनाबाट छुटेको भन्ने देखिएको छ । मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ४३ नं. मा "हदम्यादभित्र नालिस गर्नुपर्ने मानिस सरकारी काजमा खटिई अन्त कही जाँदा वा आफू असाध्य भई थलिँदा वा केही

बेहोराले कही थुनिदा हदम्याद नाघेछ भने काजबाट फर्की आइपुगेका वा निको भएका वा फुर्सद भएका पैँतिस दिनभित्र नालिस दिए लाग्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । हदम्याद बाँकी छदै थुनामा परेको र छुटेको मिति ०६९/१२/८ ले ३५ दिनभित्रै अर्थात् मिति २०७०/१/८ मा ललितपुर जिल्ला अदालतमा प्रस्तुत करारसम्बन्धी मुद्दाको फिरादपत्र दायर भएको पाइयो । तसर्थ प्रस्तुत मुद्दा हदम्याद नाघेपछि दायर भएको रहेछ भनी मान्न मिल्ने नदेखिने ।

अतः हदम्यादभित्र नालिस नपरेको भनी मुद्दा खारेज हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२/४/२० को फैसला त्रूटिपूर्ण भएकाले उल्टी हुन्छ । फिरादपत्र हदम्यादभित्र नै परेको देखिदा अब यसमा निवेदक सुनिल श्रेष्ठ विरूद्ध श्रवणकुमार शर्मासमेत भएको ०६६-WO-१३४४ को रिट निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०६८/२/१८ मा भएको आदेशका सन्दर्भमा मिति २०६७/३/१४ मा भएको भनिएको करारनामा लिखतले कानूनी मान्यता पाउने वा नपाउने के हो ? यदि सो करार लिखतले कानूनी मान्यता पाउने हो भने सो करारनामा लिखत अनुसार वादी दाबीको सम्पत्तिको हक हस्तान्तरण हुन सक्ने वा नसक्ने के हो ? प्रचलिन कानून तथा यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतलाई दृष्टिगत गरी विवादको तथ्यमा प्रवेश गरी इन्साफ (निर्णय) गर्नु भनी उपस्थित रहेका पक्षलाई तारिख तोकी सुरू तथा पुनरावेदन तहका सक्कल मिसिलहरूसमेत उच्च अदालत पाटनमा पठाइदिने ।

इजलास अधिकृत: रूद्र प्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल फाल्गुण २१ गते रोज ६ शुभम् ।

**१६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०६८-CR-१२५१, ठगी, नेपाल सरकार वि. सुनिल श्रेष्ठ*

जाहेरवाला श्रवणकुमार ऋणी भई युनियन फाइनान्सबाट शर्मा क्याटरिङको नाममा बा.३च ७५७६ नं. को टाटा मोबाइल गाडी किनी चलाएको देखियो । मिति २०६०/५/३१ गते सो गाडी प्रतिवादी सुनिल श्रेष्ठको नाउँमा यातायात व्यवस्था कार्यालयबाट नामसारी भएकोसमेत पाइयो । यसरी नामसारी गर्ने प्रक्रियामा किर्ते सही गरिएको भन्नेसमेतका कुराहरू उल्लेख गरी ठगी भएको भनी उजुरी परेको र अभियोगपत्र दायर भएको देखिन्छ । तर किर्ते कागज तयार गरेकोतर्फ कुनै दाबी गरिएको वा मुद्दा चलाइएको पाइएन । प्रमाणमा पेस भएको सवारी दर्ता उतारबाट विवादित ७५७६ नं. को गाडी मिति २०५८/६/२ मा नै सुनिल श्रेष्ठका नाममा कायम रहेको भन्ने देखिन्छ । यसका अतिरिक्त प्रस्तुत मुद्दाको जाहेरी दर्खास्त पर्नुअगाडि नै मिति २०६७/३/१४ मा सुनिल श्रेष्ठको नामको गाडीको आधा स्वामित्व जाहेरवाला श्रवणकुमारमा सार्ने गरी सम्झौता भएको भनी यसै लगाउमा रहेको करारबमोजिम दायित्व पूरा गरी घर जग्गा तथा गाडीको स्वामित्व फिर्ता गरिपाउँ भनी यिनै जाहेरवाला र यिनै प्रतिवादीबिच चलेको मुद्दाबाट देखिन आउँदछ । ठगी गरी नोक्सानी पारेको भनिएको गाडी ठगीमा जाहेरी दिनुअगाडि नै प्रतिवादी सुनिल श्रेष्ठबाट जाहेरवालाले आफ्नो नाममा आधा हिस्सा ल्याउने गरी सम्झौता गरेको भन्ने देखिँदा सोसमेतका तथ्य र व्यवहारबाट जाहेरवाला र प्रतिवादीबिच देवानी प्रकृतिको व्यवहार भएको कुरा पुस्टि भएको देखिने ।

समग्र तथ्य, घटनाक्रम र पक्षहरूको व्यवहारतर्फ दृष्टिगत गर्दा जाहेरवाला र प्रतिवादीकाबिच देवानी (करारीय) प्रकृतिको व्यवहार भएको भन्ने देखिन आएको छ । प्रतिवादी सुनिल श्रेष्ठकै नाउँमा रहेको गाडीको विषयमा निजैले ठगी गरेको भन्नु मनासिब हुँदैन । ठगीको कसुर प्रमाणित हुने भरपर्दो र

विश्वसनीय प्रमाण अभियोजन पक्षले पुऱ्याउन सकेको देखिँदैन। पक्षहरूका बिच भएको व्यवहारमा केही कमी-कमजोरी रहेको, कुनै लिखत कागजात नमिलेको वा फोटोकपी लिखतको हस्ताक्षर नभिडेको भन्ने जस्ता कुराहरूका आधारमा ठगीको कसुर ठहर गर्नु मनासिब हुँदैन । तसर्थ, प्रतिवादीले ठगीको अभियोगदाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८/१०/२४ मा भएको फैसला मनासिब देखिएकाले सदर हुने।

इजलास अधिकृत: रूद्र प्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल फाल्गुण २१ गते रोज ६ शुभम्।

**१७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-१२४१, भ्रष्टाचार (घुस/रिसवत), दीपक कुमार कार्की वि. नेपाल सरकार*

यस अदालतको संवैधानिक इजलासबाट अधिवक्ता विष्णुप्रसाद घिमिरे वि. सङ्घीय संसद्समेत भएको ०७४-WC-००२० को रिट निवेदनका सन्दर्भमा मिति २०७८/१/८ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नेपालको संविधानको धारा १३३ को उपधारा (१) बमोजिम मिति २०७८ साल वैशाख ८ गतेदेखि लागु हुने गरी अमान्य र बदर हुने भनी निर्णय भएको देखिन्छ । सो आदेश (फैसला) मा निम्न बेहोरासमेत उल्लेख गरिएको छ:

"उल्लिखित नियम ३० लाई प्रमाण सङ्कलन गर्ने विभिन्न माध्यम वा तरिकामध्ये एउटा उपायको रूपमा सम्म अपनाइएको देखियो । मुद्दामा उक्त नियम ३० बमोजिम बाहेक अन्य तवरबाट सङ्कलन गरिएका प्रमाण पनि रहेका हुन्छन् । सो नियम ३० अमान्य र बदर हुँदैमा अदालतमा विचाराधीन मुद्दा स्वतः समाप्त हुने वा खारेज हुने वा भए गरिएका सम्पूर्ण काम कारबाहीहरू प्रारम्भदेखि नै अमान्य र बदर हुने होइनन्। न्यायिक प्रक्रियामा रहेका विवादको निरूपण गर्ने नियमित विधि/पद्धति निर्धारित छन् । नियम ३० लाई अमान्य र बदर भनी घोषित गरिएकोसम्मको कारणबाट अदालतमा विचाराधीन मुद्दा नै खारेज हुनुपर्दछ भन्न वा सबै काम कारबाही अमान्य र बदर हुन्छन् भन्ने सम्झन मिल्दैन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनका आधारमा आरोप दाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ। यसरी न्याय निरूपण गर्दा हाल मुद्दाको सुनुवाइ अन्तिम भई नसकेका वा न्यायिक प्रक्रियामा रहेका विवादका सन्दर्भमा उपर्युक्त अनुसार अमान्य र बदर घोषित गरिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार सङ्कलन गरिएको अर्थात, प्रत्यर्थी आयोग स्वयम्ले नै दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो। केवल यही कारणबाट मुद्दा नै खारेज हुने वा भए गरिएका सबै काम कारबाही बदर नहुने।

प्रतिवादी दीपक कुमार कार्कीबाट बरामद भएको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै उपलब्ध गराएको सरकारी कोषको रकम हो भन्ने देखिएको छ । आफूले स्वेच्छाले रकम लिएको होइन, जबरजस्ती फसाइएको हो भनी प्रतिवादीले बयान गर्दा जिकिर लिएको देखिन्छ। यस अवस्थामा ०७४-WC-००२० को रिट निवेदनका सन्दर्भमा प्रतिपादित सिद्धान्तका दृष्टिले हेर्दा बदर हुने ठहर भएको नियम ३० को आधारमा प्र. दीपक कुमार कार्कीबाट बरामद गरिएको रू. २०,०००।- र सोसम्बन्धी मुचुल्कालाई प्रमाणमा ग्रहण गर्न मिल्ने देखिँदैन । सो बरामदी तथ्यबाहेक उजुरवाला र प्रतिवादीबिच भएको भनिएको फोन कल विवरण र उजुरवाला सरोज लामा भन्ने युवराज तामाङलाई अभियोजन पक्षले प्रमाणको रूपमा प्रस्तुत गरेकोसम्म देखिन्छ । फोन-कल विवरणबाट उजुरवाला र प्रतिवादीबिच केही पटक फोन सम्पर्क

भएको भन्ने देखिए तापनि सो फोन सम्पर्कबाट रिसवतको रकम माग्ने कार्य नै गरिएको थियो भनी मान्न सकिने कुनै वस्तुगत वा तार्किक आधार देखिँदैन । उजुरवाला सरोज लामा भन्ने युवराज तामाङको कथन पूर्वाग्रह-प्रेरित र प्रतिवादीलाई फसाउने प्रकृतिको होइन भनी मान्न सकिने पर्याप्त आधार पनि देखिन आउँदैन। दुई दिनअगाडि (१३ गते) नै अदालतमा अभियोगपत्र दायर भइसकेको र १४ गते सम्बन्धित मानिस अदालतबाट तारिखमा छुटिसकेको कुरालाई लिएर १५ गते सोही कामका लागि रकम माग गरेको र दिएको भनी उजुरीकर्ताले उल्लेख गरेको तथ्यले पूर्वाग्रहको सङ्केत गरेको देखिन्छ । वस्तुत: कर्मचारीबाट रकम बरामद गरिएको देखाउँदैमा भ्रष्टाचार जस्तो गम्भीर कसुर स्थापित भइहाल्ने पनि होइन; कसैलाई भ्रष्टाचारी ठहर गर्न उक्त व्यक्तिले घुस खाने मनसाय राखेको थियो, त्यस अनुसार घुस रकम माग गरेको थियो, र स्वेच्छाले रकम बुझेको थियो भन्ने पनि पुष्टि हुनुपर्छ । तर प्रस्तुत विवादमा त्यस प्रकारको अवस्था विद्यमान रहेको देखिन आएन । पोलिग्राफ परीक्षण प्रतिवेदनलाई प्रमाणमा प्रस्तुत गरिएको भए पनि सो प्रतिवेदनलाई प्रमाणमा ग्रहण गर्न मिल्ने स्थिति देखिँदैन । समग्रमा हेर्दा प्रतिवादीले घुस/रिसवत माग गरेको भन्ने कुरा शङ्कारहित तवरले पुष्टि हुन सकेको नपाइने।

अतः प्रतिवादी दीपक कुमार कार्कीबाट बरामद भयो भनिएको रकमलाई प्रमाणमा ग्रहण गर्न नमिल्ने भएको र सो बाहेक अन्य कुनै भरपर्दो र विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले आरोप दाबी प्रमाणित गर्न सकेको नदेखिएको हुँदा केवल शंका र अनुमानका आधारमा निज प्रतिवादीलाई कसुरदार ठहर गर्न मिलेन । शंकाको सुविधा अभियुक्तले पाउने हुन्छ । तसर्थ, निज प्रतिवादी दीपक कुमार कार्कीलाई कसुरदार ठहर गरेको विशेष अदालत काठमाडौंको मिति २०७४/१०/५ को फैसला त्रूटिपूर्ण देखिएकाले सो फैसला उल्टी भई निज पुनरावेदक प्रतिवादीले आरोपपत्र दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल श्रावण १९ गते रोज ३ शुभम्।

**१८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०६९-CI-०४२९, दर्ता नामसारी दर्ता बदर, बिनोदकुमार के.सी. वि. बबी खत्री*

प्रत्यर्थी वादी पुनरावेदक प्रतिवादीको पारिवारिक संरचनामा एक तहमुनिका व्यक्ति भएका र निज २०३९ सालमा आफ्नो बाबु स्वर्गीय प्रचण्डसँग अंश छोडपत्र गरी अलग बसेको देखिन्छ । प्रत्यर्थी वादीको आमा विमलाले आफ्नो जीवनकालमा प्रतिवादीको नामको दर्ता नामसारीउपर उजुरी नगरी चित्त बुझाई बसेको देखिन्छ भने माथिल्ला पुस्ताका व्यक्तिहरूसमेत आफू आफू छुट्टिई अंश लिई अलग अलग बसिसकेको अवस्थामा पुनरावेदक प्रतिवादीले निजको बुबा स्वर्गीय खड्गबहादुरको नाममा दर्ता रहेको जग्गा निजको शेषपछि आफ्नो नाममा दर्ता नामसारी गरी लिएउपर तल्लो तहको पुस्ताका अंश लिई छुट्टि भिन्न बसेका यी प्रत्यर्थी वादीको हक कायम हुन सक्ने स्थिति कहीँकतैबाट पनि देखिँदैन। प्रतिवादीले आफ्नो पुनरावेदन जिकिरमा बाबु खड्गबहादुर र आमालाई आफुले स्याहार सुसार, औषधी उपचार गरी मृत्युपश्चात् काजकिरियासमेत गरेको भनेको कुरा स्वाभाविक भएको र आफ्नो बाबु आमाको नामको सम्पत्ति निजहरूको नजिकको छोराको नाताले स्वतः अंश अपुताली प्राप्त हुने नै देखिँदा अपुतालीको दृष्टिकोणबाट समेत नातिभन्दा छोरा नै नजिकको हकदार हुने हुँदा प्रतिवादी होमबहादुर के.सी. को नाममा निजको बाबुको नामबाट दर्ता नामसारी भई आएको जग्गामा यी वादीको हक लाग्छ भनी भन्न नसक्ने देखिँदा पुनरावेदन अदालत पाटनको मिति २०६९/३/३ को फैसला

विवादित कि.नं. ३६ र ८१ को हकमा सो हदसम्म कानूनसम्मत मिलेको नदेखिँदा केही उल्टी हुने ।

तसर्थ, पुनरावेदन अदालत पाटनको मिति २०६९/३/३ को फैसला दाबीको जिल्ला धनुषा साबिक पिडारी गा.वि.स. वडा नं. ५ को कि. नं. १८० हाल जनकपुर न.पा. वडा नं.१३ को कि.नं. ३६ र ८१ को जग्गाको प्रतिवादीको नामको दर्ता नामसारी बदर हुने ठहऱ्याएको हदसम्म कानूनसम्मत मिलेको नदेखिँदा केही उल्टी हुने भई विवादित कि.नं. ३६ र ८१ का जग्गा पुनरावेदक प्रतिवादीको नाममा दर्ता नामसारी हुने ।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७७ साल चैत्र २३ गते रोज २ शुभम् ।

**१९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CI-०४६९, ०७३-CI-०४७०, मोही दर्ता नामसारी प्रमाणपत्र, भवानीदेवी यादव वि. विकेश्वरप्रसाद विमल यादव, सुजेन्द्रप्रसाद जोन्छे वि. विकेश्वरप्रसाद विमल यादव*

जिल्ला सप्तरी, गा.वि.स. धनगढी वडा नं.३ (क), कि.नं. २०९ को ०-११-० र ऐ. ऐ. को वडा नं.२, कि.नं.१६ को ०-३-१७ जग्गा सुजेन्द्रप्रसाद जोन्छेको नाउँमा नापी भई दर्ता भएको कुरामा विवाद देखिँदैन । वि.सं. २०२८ सालको सर्भे नापीमा खडा गरिएको स्रेस्ता, जग्गाधनी प्रमाणपुर्जालगायतका कागजातमा उक्त जग्गामा कुनै पनि व्यक्ति मोही रहेको तथ्य खुल्न आएको पाइएन । वादीको दाबी अनुसार जग्गाको चार किल्लासमेत मिल्न भिड्न आएको देखिँदैन । वादीले प्रमाणमा उल्लेख गरेको १ नं. र २ नं. अनुसूचीका जग्गाका धनीको नाम तथा जग्गा रहेको वडा नं. समेत प्रस्तुत विवादित जग्गासँग मिल्न भिड्न आएको पाइएन । नापीको फिल्डबुकमा समेत वादीका पितालाई मोहीको रूपमा उल्लेख गरेको देखिँदैन । अधिकलाल यादवको नाममा भूमिसुधार कार्यालयबाट प्रकाशित अनुसूचीमा धनगढी गा.वि.स. वडा नं. ५ भन्ने उल्लेख भएको देखिन्छ भने जग्गाधनीको नाममा वुधन यादव मलहनिया भनी उल्लेख भएको पाइयो । वादीले पेस गरेको ४ नं. जोताहा अस्थायी निस्सासमेत कार्यालयमा रहेको स्रेस्तासँग मिल्न भिड्न आएको देखिँदैन । यस प्रकारको अप्रमाणित र शंकास्पद कागजका आधारमा अहिले आएर मोही हक कायम हुने ठहर गर्नु न्यायोचित नहुने ।

अत: विवादित जग्गाका मोही वादीका पिता रहेको तथ्य प्रमाणबाट पुस्टि हुन आएको नदेखिएको हुँदा मोही हक कायम गरी नामसारी गरिपाउँ भन्ने वादीको फिराद दाबी ठहर गर्न मिलेन । मोही हक कायम भई नामसारी दर्ता हुने ठहर गरेको सुरू भूमिसुधार कार्यालयको निर्णय सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६९/२/२ को फैसला उल्टी हुन्छ र वादी विकेश्वर प्रसाद विमल यादवको दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर अपरेटर: विजय खड्का

इति संवत् २०७७ साल चैत्र २५ गते रोज ४ शुभम् ।

**२०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७२-CI-२०७०, हक साफी, सुजेन्द्रप्रसाद जोन्छेसमेत वि. विकेश्वरप्रसाद विमल यादव*

जिल्ला सप्तरी, गा.वि.स. धनगढी वार्ड नं. ३(क), कि.नं. २०९ को ०-११-० र ऐ. ऐ. को वडा नं. २ को कि.नं. १६ को ०-३-१७ जग्गा कायम भएको सुजेन्द्र प्रसाद जोन्छेको नाउँमा नापी भई दर्ता भएको जग्गामा आफ्नो मोही हक भएको नाताले र.नं. १७७०२ मिति २०६८/१/७ मा भएको लिखत अनुसारको जग्गा निखनाइपाउँ भनी विकेश्वरप्रसाद विमल यादवले दाबी गरी फिराद गरेको पाइयो । सुरू

मालपोत कार्यालयबाट मुलुकी ऐन, लेनदेन व्यवहारको १२ नं. बमोजिम जग्गाको मोही हक निखनाइदिनु नपर्ने (वादी दाबी नपुग्ने) भनी मिति २०६८/८/१ मा निर्णय भएको पाइयो। सोउपर परेको पुनरावेदनका सन्दर्भमा सुरू निर्णय उल्टी गरी वादीको दाबीबमोजिम हक निखनाई लिन पाउने ठहर्छ भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०/४/२२ मा भएको फैसलाउपर प्रस्तुत पुनरावेदन यस अदालतमा पर्न आएको देखिने।

उल्लिखित कि.नं. २०९ को जग्गाको विषयमा चलेको पुनरावेदक भवानीदेवी यादव वि. विकेश्वरप्रसाद विमल यादव भएको लगाउको मोही दर्ता नामसारी प्रमाण पत्र (०७३-CI-०४६९) मुद्दामा आज यसै इजलासबाट मोही हक कायम नहुने र नामसारीसमेत हुन नसक्ने भनी फैसला भएको छ। परिणामस्वरूप जग्गामा वादी विकेश्वरप्रसाद विमल यादवको मोही-हक नै कायम हुन नसकेको हुँदा मोहीका नाताले निजले जग्गा निखनाइपाउने अवस्था नै रहेन। तसर्थ, मोही नै कायम हुन नसकेका व्यक्तिले मोहीको नाताले हकसाफी गर्न पाउने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०/४/२२ को फैसला त्रूटिपूर्ण देखिएकाले उल्टी हुन्छ र निखनाइपाउँ भन्ने वादीको दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर अपरेटर: विजय खड्का

इति संवत् २०७७ साल चैत्र २५ गते रोज ४ शुभम्।

**२१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०४१५, बन्दीप्रत्यक्षीकरण, विश्व न्यौपाने वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत*

निवेदक विश्व न्यौपानेलाई मिति २०७८/४/८ मा भएको जिल्ला सरकारी वकिल कार्यालय पाँचथरको निर्णयले थुनामुक्त भइसकेको भनी छलफलको क्रममा उपस्थित विद्वान् सरकारी वकिलबाट आदेशको प्रतिलिपि पेस हुन आएको देखियो। यसरी थुनाबाट मुक्त भइसकेको तथ्य निवेदक पक्षले समेत निवेदन दिइ इजलासमा स्वयम उपस्थित भई जानकारी गराएको देखिँदा अब प्रस्तुत विवादमा थप सुनुवाइ र छलफल गर्नुपर्ने प्रयोजन देखिएन। रिट निवेदन निष्प्रयोजन भइसकेको देखिएकाले खारेज हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल श्रावण १४ गते रोज ५ शुभम्।

**२२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०३३०, बन्दीप्रत्यक्षीकरण, बद्रीप्रसाद पौडेल वि. महानगरीय प्रहरी परिसर, काठमाडौं*

मालपोत कार्यालय मकवानपुरसमेतको पत्रले वादी नेपाल सरकार भएको सङ्गठित अपराध तथा सरकारी कागज किर्ते मुद्दामा निवेदक बद्री प्रसाद पौडेलसमेत उपर पोल उजुरी परेको र निजलाई उक्त मुद्दामा अनुसन्धानका लागि पक्राउ गरिएको र थुनामा राखिएको भन्ने देखियो। यसरी पक्राउ गर्न र थुनामा राख्नका लागि मकवानपुर जिल्ला अदालतबाट कानूनबमोजिम अनुमति लिइएको देखिन्छ। निज निवेदकलाई पक्राउ गर्दा तथा हिरासतमा राख्दा सोसम्बन्धी पुर्जीसमेत दिइएको पाइयो। निवेदकलाई फौजदारी कसुरमा अनुसन्धानका लागि हिरासतमा लिइएकोमा हालसम्म अनुसन्धान कार्य भइरहेको भन्नेसमेत देखियो। अनुसन्धानपश्चात् मुद्दा दायर गर्ने वा नगर्ने कुराको निरूपण हुने अवस्था रहेको र सो प्रयोजनका लागि कानूनद्वारा निर्धारित म्यादसमेत बाँकी नै रहेको देखिन्छ। पक्राउ गर्ने प्रक्रिया, हकदैया वा अधिकारक्षेत्र आदि कुरामा कुनै कानूनी त्रूटि रहेको भन्ने देखिन आएको छैन। प्रवृत्त धारणा राखेर कानून प्रतिकूल थुनामा राखेको भन्न मिल्ने अवस्था पनि

नदेखिने।

अतः निवेदक बद्रीप्रसाद पौडेलउपर सङ्गठित अपराध तथा सरकारी कागज किर्ते मुद्दामा अनुसन्धानको क्रममा हिरासतमा लिएको, अनुसन्धान कार्य भइरहेको भन्ने देखिएको र सो क्रममा कानून प्रतिकूल कुनै कार्य भएको मान्न मिल्ने अवस्था नदेखिएको हुँदा नियमित फौजदारी न्याय प्रक्रियाका सन्दर्भमा थुनामा रहेको अवस्था भएकाले निजलाई गैरकानूनी रूपमा बन्दी बनाएको रहेछ भनी मान्न मिलेन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने बेहोराको निवेदन खारेज हुने।

इजलास अधिकृतः रूद्रप्रसाद अर्याल

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल जेठ २ गते रोज १ शुभम्।

**२३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७७-WH-०३०१, बन्दीप्रत्यक्षीकरण, पवित्र देवी राई वि. उच्च अदालत, विराटनगरसमेत*

निवेदक योगेश भन्ने बासुदेव राई मिति २०७२/१०/१४ मा पक्राउ परेको र निजउपर सुनसरी जिल्ला अदालत र मोरङ्ग जिल्ला अदालतमा एकै समयमा क्रमश: जबरजस्ती करणी र मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा चलेको देखिन्छ । उल्लिखित दुवै मुद्दामा निजलाई ५/५ वर्ष कैद सजाय हुने गरी उच्च अदालत विराटनगरबाट एकै समयमा फैसला भएकोसमेत पाइयो । यस अवस्थामा एउटा कसुरमा भएको कैद भुक्तान भएपछि अर्को कसुरबापत भएको कैद अवधि प्रारम्भ हुने वा कैद जोडिने (थप हुने) कुनै प्रस्ट कानूनी व्यवस्था रहेको पाइएन । कानूनले निर्धारण गरेको सुविधा निवेदक वासुदेव राईलाई दिनु नपर्ने कुनै कारण देखिँदैन । यस प्रकारको कानूनी अवस्था प्रतिकूल हुने गरी कैद थप गरेको परिणाम आउने गरी कैदमा राखिएको कुरा माथि उल्लिखित मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ र दफा ३६ समेतको दृष्टिले मनासिब देखिन आएन । प्रमाण परिबन्दबाट उल्लिखित जबरजस्ती करणी र मानव बेचविखन तथा ओसारपसार मुद्दाहरू सँगसँगै दुई जिल्ला अदालतमा चलेको र प्रतिवादीसमेत दुवै मुद्दामा हिरासतमा रहेको मान्नुपर्ने देखिने।

अत: निवेदक वासुदेव राईलाई उच्च अदालत विराटनगरबाट मुद्दा नं. ०७३-CS-०२२१ को जबरजस्ती करणी मुद्दामा तथा मुद्दा नं. ०७४-CS-०१३२ को मानव बेचविखन तथा ओसारपसारसम्बन्धी मुद्दामा मिति २०७५/२/३० मा ५/५ वर्ष कैद सजाय हुने ठहर भएकोमा सो सजाय मुलुकी ऐन, दण्ड सजायका महलको ४१ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१)(क) समेतमा रहेका प्रावधानबमोजिम भुक्तान (असुली) भइसकेको देखियो । निवेदक योगेश भन्ने बासुदेव राईलाई ठहरेको ५/५ वर्ष कैद एकसाथ हिरासत बसेको मिति २०७२/१०/१४ बाट २०७७/१०/१३ मा भुक्तान गरेको देखिन्छ। निजलाई हुने ठहर भएको रू. पच्चिस हजार जरिवाना भुक्तान गरिसकेको भन्नेसमेत मोरङ्ग जिल्ला अदालतको च.नं. २६० मिति २०७७/१०/५ को मिसिल संलग्न पत्रबाट देखिएको छ । तसर्थ, निवेदकलाई थप थुनामा राखिरहनु कानून प्रतिकूल भएकाले अन्य मुद्दा वा कारणबाट थुनमा राख्नुपर्ने अवस्था भएमा बाहेक उल्लिखित जबरजस्ती करणी तथा मानव बेचबिखन ओसारपसार मुद्दामा राखिएको थुनाबाट निज निवेदक वासुदेव राईलाई तत्काल मुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम

३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।
इजलास अधिकृत: रूद्रप्रसाद अर्याल
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७८ साल जेष्ठ २ गते रोज १ शुभम्।

२४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र श्री सुष्मालता माथेमा,** *०७७-WH-०३२६, बन्दीप्रत्यक्षीकरण, चित्रबहादुर के.सी. वि. उच्च अदालत पाटन, ललितपुर*

मुख्य अभियुक्त भनी उल्लेख गरिएका सञ्जय अधिकारीलगायत सहअभियुक्तहरूलाई मुद्दा पुर्पक्षका लागी तारेखमा रहने गरी आदेश भएको छ; विनाकारण निवेदकलाई मात्र मुद्दा पुर्पक्षका लागि थुनामा राखिएको छ; थुनछेकको क्रममा असमान व्यवहार भएको हुँदा सो आदेश बदर गरी तारेखमा रही मुद्दामा पुर्पक्ष गर्ने गरी आदेश जारी हुनुपर्दछ भन्नेसमेत बेहोराको निवेदन देखिन्छ। निवेदक सुवर्ण के.सी. सहित अन्य प्रतिवादीहरू सञ्जय अधिकारी, कृष्णप्रसाद भट्टराई र समिर अधिकारीउपर समेत ठगीमा जाहेरी परेको र मुद्दा चलेको पाइयो । समग्र मिसिल प्रमाण हेर्दा प्रतिवादीउपरको आरोप दाबी, निजको संलग्नताको स्तर, हुन सक्ने सजाय आदि कुरामा सञ्जय अधिकारी र निवेदक सुवर्ण के.सी.काबिच प्राय: समान स्थिति नै देखिन्छ। तथापि, प्रतिवादी सञ्जय अधिकारी, समीर अधिकारी तथा प्र. कृष्णप्रसाद भट्टराईबाट धरौट वा जमानत लिई तारिखमा राख्ने गरी आदेश भएको र निवेदक सुवर्ण के.सी.लाई मुद्दामा पुर्पक्षका लागि भनी थुनामा राखिएको देखियो। यसबाट समान स्थितिका प्रतिवादीहरूबिच असमान वा फरक व्यवहार हुन पुगेको पाइने।

माथि उल्लिखित प्रतिवादीहरूमध्ये समीर अधिकारीको हकमा थुनामा राखी मुद्दामा पुर्पक्ष गर्ने गरी भएको उच्च अदालतको आदेश बदर हुने गरी रिट नं. ०७७-WH-०२७२ को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०७८/१/८ मा आदेश भएको देखिन्छ। निजसरहका अर्थात प्राय: समान स्थितिका निवेदक (प्रतिवादी) सुवर्ण के.सी.का सम्बन्धमा यसरी फरक मापदण्ड अपनाई थुनामै राखी मुद्दामा पुर्पक्ष गर्नुपर्नेसम्मको उचित वा पर्याप्त आधार र कारण देखिन आएन। अदालतबाट गरिने आदेशमा समान स्थितिका प्रतिवादीहरूबिच असमान वा फरक मापदण्ड वा व्यवहार हुनु उचित मानिदैन। यस दृष्टिले हेर्दा निवेदकलाई मुद्दामा पुर्पक्षका लागि भनी थुनामा राख्ने गरी भएको आदेशमा कानूनी त्रुटि कायम रहेको देखिने।

तसर्थ, समान स्तरका प्रतिवादीहरूबिच समान व्यवहार हुनु मनासिब देखिएकोले निवेदक सुवर्ण के.सी.लाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७७/११/६ को आदेश त्रूटिपूर्ण देखिएकाले निज सुवर्ण के.सी.को हकमा सम्म सो आदेश बदर गरिएको छ। अब निज सुवर्ण के.सी.को हकमा तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी, निजसरहका अन्य प्रतिवादीहरूका सम्बन्धमा अपनाइएको मापदण्डसमेत विचार गरी, कानूनबमोजिम पुनः थुनछेक आदेश गर्नु भनी प्रत्यर्थीहरूका नाउँमा नेपालको संविधानको धारा १३३(२) बमोजिम यो उपयुक्त आदेश जारी गरिएको छ । निवेदकलाई न्यायिक प्रक्रियाको सन्दर्भमा थुनामा राखिएको र उपर्युक्त अनुसारको आदेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गर्न सक्ने नै भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृतः रूद्र प्रसाद अर्याल
कम्प्युटर: विजय खड्का
इति संवत् २०७७ साल जेठ २ गते रोज १ शुभम्।

**२५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६८-CI-१५४९, लिखत बदर,*

*पवित्रा आचार्यसमेत वि. श्यामकुमार आचार्यसमेत*

प्रतिवादी श्यामकुमार आचार्यले अंशियारहरूलाई थाहा जानकारी नदिई निजहरूको मन्जुरी नलिई सगोलको जग्गा बिक्री गरेको राजीनामा लिखत बदर हुनुपर्ने भन्ने वादीको दाबी रहेको देखिन्छ । घर व्यवहार चलाउन घरको मुख्य व्यक्तिले आधासम्म अचल सम्पत्ति बिक्री गर्ने पाउने अधिकार रहेकोले उक्त लिखत बदर हुनुपर्ने होइन भन्ने प्रतिउत्तर जिकिर रहेको छ । वादी दाबी पुग्ने ठहर गरी सुरू अदालतबाट फैसला भएउपर प्रतिवादीको पुनरावेदन अदालत तुलसीपुरमा पुनरावेदन परेकोमा प्रतिवादी श्यामकुमार आचार्यले घर व्यवहार चलाउन निजका नामको आधाभन्दा कम जग्गा मात्र बिक्री गरेको, दाबीको जग्गा बिक्री गर्दा कसैको मन्जुरी लिनु पर्ने कानूनी बाध्यता नदेखिएकोले सुरूको फैसला उल्टी हुने र वादी दाबी नपुग्ने ठहर्‍याई पुनरावेदन अदालतबाट भएको फैसलाउपर वादीको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखिने ।

वादी दाबी अनुसारको कि.नं. २८३ को जग्गा श्यामकुमार आचार्यले २०४८ सालमा नै अंश बन्डा गरी भिन्न भएकी निजकी आमाबाट बकसपत्रका माध्यमबाट प्राप्त गरेको कुरामा विवाद देखिँदैन । अंशबन्डा गरी छुट्टिई भिन्न भएकी आमाबाट बकसपत्रको माध्यमबाट प्राप्त गरेको सम्पत्ति भएकोले सो सम्पत्तिलाई प्रतिवादी श्यामकुमारले आफ्नो पालामा आर्जेको सम्पत्ति भनी मान्न सकिने स्थितिसमेत देखिन्छ । कुनै सम्पत्ति पैत्रिक हो वा आफ्ना पालामा आर्जित सम्पत्ति हो भनी छुट्याउँदा सो सम्पत्ति को कसबाट प्राप्त भयो भन्ने कुरालाई गणितीय आधारमा हेरेर मात्र हुँदैन; सो सम्पत्ति केबापत, कुन प्रक्रियाबाट, र के सन्दर्भमा प्राप्त भएको हो भन्ने पक्षमा पनि विवेकपूर्ण रूपमा विचार गरिनुपर्दछ । यस दृष्टिले हेर्दा मुलुकी ऐन, अंशबन्डाका महलको १९ नं.को प्रयोजनका लागि उल्लिखित जग्गालाई प्रतिवादी श्यामकुमार आचार्यले आफ्नो पालामा आर्जेको सम्पत्ति भनी मान्न सकिने नै देखिने ।

मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) नं. मा पिता पुर्खाका पालाको चल अचल गैह्रसम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनालाई स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउँछ; अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ; मन्जुरी नलिई गरेको सदर हुँदैन" भनी उल्लेख भएको देखिन्छ । सो प्रावधान अनुसार अचलमा आधीसम्म घरको मुख्य भई व्यवहार गर्ने व्यक्तिले घर-व्यवहार चलाउन लिखत गरी दिन सक्ने नै हुन्छ । लेनदेन व्यवहारको १० नं. मा "अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचविखन गर्दा वा कुनै किसिमले हक छाडिदिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमाबाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरी लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ" भन्ने प्रावधान रहेको हुँदा "ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा" अन्य अंशियारको मन्जुरी लिनुपर्ने अनिवार्यता रहेकोसमेत नदेखिने ।

प्रतिवादीमध्येका श्यामकुमार आचार्य घरको व्यवहार गर्ने मुख्य व्यक्ति रहेको कुरा विवाद देखिँदैन । फिरादपत्र बेहोराबाट नै कि.नं. २८३ को क्षे.फ. ०,०४६०.०० वर्ग मी. जग्गामध्ये ०,०२३०.०० वर्ग मी. जग्गाको राजीनामा लिखत गरेको भन्ने देखिएको छ । विवादित र.नं. क/७४७८ मिति २०६५/३/१ को पारित राजीनामा लिखतमा घर खर्चबापत राजीनामा लिखत भएको कुरा उल्लेख भएकोसमेत पाइयो । प्रतिवादी श्यामकुमार आचार्यका नाउँमा दाङको घोराहीमा ०-१२-१० जग्गा र दाङ जिल्लाकै गंगापुरमा करिब २-१७-३ जग्गा रहेको बेहोरा पुनरावेदन अदालतमा परेको पुनरावेदनको

प्रकरण २(ख) मा उल्लेख भएको देखिन्छ । मिति २०४८/४/९ मा पारित र.नं. १०८ को अंश बन्डापत्र लिखतबाट समेत श्यामकुमार आचार्यले करिब १-६-२ जग्गा प्राप्त गरेको भन्ने देखिन्छ । उल्लिखित तथ्यहरू वादी पक्षले यस अदालतमा पुनरावेदन गर्दासमेत खण्डन गर्न सकेको पाइएन । यसबाट पनि आधाभन्दा बढी जग्गाको लिखत गरिदिएको रहेछ भन्ने सम्झन मिलेन । आफूले बिक्री गरेको सम्पत्ति (जग्गा) को विषयमा लिखत बदर मुद्दा परेपछि सो मुद्दामा प्रतिउत्तर फिराउनेसम्मको कार्यसमेत गरेको नदेखिँदा प्रतिवादी श्यामकुमार आचार्यको व्यवहार लिखत गरी लिने पक्षप्रति सदाशयतापूर्ण रहेको देखिँदैन । तसर्थ, समग्र वस्तुस्थितितर्फ दृष्टिगत गर्दा वादी दाबी अनुसार लिखत बदर हुने ठहर गरेको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला उल्टी गरी वादीको फिरादपत्र दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको फैसला मनासिब नै देखिने ।

अत: सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला उल्टी गरी वादीको फिरादपत्र दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०६९/१/१० को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल चैत्र ३० गते रोज २ शुभम् ।

**२६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०३९०, बन्दीप्रत्यक्षीकरण, नविन तामाङको नाउँमा अजय शंकर झा "रूपेस" वि. चितवन जिल्ला अदालत*

निवेदक नविन तामाङउपर जाहेरवाला सुजन थापा मगर, आशिष आले मगर र अनिलराज भण्डारीको अलग अलग जाहेरी अनुसार चलेको मोटरसाइकल चोरीसम्बन्धी मुद्दामा १ वर्ष ६ महिना कैद, रू.१५,०००।– जरिवाना र पीडित राहत कोषमा रू.६००।– भराउनुपर्ने ठहर भई चितवन जिल्ला अदालतबाट मिति २०७७/६/२२ मा फैसला भएको र सो फैसला अन्तिम भइ बसेको पाइयो। फैसलाबमोजिम ३ वटै मुद्दामा हुने ठहर भएको सजायको कैद-हद गरी चितवन जिल्ला अदालतबाट कैदी पुर्जी जारी भएको देखियो । निवेदक मिति २०७६/४/१८ देखि थुनामा रहेको देखिँदा निजलाई हुने ठहर भएको एक वर्ष छ महिना कैद मिति २०७७/१०/१७ मा भुक्तान भइसकेको समेत पाइयो । सो मितिपश्चात् जरिवाना तथा पीडित राहत कोषमा जम्मा गर्नुपर्ने रकम जम्मा नगरेको भनी मिति २०७८/३/२४ सम्म थुनामा बस्नुपर्ने गरी थुनामा राखिएको देखिने ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(३)(ग) बमोजिम नाबालकका हकमा कैद निर्धारण गर्दा अठार वर्ष उमेर पुगेका व्यक्तिलाई गर्नुपर्ने कैद सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने हुन्छ । निवेदकलाई कूल रू. ४५,०००।– जरिवाना हुने ठहर गरिएको देखिँदा सोको आधा अर्थात् रू. २२,५००।– सम्म जरिवाना रकम असुल गर्न मिल्ने देखिन्छ । मिति २०७७/१०/१७ देखि हालसम्म चार महिनाभन्दा बढी अवधिदेखि निज निवेदक नविन तामाङ थुनामा रहेको देखिँदा प्रतिदिन रू.३००।– का दरले आज २०७८ साल असार ४ गतेसम्ममा कट्टा गर्दा जरिवाना रकमबापतसमेत हुन सक्ने अधिकतम कैद अवधि भुक्तान भइसकेको देखिने ।

अतः निवेदक नविन तामाङलाई जरिवानाबापत कैद ठेकी पठाएको चितवन जिल्ला अदालतको कैदीपुर्जी कानून प्रतिकूल देखिएकोले उक्त कैदीपुर्जी उत्प्रेषणको आदेशले बदर गरिएको छ । अन्य कुनै कानूनबमोजिमको कारणबाट थुनामा राख्नुपर्ने भएमा बाहेक चितवन जिल्ला अदालतको च.नं. ७०७४ मिति २०७७/१०/१२ को कैद म्याद ठेकिएको पुर्जी अनुसार बालसुधार गृहमा राखी कैद

असुल गर्ने गरी राखिएको कैदबाट निवेदकलाई आजै तत्काल कैद मुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः विनोद प्रसाद घिमिरे

कम्प्युटर: विजय खड्का

इति सम्वत २०७८ साल असार ४ गते रोज ६ शुभम्।

२७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०३८९, बन्दीप्रत्यक्षीकरण, शिवशंकर जैसवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

निवेदक शिव शंकर जैसवालउपर लागु औषध खैरो हेरोइन मुद्दा चलेको; सो मुद्दामा (०७२-CR-०१०४ को मुद्दामा) तह-तह अदालत हुँदै यस अदालतसमेतबाट मिति २०७४/३/९ मा दश वर्ष कैद र रू. ८०,०००।– जरिवाना हुने ठहरी फैसला भएको; सो फैसला अन्तिम भइसकेको; र फैसला अनुसार निवेदकलाई कैदमा राखिएको तथ्यमा विवाद देखिँदैन । निज निवेदक मिति २०६९/५/३० देखि थुनामा / कैदमा रहेको देखिँदा निजलाई हुने ठहर भएको दश वर्ष कैद भुक्तान हुन बाँकी नै रहेकोसमेत देखिने।

निवेदकको करिब दुइ तिहाइ कैद भुक्तान भइसकेको, चालचलन बानी बेहोरा राम्रो रहेको, अध्ययनरत रहेको, प्यारोलमा बस्न योग्य व्यक्ति भएको, कारागारको जीर्ण रहेको, कोरोना भाइरस महामारीको अवस्था रहेको आदि कुराका आधारमा रिट आदेश जारी हुनुपर्दछ भनी जिकिर गरिएको देखिन्छ । लागु औषध मुद्दामा कानूनबमोजिम दश वर्ष कैद हुने ठहर भएको यस प्रकारको मुद्दामा निवेदकले लिएको जिकिर अनुसार कैद छुट वा मिनाहा दिन वा अहिले प्यारोल आदिमा राख्ने गरी आदेश गर्न मिल्ने देखिँदैन । यिनै कुराका आधारमा साधिकार अदालतबाट भएको फैसलाबमोजिम थुनामा रहेको कुरालाई गैरकानूनी थुना भनी मान्न पनि मिल्दैन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९(४)(ञ) बमोजिम दश वर्ष कैद सजाय हुने ठहर भएको लागु औषध मुद्दाको कसुरदारलाई भएको सजाय माफी, परिवर्तन वा कम गर्न मिल्ने पनि देखिँदैन । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २४(३)(ञ) अनुसार निवेदकलाई भएको कैद सजाय निलम्बन गर्न पनि मनासिब नहुने।

अतः निवेदक शिवशंकर जैसवाललाई गैरकानूनी रूपमा थुना राखिएको मान्न मिल्ने कुनै उचित आधार र कारण नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विनोद प्रसाद घिमिरे

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल असार ४ गते रोज ६ शुभम्।

**२८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०३८४, बन्दीप्रत्यक्षीकरण, नगेन्द्र प्रसाद राजवंशी वि. झापा जिल्ला अदालत, भद्रपुर, झापासमेत*

प्र.ना.नि. गोविन्द खवाससमेतको प्रतिवेदनले वादी नेपाल सरकार, प्रतिवादी नगेन्द्रप्रसाद राजवंशीसमेत भएको लागु औषध मुद्दामा झापा जिल्ला अदालतको मिति २०७८/२/११ को थुनछेक आदेशबमोजिम निवेदक नगेन्द्र प्रसाद राजबंशीलाई मुद्दा पुर्पक्षको निमित्त थुनामा राखिएको देखियो। झापा जिल्ला अदालतको सो थुनछेक आदेशको विषयलाई लिएर यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दायर भएको पाइयो । कानूनबमोजिम अदालतमा अभियोगपत्र दायर भई अदालतले तत्काल प्राप्त

प्रमाणको मुल्यांङ्कन गरी निवेदकलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी आदेश गरेको तथ्यमा विवाद देखिँदैन । यसरी झापा जिल्ला अदालतबाट मिति २०७८/२/११ मा भएको आदेश बेरितको भएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७३ बमोजिम सम्बन्धित उच्च अदालतमा निवेदन गर्न र उपचार प्राप्त गर्न सकिने अवस्था विद्यमान रहेको देखिन्छ । तदनुसार कानूनले निर्दिष्ट गरेको उपचारको मार्ग निवेदकले अवलम्बन गरेको पनि पाइएन । रिट निवेदकले अधिकारक्षेत्रको अभाव वा हदम्यादको अभाव वा हकदैयाको अभाव वा स्वच्छ सुनुवाइसम्बन्धी सिध्दान्तको प्रतिकूल कार्य गरी गम्भीर अन्यायको अवस्था रहेको देखिने जस्ता कुनै मनासिब आधार वा कारण प्रस्तुत गरेकोसमेत देखिन आएन । यस अवस्थामा नियमित फौजदारी न्याय प्रक्रियाको सन्दर्भमा लागु औषध मुद्दामा तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी पुर्पक्षका लागि साधिकार अदालतको आदेशले थुनामा राखिएको कुरालाई गैरकानूनी थुना भनी मान्न मिल्ने नदेखिने ।

अतः निवेदक नगेन्द्र प्रसाद राजबंशीलाई गैरकानूनी रूपमा थुना राखिएको मान्न मिल्ने कुनै उचित आधार र कारण नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विनोद प्रसाद घिमिरे

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल असार ४ गते रोज ६ शुभम् ।

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र श्री कुमार रेग्मी,** *०७७-WH-०३८२, बन्दीप्रत्यक्षीकरण, रोशन लामा वि. नुवाकोट जिल्ला अदालतसमेत*

निवेदक रोशन लामाउपर बहुविवाह मुद्दा चलेको; सो मुद्दामा नुवाकोट जिल्ला अदालतबाट मिति २०७८/०१/१३ मा कसुर ठहर गरी मिति २०७८/०१/२० मा सजाय निर्धारण गरिएको; निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ (४) बमोजिम एक वर्ष कैद र रू १०,०००।- जरिवाना हुने ठहर गरिएको; सो फैसलाउपर पुनरावेदन गर्ने म्याद समाप्त भई नसकेको र निज निवेदक/प्रतिवादीलाई बहु विवाहको कसुरमा फैसला अनुसार जिल्ला कारागार कार्यालय नुवाकोटमा कैदमा राखिएको देखियो । निजले कोभिड १९ महामारीको कारण देखाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम तोकिएको रकम भुक्तान गरी कैदबाट छाडिपाउन माग गरी निवेदन गरेकोमा मागबमोजिमको सुबिधा प्रदान गर्न नमिल्ने भनी नुवाकोट जिल्ला अदालतबाट मिति २०७८/०२/०६ मा आदेश भएको पाइयो । उक्त आदेश कानूनी त्रूटिपूर्ण छ भनी प्रस्तुत रिट निवेदन पर्न आएको देखिने ।

निवेदकलाई बहुविवाह मुद्दामा नुवाकोट जिल्ला अदालतबाट भएको फैसला अनुसार कैदमा राखिएको र सो फैसलाको वैधता सम्बन्धमा कुनै प्रश्न उठाइएको अवस्थासमेत नदेखिएको हुँदा प्रथम दृष्टिमा नै निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखेको भनी मान्न मिल्ने देखिँदैन । निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम सुविधा दाबी गरेको सन्दर्भमा हेर्दा यो सुविधा अधिकारको रूपमा दाबी गर्न मिल्ने किसिमको सुविधा हो भन्ने पनि देखिँदैन । यो मुद्दा हेर्ने अदालतको तजबिजमा प्रयोग हुने व्यवस्था हो भन्ने देखिन्छ । यसका अतिरिक्त, विधायिकाले निर्माण गरेको कानूनको माध्यमबाट घोषित राज्यको सार्वजनिक नीतितर्फ दृष्टिगत गर्दासमेत विशेष अवस्था भएमा अर्थात् उचित र पर्याप्त कारण विद्यमान रहेको अवस्थामा बाहेक सामान्यतया: बहुविवाह मुद्दामा अदालतबाट भएको फैसलाअनुसारको कैदबापत केही रकम बुझाएर कैदमा बस्न नपर्ने गरी सुविधा प्रदान गर्नु उचित पनि हुँदैन । कोभिड १९ महामारीको कुरालाई नै कैदमा बस्न नपर्ने

आधारको रूपमा ग्रहण गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम सुविधा दिने निष्कर्षमा पुग्नु पनि युक्तिसङ्गत र मनासिब हुँदैन । कारागारमा रहेका सबै थुनुवा/कैदीहरूको स्वास्थ्य सुरक्षाको उचित र पर्याप्त व्यवस्था नेपाल सरकारका सम्बद्ध निकायहरूले अनिवार्य रूपमा मिलाउनु नै पर्ने हुन्छ । कारागार सुधारका लागि गम्भीर प्रयास हुन वाञ्छनीय पनि देखिन्छ । तर यसको तात्पर्य साधिकार अदालतबाट भएको फैसला अनुसार कैदमा बस्नुपर्ने कुरालाई नै निष्प्रभावी हुने गरी उल्लिखित दफा १५५ को प्रयोग गर्नुपर्दछ भन्ने अर्थमा पनि यसलाई हेरिनु हुँदैन । त्यसैले नुवाकोट जिल्ला अदालतले उक्त दफा १५५ बमोजिम सुविधा दिन अस्वीकार गरेको आदेशलाई अनुचित र कानून प्रतिकूल मान्न नमिल्ने ।

अतः निवेदक रोशन लामालाई बहुविवाह मुद्दामा साधिकार अदालतबाट भएको फैसला अनुसार कैद सजाय असुलीका सन्दर्भमा कानूनबमोजिम कैदी पुर्जी दिई थुनामा राखिएको देखिएको छ । यसरी राखिएको थुनालाई गैरकानूनी थुना भनी मान्न मिल्ने देखिँदैन । निवेदकलाई कानून प्रतिकूल बन्दी बनाएको देखिन नआएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उषा गिरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल असार २ गते रोज ४ शुभम् ।

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०३८१, बन्दीप्रत्यक्षीकरण, डिलबहादुर तामाङ वि. महानगरीय प्रहरी वृत्त थानकोट, काठमाडौंसमेत*

वादी नेपाल सरकार प्रतिवादी सुजन दोङसमेत भएको लागुऔषध मुद्दामा काठमाडौं जिल्ला अदालतले सुजन दोङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुर अनुसार सोही ऐनको दफा १४ (१)(घ) (४) बमोजिम २ वर्ष ६ महिना कैद र रू. २० हजार रुपियाँ जरिवाना हुने ठहर गरी मिति २०७७/१२/१० गते फैसला गरेको पाइयो । सो फैसला कार्यान्वयनका सिलसिलामा निवेदक डिलबहादुर तामाङलाई पक्राउ गरी थुनामा राखिएको विषयलाई लिएर प्रस्तुत रिट निवेदन पर्न आएको देखियो । निवेदकले आफू सुजन दोङ होइन, मानिस र नाम फरक पारी पक्राउ गरेर थुनामा राखिएकाले सो थुना गैरकानूनी छ भनी निवेदन जिकिर गरेको देखिने ।

लागु औषध मुद्दामा प्रतिवादी बनाइएका सुजन दोङको उमेर २३ वर्ष, वतन जिल्ला धादिङ गजुरी गाउँपालिका वडा नं. ८ र बाबुको नाम हर्कबहादुर दोङ तामाङ भन्ने उल्लेख गरिएको देखिन्छ । रिट निवेदक डिलबहादुर तामाङले पेस गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको जन्म मिति २०५०/४/४ गते, बाबु हर्कबहादुर तामाङ, ठेगाना किरानचोक-४ धादिङ भनी उल्लेख भएको पाइयो । यसरी मुद्दा चलाइएका व्यक्ति र हाल पक्राउ परेका व्यक्ति बिचमा नाम, थर, वतन र उमेरसमेतका कुरामा केही फरक परेको देखिएको छ । यस अवस्थामा सुजन दोङका नामको म्याद हर्कबहादुर दोङले आफ्नो छोराको नामको म्याद भनी बुझी लिएको सन्दर्भ न्यायिक दृष्टिले विचारणीय बन्न गएको देखिन्छ । उल्लिखित लागुऔषध मुद्दामा डिलबहादुर तामाङ उपस्थित भई बयान वा प्रतिवाद गरेको देखिएन । समग्र मिसिल कागजातको सन्दर्भतर्फ विचार गर्दा निज प्रतिवादीलाई सुनुवाइको मनासिब अवसर दिइएको भनी निश्चिन्त हुन सकिने पर्याप्त आधार देखिन आएन । मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५८ ले पक्राउ पुर्जी जारी गर्ने कार्यविधि, दफा ५९ ले समाह्वान जारी गर्ने विषय, दफा ६३ मा पक्राउ पुर्जी तामेली गर्ने कार्यविधि निर्धारित भएको पाइन्छ । विवादित लागु औषध मुद्दाको म्याद तामेल प्रक्रियामा सोबमोजिमको प्रक्रियाको समुचित रूपमा अनुशरण

गरिएको भन्ने नदेखिने।

अत: सुनवाइको मौका प्रदान गरिएको र मानिसको पहिचानसम्बन्धी विषय शंका वा संशययुक्त अवस्थाको देखिएको हुँदा निवेदक (प्रतिवादी) लाई सुनुवाइको अवसर प्रदान गरी निर्णय हुनु नै उचित देखिन आयो । तसर्थ उल्लिखित ०२५१ को लागुऔषध मुद्दामा सुजन दोङका नाउँमा जारी गरी मिति २०७७/८/८ मा तामेल भएको भनिएको म्याद; सो म्यादका आधारमा भएको काठमाडौं जिल्ला अदालतको मिति २०७७/१२/१० को फैसला; तथा सो फैसलाको आधारमा भए गरिएका काम कारबाही निज प्रतिवादी सुजन दोङको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब निज निवेदक डिलबहादुर तामाङलाई सम्बन्धित कारागारबाट अदालतमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्नेलगायत जे जो कारबाही गर्नुपर्छ गरी तथा सुजन दोङ भनिएका व्यक्ति र डिलबहादुर तामाङ भन्ने व्यक्ति उही एउटै व्यक्ति हुन् वा फरक फरक व्यक्ति हुन् भन्ने तथ्यसमेत यकिन गर्न जे जो प्रमाण बुझ्नुपर्छ बुझी व्यक्ति यकिन गरी लागुऔषध मुद्दामा प्रतिवादी बनाइएका सुजन दोङको हकमा पुन: कानूनबमोजिम कारबाही र फैसला गर्नु भनी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः उषा गिरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल असार २ गते रोज ४ शुभम्।

**३१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-WO-०७६४, परमादेश, कम्प्युटर वर्ल्ड प्रा.लि., काठमाडौं वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौंसमेत*

निवेदक कम्प्युटर वर्ल्ड प्रा.लि.ले यातायात व्यवस्था विभागसमक्ष “पे बाइक सेवा” (PAY BIKE SERVICE) सञ्चालन गर्नको लागि यातायात सेवाको नाम पन्जिकृत गरिपाउँ भनी यातायात व्यवस्था विभागमा मिति २०७३/०४/१९ मा पहिलो निवेदन दिएको, सोपछि मिति २०७५/०१/०५ मा दोस्रो निवेदन, र मिति २०७५/०८/१८ मा तेस्रो निवेदन पेस गरेको तथ्यमा विवाद देखिँदैन । तर उल्लिखित निवेदनहरूका सन्दर्भमा प्रत्यर्थीबाट कुनै निर्णय भएको नपाइने।

मोटर साइकल यान्त्रिक शक्तिबाट चल्ने र कम भार बहन क्षमता भएको सवारी साधनको वर्गमा पर्ने सानो सवारी साधन हो भन्ने देखिन्छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ५ सपठित अनुसूची १ मा सानो सवारी साधनको सूचीभित्र कार, जिप, भ्यान, पिकअप, मोटर साइकल, स्कुटर, टेम्पो, पावर-टिलरसमेतलाई समावेश गरिएको पाइन्छ । सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १५ को (च) ले यात्रीबाहक सवारी साधनभित्र मोटरसाइकललाई समेत समावेश गरेको देखिन्छ । यसरी व्यवस्थित कानूनी प्रावधानको सापेक्षतामा हेर्दा मोटरसाइकललाई सार्वजनिक सवारी साधनको रूपमा मान्नमा वा प्रयोग गर्नमा कुनै कानूनी बाधा देखिँदैन । उक्त सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले मोटरसाइकललाई सार्वजनिक सवारीको साधन हुन नसक्ने भनी निषेध गरेको अवस्था पनि देखिँदैन । मोटरसाइकललाई कालो नम्बर प्लेट प्रयोग गर्न पाउने गरी अनुमति दिन नहुने कुनै तर्कपूर्ण कारणसमेत प्रस्तुत हुन आएको देखिएन। तसर्थ, उक्त ऐनको दफा ९३ बमोजिम यातायात सेवामा पंञ्जीकृत भई सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्न नपाउने भन्ने प्रत्यर्थीहरूको जिकिर मनासिब नदेखिने।

काठमाडौंमा निजी दुई पाङ्ग्रे सवारी साधन चलाएका छन् भनी निवेदकले जिकिर गरेको देखिन्छ। तर सो तथ्य प्रत्यर्थीहरूको तर्फबाट खण्डन हुन आएको पाइएन । अवैध तरिकाले चलाउनेलाई

नियन्त्रण गर्न पनि नसक्ने र अनुमतिको लागि वैध मार्ग र प्रक्रिया अपनाउनेलाई अनुमति प्रदान गर्न पनि आनाकानी गर्ने प्रत्यर्थीहरूको कार्यशैली आफैँमा अनौठो र अनुत्तरदायी किसिमको देखिन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १५ ले "यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनबमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नुपर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र निर्णय गर्नुपर्ने छ" भन्ने प्रावधान रहेको छ । रिट निवेदकले “PAY BIKE SERVICE” सञ्चालन गर्न यातायात सेवाको नाम पञ्जीकृत गर्नका लागि मिति २०७३/०४/१९ मा नै यातायात व्यवस्था विभागमा निवेदन दिएको, त्यसपछि पुन: मिति २०७५/०१/०५ मा र पुन: मिति २०७५/०८/१८ मा समेत निवेदन दिएको देखिन्छ । तर प्रत्यर्थी यातायात व्यवस्था विभागले सो सम्बन्धमा कुनै निर्णय गरेको देखिन आएन । यसरी लामो समयसम्म निवेदकले माग गरेका विषयमा कुनै निर्णय नगरी अनिर्णित अवस्थामा राख्नु सुशासनका दृष्टिले पनि मनासिब हुँदैन । उचित समयमा नै निर्णय गरी सेवाग्राहीको मागका सम्बन्धमा कानूनबमोजिम निकासा दिनु सार्वजनिक जवाफदेहिता रहेका निकाय र पदाधिकारीको कानूनी कर्तव्य नै बन्दछ । प्रत्यर्थीहरूले सो अनुसारको कर्तव्य पूरा गरेको नदेखिने ।

अतः रिट निवेदकले "पे बाइक सेवा" सञ्चालन गर्ने अनुमतिका लागि प्रत्यर्थी यातायात व्यवस्था विभागमा गरेको निवेदन मागबमोजिम पञ्जीकरणका लागि अनुमति दिने वा नदिने सम्बन्धमा निर्णय गर्न जे जो कानूनी प्रक्रिया पूरा गर्नुपर्छ, सो पूरा गरी यो आदेशको जानकारी प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र आधार र कारण खुलाई निर्णय गर्नु गराउनु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र ३ गते रोज ५ शुभम् ।

## ३२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-WH-०३५५, बन्दीप्रत्यक्षीकरण, सन्तोष कार्की वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत*

रिट निवेदक सन्तोष कार्कीउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) बमोजिमको कसुरसम्बन्धी अभियोग दाबी लिई मुद्दा चलेको देखियो । यसरी दायर भएको मुद्दामा काठमाडौं जिल्ला अदालतले थुनछेक आदेश गर्ने सिलसिलामा तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी निज सन्तोष कार्कीलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ (ङ) बमोजिम मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी मिति २०७८/१/२२ मा आदेश गरेको पाइयो । सो आदेशको विषयलाई लिएर प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ । यसरी भएको थुनछेकको आदेशउपर निवेदकले सम्बन्धित उच्च अदालतमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन गरेको नदेखिने ।

विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) मा "तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्ने" व्यवस्था रहेको देखिन्छ । निवेदक उपर चलेको लागु औषध मुद्दामा विशेष अदालत ऐन, २०५९ अनुसारको अधिकार तथा कार्यविधि प्रयोग गर्न मिल्ने नै देखिन्छ । सोही व्यवस्था अनुसार निवेदक सन्तोष

कार्कीउपर चलेको लागु औषध मुद्दामा पुर्पक्षको लागि थुनामा राख्ने गरी २०७८/१/२२ मा आदेश भएको देखिन्छ । कानूनबमोजिम फौजदारी न्याय प्रक्रियाको सन्दर्भमा साधिकार अदालतको आदेशले मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको र सो कारबाही प्रक्रियामा अन्यथा कुनै प्रकारको कानूनी त्रुटि रहेकोसमेत नदेखिएको हुँदा यस प्रकारको थुनालाई गैरकानूनी रूपमा बन्दी बनाइएको भनी मान्न मिल्ने देखिँदैन। निवेदकले कोभिड-१९ महामारीको सन्दर्भमा उठाएका जिकिरतर्फ हेर्दा यही कारणबाट नै थुनालाई गैरकानूनी भन्न मिल्ने देखिँदैन। सङ्क्रमणको जोखिम कारागारभित्र तथा बाहिर पनि रहेको पाइन्छ। यसको लागि जनस्वास्थ्यको संरक्षणका समुचित व्यवस्थापन मिलाउनु सम्बद्ध सरकारी निकायहरूको कर्तव्य र जिम्मेवारी रहने देखिन्छ । सो अनुसार आवश्यक व्यवस्था मिलाएर थुनुवालाई सुरक्षित रूपमा राखिनु पर्दछ। तर यसको तात्पर्य न्यायिक प्रक्रियामा आएका व्यक्तिलाई पुर्पक्षका लागि थुनामा राख्नु नै हुँदैन भनी सम्झन मिल्ने नदेखिने।

अतः निवेदक सन्तोष कार्कीलाई गैरकानूनी रूपमा बन्दी बनाएको भन्ने नदेखिएको, निज न्यायिक प्रक्रियाको सन्दर्भमा लागु औषध मुद्दामा पुर्पक्षका लागि थुनामा रहेको देखिएको, यसरी सुरू अदालतले गरेको थुनछेकको आदेशमा चित्त नबुझेमा सम्बन्धित उच्च अदालतमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन गरी कानूनी उपचार प्राप्त गर्न सक्ने अवस्थासमेत रहेको देखिएको, र अहिले बन्दीप्रत्यक्षीकरणको क्षेत्राधिकारबाट कानूनी उपचार प्रदान गर्नुपर्ने पर्याप्त र मनासिब कारण देखिन नआएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः उषा गिरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल असार २ गते रोज ४ शुभम्।

## ३३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-००८४, बन्दीप्रत्यक्षीकरण, महेन्द्र श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, तहसिल शाखा बबरमहल, काठमाडौं*

निवेदक महेन्द्र श्रेष्ठउपर तत्काल प्रचलनमा रहेको मुलुकी ऐन, ठगीको महलको १ नं. तथा ४ नं. अनुसारको कसुरमा सजाय भएको कुरामा विवाद छैन। उक्त ऐन खारेज भई जारी भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३) मा "(क) भ्रष्टाचार हुनेमा बाहेक नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको कुनै संस्थालाई ठगी गरेमा दश वर्षसम्म कैद र एक लाख रूपियाँसम्म जरिवाना," (ख) "आफ्नो नाम, दर्जा, पदवी, योग्यता ढाँटी ठगी गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रूपियाँसम्म जरिवाना," र (ग) "खण्ड (क) वा (ख) मा लेखिदिए बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपियाँसम्म जरिवाना" हुने प्रावधान रहेको देखिन्छ। निवेदक महेन्द्र श्रेष्ठउपर ठहर भएको ठगीको कसुरको प्रकृति हेर्दा उपर्युक्त उल्लिखित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३) को देहाय (ग) बमोजिम सात वर्षसम्म कैद र सत्तरी हजार रूपियाँसम्म जरिवाना हुने प्रकृतिको कसुर ठहर भएको देखिने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ, तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम ठगीको कसुरमा कैदका

अतिरिक्त रू. ७०,०००।- सम्म जरिवाना हुन सक्ने भई सो सुविधा निवेदकले पाउने नै देखियो। जरिवानाबापत निवेदक करिब डेढ वर्ष कैदमा रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) अनुसार जरिवाना बापत कैदमा बसेको प्रत्येक दिनको रू. ३००।- का दरले कट्टा हुने भएकाले निवेदक महेन्द्र श्रेष्ठलाई हुन सक्ने जरिवानाबापत समेत निज कैदमा रही जरिवानासमेत भुक्तान गरिसकेको देखियो । हुन सक्ने कैद र जरिवानाबापत निवेदकले कैदमा रहेर भुक्तान गरिसकेको देखिँदा अहिले निज निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखिएको मान्नुपर्ने देखिन आउने।

अतः बिना पौडेलसमेतको जाहेरीले वादी नेपाल सरकार, प्रतिवादी रिट निवेदक महेन्द्र श्रेष्ठसमेत भएको ०७०-CR-००१७ को ठगी मुद्दामा निज महेन्द्र श्रेष्ठलाई हुने ठहर भएको कैद र जरिवाना रकमसमेत निज थुनामा रही असुल भइसकेको र निज बढी अवधि कैदमा रहेको देखिँदा हाल निवेदकलाई गैरकानूनी रूपमा कैदमा राखिएको देखिएकाले निजलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नुपर्ने भएमा बाहेक उपर्युक्त उल्लिखित ठगी मुद्दामा राखिएको कैदबाट तत्काल मुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल फाल्गुन ४ गते रोज ३ शुभम्।

**३४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र श्री हरिप्रसाद फुयाल,** *०७१-CR-०४२५, कर्तव्य ज्यान, नेपाल सरकार वि. देवु भन्ने देवेन्द्र काफ्लेसमेत*

प्रतिवादी दिक्पाल भन्ने ढाल बहादुर खड्काले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा देवेन्द्र काफ्ले र हरि पोखरेल झगडा गर्न थालेपछि म आफ्नो घर तिर गएको हो। हरि पोखरेललाई कुटपिट गरेको होइन भनी अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत इन्कारी बयान गरेको पाइन्छ । प्रतिवादी देवु भन्ने देवेन्द्र काफ्लेले तिहारमा मलाई कुट्ने तँ होस भनी हरि पोखरेललाई भकाभक मुड्कीले हिर्काएको हुँ । ढाल बहादुर खड्कासमेत हामी दुई जनाले हरि पोखरेललाई कुटपिट गरेपछि रगताम्मे भई भुँइमा लडेका हरि पोखरेललाई त्यहीँ छाडी घर तिर गएको भनी देवेन्द्र काफ्लेले प्रहरीमा ठाडो कागज गरिदिएको देखिन्छ । निजले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा रक्सी खाई बाटो हिडने क्रममा बदला लिन उपयुक्त हुन्छ भन्ने ठानी हरि पोखरेललाई म र ढाल बहादुर मिलेर कुटेको हो भनी उल्लेख गरेको पाइन्छ। निजले अदालतमा बयान गर्दा हरि पोखरेललाई कुटेको होइन भनी इन्कारी बयान गरेको देखियो । मौकामा कागज गर्ने भोजबहादुर मिजार, सुमन पोखरेल, लालमणी पोखरेल, कृष्ण बहादुर कार्कीसमेतले देवेन्द्र काफ्ले र ढाल बहादुर खड्काले हरि पोखरेललाई कुटपिट गरेका र सोही कुटपिटका कारण हरि पोखरेलको मृत्यु भएको विश्वास लाग्छ भनी लेखाइदिएको पाइन्छ । यसरी देवेन्द्र काफ्ले र ढाल बहादुर खड्कासँग केही विवाद भई मादक पदार्थ सेवन गरेको अवस्थामा हरि पोखरेललाई कुटपिट गरेको भन्ने तथ्य खुल्न आएको पाइन्छ। हाट जाने, मादक पदार्थ सेवन गर्नेसमेतका कुरामा मृतक र प्रतिवादीहरू साथीभाइको हैसियतले सामूहिक रूपमा सल्लाह गरी गएको र मादक पदार्थ सेवन गरेपछि केही उत्तेजनामा आई सामान्य विवाद भएको भन्नेसम्म देखिएको छ। ज्यान नै मार्नुपर्नेसम्मको पूर्वरिसइवी वा मनसाय रहेको तथ्य पुस्टि हुन आएको देखिने।

मिति २०६८/७/२५ गतेका दिन प्रतिवादीहरू तथा मृतक हरि पोखरेल छाँडेको हाटबाट फर्किने क्रममा भक्त बहादुर वि.क.को घरमा खाजा रक्सी खाई सँगै हिँडेका र बाटोमा सामान्य विवाद भएकोसम्म

पाइयो। यसपछि देवेन्द्र काफ्ले र ढाल बहादुर खड्काले हरि पोखरेललाई बाटोमा नै छोडी हिँडेको भन्ने देखिन्छ। भोलिपल्ट अर्थात् मिति २०६८/७/२६ गते हरि पोखरेललाई घटनास्थलमा फेला पारी उपचारको लागि नजिकको इलाका स्वास्थ्य चौकी झुलेमा पुर्‍याई उपचार गर्दागर्दै निजको मृत्यु भएको तथ्य खुल्न आएको छ। ज्यान मार्नेसम्मको पूर्वरिसइवी राखेर कार्य गरेको भन्ने तथ्य खुल्न आएको देखिँदैन। मृतक हरि पोखरेल र प्रतिवादीहरू सँगै बसेर रक्सी सेवन गरेको र नशामा रहेको अवस्थामा केही विवाद भएको, पछि हरि पोखरेललाई बाटोमा नै छाडेर प्रतिवादीहरू आ-आफ्नो घर गएको देखिन्छ। प्रतिवादीहरूले अदालतमा बयान गर्दा ज्यान मार्ने कार्य गरेको कुरामा इन्कार रहेको देखिन्छ। निजहरूको कर्तव्यबाट नै हत्या भएको भनी पुस्टि हुने कुनै प्रत्यक्ष प्रमाण पेस हुन सकेको देखिँदैन। जाहेरवाला तथा बुझिएका मानिसहरूले केवल शंका र अनुमानको आधारमा किटान गरेको पाइने।

प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसलाउपर निज प्रतिवादीहरूको पुनरावेदन परेको देखिँदैन। तसर्थ ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम सजाय हुने ठहर गरेको हदसम्म थप विचार गरिरहन परेन। इविलाग वा मनसाय राखेर ज्यान मार्ने कार्य यी प्रतिवादीहरूले गरेका हुन भनी विश्वास गर्न सकिने प्रमाण अभियोजन पक्षबाट पेस हुन सकेको पाइएन। यस अवस्थामा केवल शंका र अनुमानका आधारमा प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहर गर्न नमिल्ने।

अत: प्रतिवादी देवु भन्ने देवेन्द्र काफ्लेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी दिक्पाल भन्ने ढाल बहादुर खड्कालाई ऐ. १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याई सुरू दोलखा जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम २ वर्ष कैद र रू. ५००/- जरिवाना गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०/११/१३ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल माघ १९ गते रोज २ शुभम्।

**३५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-१७५१, निषेधाज्ञा, भिखर चौधरी मलाह वि. गुठी संस्थान शाखा कार्यालय, पर्सा*

जिल्ला पर्सा, श्रीसिया खल्वाटोल गा.वि.स. वडा नं. ७ कि.नं. १९७ को ०-१-१७ जग्गा गुठी संस्थानअन्तर्गतको वीरगन्ज पाकशाला गुठी तैनाथी जग्गा हो भन्ने तथ्यमा विवाद देखिँदैन। सो जग्गा निवेदकले मिति २०६३ सालमा बहालमा लिएको र बहाल लिँदा भएको सम्झौताको सर्त नं. १ मा पछि कुनै किसिमको दाबी गर्ने छैन भन्ने बेहोरा उल्लेख भएकोसमेत देखिन्छ। केही अवधि गुठीको जग्गा बहालमा लिई भोग गरेको भन्ने आधारमा नै जग्गा आफ्नो नाउँमा रैतान नम्बरीमा परिणत गरी दर्ता गर्ने दाबी पुग्ने अवस्था रहँदैन। वस्तुत: यस विवादको निरूपण यिनै निवेदकले दायर गरेको ०७०-WO-०३८५ को निवेदनका सन्दर्भमा समेत भइसकेको देखिन्छ। मिति २०७३/७/७ मा उक्त निवेदन खारेज भएपछि पनि फैसला तयार भई नसकेको भन्ने कुराको आधारमा पुनरावलोकनको निवेदन दिन पाउने म्यादसम्मको लागि भुवहाल लिने कार्यका विरूद्ध निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने निवेदन गरिएको देखिन्छ। उल्लिखित कि.नं. १९७ को जग्गामा निवेदकको कुनै प्रकारको हक स्थापित भएको देखिँदैन। निषेधाज्ञाको माध्यमबाट कुनै हकको सिर्जना गर्ने वा भएको हक

समाप्त गर्ने कार्य गर्न मिल्दैन। निषेधाज्ञाको माध्यमबाट स्थापित हकको सुरक्षणका लागि अस्थायी प्रकृतिको उपचारसम्म प्रदान गरिन्छ। मुद्दामा पुनरावलोकनको म्याद बाँकी छ भन्ने आधारमा निषेधाज्ञाको आदेश जारी गर्न मिल्दैन। जग्गा गुठीअन्तर्गतको भएकाले गुठी संस्थानले सो जग्गाको आवश्यक व्यवस्थापन गर्न पाउने नै हुने।

अत: निषेधाज्ञा जारी गरिपाउँ भन्ने निवेदन खारेज हुने ठहऱ्याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७३/९/५ को फैसला मनासिब देखिदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल चैत्र ३१ गते रोज ३ शुभम्।

## ३६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CI-०२३६, निषेधाज्ञा, अन्जनी कुमार थापा वि. अस्मिन्द्र कुमार थापा*

घर बहाल दिलाउने, घर खाली गराउने जस्तो देवानी प्रकृतिको विषयमा निवेदन लिई प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय काठमाडौं तथा प्रहरी कार्यालयले काम कारबाही गरेको तथ्य स्थापित रहेको देखियो। यस प्रकारको देवानी दायित्वको विषयमा जिल्ला प्रशासन कार्यालयलगायत प्रहरी कार्यालयहरूले निवेदन लिने र पक्षलाई कानूनी उपचार दिनेलगायतको कार्य गर्न पाउने अधिकार कानूनले प्रदान गरेको देखिँदैन। उच्च अदालतबाट कुनै प्रकारको फौज्दारी कसुरको विषयमा कानूनबमोजिम प्रहरीले अनुसन्धान तहकिकात गर्ने कुरामा रोक लगाउने गरी आदेश भएको देखिँदैन। केवल देवानी दायित्वको विषयमा अर्थात प्रहरी कार्यालयको क्षेत्राधिकार बाहिरको कुरामा निवेदकलाई धरपकड नगर्नु नगराउनु भनी उच्च अदालतबाट निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको पाइयो। यस प्रकार जारी भएको निषेधाज्ञाको आदेश स्वाभाविक, न्यायोचित र कानून अनुकूल नै देखिने।

अत: देवानी दायित्वको विषयमा निवेदकलाई धर-पकड नगर्नु नगराउनु भनी प्रत्यर्थी प्रहरी कार्यालयसमेतका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७४/२/१० को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल चैत्र ३१ गते रोज ३ शुभम्।

## ३७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-०५२७, निषेधाज्ञा, परमादेश, भुवनकुमार गौतम वि. नेपालगन्ज उपमहानगरपालिका, बाँकेसमेत*

बाँके जिल्लाको साबिक बसुदेवपुर गा.वि.स. वडा नं. ९क कि.नं. २३० को ४-१३-१८ जग्गा सार्वजनिक जग्गा भएको र सो जग्गामा निवेदकको कुनै हक अधिकार कायम नरहेको तथ्यमा विवाद देखिएन। निवेदकले उक्त कि.नं. २३० को ४-१३-१८ जग्गा २०४४ सालदेखि भोग गरेको भनी जिकिर लिएको भए पनि जग्गा सार्वजनिक प्रकृतिको भएकाले निवेदकले गरेको भोगलाई अनधिकृत र कानून प्रतिकूल मान्नुपर्ने देखिन्छ। सार्वजनिक सम्पत्ति केही वर्ष भोग गरेको छ भन्दैमा सो सम्पत्तिमा व्यक्तिको हक स्थापित हुन सक्तैन। यदि व्यक्तिले कुनै बेहोराले दर्ता गराएकै अवस्था हुन्थ्यो भने पनि त्यस प्रकारको दूषित दर्ताले कानूनी वैधता प्राप्त गर्न सक्ने देखिँदैन। उल्लिखित जग्गा नेपालगन्ज उपमहानगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गा रहेको देखिँदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) (ञ)को(३) बमोजिम सो जग्गाको संरक्षण गर्ने कर्तव्य तथा दायित्व नेपालगञ्ज उपमहानगरपालिकामा रहेको देखिन्छ। जग्गामा निवेदकको निर्विवाद हक स्थापित भएको नदेखिँदा सो

जग्गा खाली गराउने कार्यबाट निजको कुनै प्रकारको हकाधिकारमा असर पर्ने अवस्था नै रहेको देखिँदैन । तसर्थ निबेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२/१०/१३ मा भएको आदेश मनासिब देखिने ।

अत: निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२/१०/१३ मा भएको आदेश मनासिब देखिँदा सदर हुने ठहर्छ । निवेदक भुवन कुमार गौतमको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल चैत्र ३१ गते रोज ३ शुभम् ।

३८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CI-०५३७, अंश चलन, जितबहादुर कार्कीसमेत वि. रन्जना भनि चिनिने अनिता तिवारी (कार्की)*

प्रत्यर्थी अनिता तिवारी र पुनरावेदक रामचन्द्र कार्कीको सामाजिक परम्पराअनुसार मिति २०७१।३।१८ विवाह भई मिति २०७१।१२।२१ मा छोरा प्रस्युत कार्कीको जन्म भएको देखिन्छ । छोरा जन्मेको १६ दिनदेखि निज अनिता तिवारी छोरोसमेत लिई माइत गई बसेको छु भनी दाबी लिएको देखिन्छ। सो दाबीलाई पुनरावेदक प्रतिवादीले अन्यथा भनेको पाइँदैन । पुनरावेदकले सुरू अदालतमा तायदातीमा फाँटवारी पेस गर्दा विभिन्न बैंक तथा सहकारीमा ऋण रहेको भनी जिकिर लिएको पाइयो । सो ऋण घर बनाउँदा र छोराछोरीको विवाह गर्दा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, कुपण्डोल शाखाबाट रू.९०,१७,६२६।२४ ऋण लिएको लिखत पेस गरेको पाइन्छ । कृषि विकास बैंकबाट ऋण लिएको सो ऋण नै हाल सिटिजन्स बैंक इन्टरनेसनल लि.मा परिणत गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट समर्थन भएको छैन । सो ऋण घर बनाउँदा लागेको भन्ने पुनरावेदकको भनाई रहेकोमा सो घर अनिता तिवारीको विवाहपूर्व नै निर्माण भइसकेको देखिन्छ । अनिता तिवारी तथा छोरा २०७१ सालदेखि नै माइतीमा गई बसेपश्चात्को समयमा प्रतिवादीहरूले मिति २०७३/२०७४ सालमा आएर ऋण लिएको भन्ने मिसिल संलग्न ऋण लिएको प्रमाणित प्रतिलिपिबाट देखिन आउँछ । प्रत्यर्थी अनिता तिवारी छोरा प्रस्युत कार्कीसहित माइतीमा बस्दा यी पुनरावेदकबाट सुत्केरी खर्च औषधी उपचार तथा पालनपोषणलगायत बच्चा हुर्काउन अन्य आवश्यक खर्चका बेहोरेको भन्ने देखिँदैन । सो अनुसार पुनरावेदकबाट कुनै जिकिर तथा दाबी लिएको पनि देखिएको छैन । सगोलमा रहँदा कुनै प्रयोजनका लागि अंशियारको हकमा रकम खर्च भएको अवस्थामा मात्र सो ऋणको दायित्व निजले बेहोर्नु स्वाभाविक हुन्छ । प्रस्तुत मुद्दामा नाबालक प्रस्युत कार्कीको लागि निजको जन्म हुदा होस् वा त्यसपछि पालनपोषण गर्दा होस् पुनरावेदकले कुनै रकम दिएको वा खर्च गरेको भन्ने देखिँदैन । यस अवस्थामा पुनरावेदकका बुबा तथा निजका हजुरबुवाले लिएको ऋण निज नाबालक प्रस्युत कार्कीले समेत बेहोर्ने गरी अंशबन्डा लगाउनु न्यायोचित र विवेकसम्मत हुँदैन । उल्लिखित तथ्यहरूका आधारमा वादी प्रतिवादीबिच मनमुटाव भएपछि मात्र यी पुनरावेदक प्रस्युत कार्कीको संरक्षक अनिता तिवारीलाई ऋणको दायित्व थुपारी घुमाउरो पाराले अंश हकबाट वन्चित गराउने दूषित मनसायले पुनरावेदक/प्रतिवादीहरूले ऋण देखाएको भन्ने देखिन्छ । यस अवस्थामा पुनरावेदन दाबी सत्य तथ्यमा आधारित नदेखिँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थः पुनरावेदक वादीमध्ये नाबालक प्रस्युत कार्कीको मिति २०७१/१२/२१ मा जन्म भई केही दिनपछि आमा अनिता तिवारी निज नाबालकसहित माइतीमा गई बसेको भन्ने दाबी गरेकोमा प्रतिवादीहरूको

अन्यथा भनाइ नरहेको र निजहरू घरमा नै नबसेको अवस्थामा लिइएको ऋण रकममा प्रत्यर्थी /वादीको दायित्व कायम गर्न न्यायोचित नहुने हुँदा त्यस्तो ऋण रकमसमेत वादीलाई बन्डा लाग्ने ठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७५/०३/५ को फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई वादीले ऋणको दायित्व व्यहोर्न नपर्ने ठहरी उच्च अदालत पाटनबाट मिति २०७६।५।२३ मा भएको फैसला कानूनसम्मत देखिँदा सदर हुने ठहर्छ । वादी प्रस्युत कार्कीलाई ऋणसमेत बन्डा गरिपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल साउन १८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७६-CI-०५३८, माना चामल, जितबहादुर कार्की वि. रन्जना भनी चिनिने अनिता तिवारी (कार्की)
- ०७६-CI-०५३९, सम्बन्ध विच्छेद, रामचन्द्र कार्की वि. रन्जना भनी चिनिने अनिता तिवारी (कार्की)

## ३९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-१२६६, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), राष्ट्रिय खेलकुद् परिषद्अन्तर्गत कैलाली जिल्ला खेलकुद विकास समिति, कैलाली वि. नेपाल सरकार*

राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वरअन्तर्गत कैलाली जिल्ला खेलकुद विकास समिति, धनगढीमा कार्यरत फुटबल प्रशिक्षक लालबहादुर खड्काले सेवामा कार्यरत रहेका बखत माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारतबाट सन् १९९५ मा हाइस्कुल परीक्षा (एस.एल.सी. सरह) पास गरेको भनिएको प्रमाणपत्रहरू राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वरमा मिति २०७३।०५।१३ गते पेस गरेको निजको व्यक्तिगत विवरण र बयान कागजसमेतबाट देखियो । निजको उक्त शैक्षिक योग्यताका प्रमाणपत्रहरू राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमार्फत माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारतमा प्रमाणीकरणका लागि पठाउदा त्यहाँबाट प्राप्त विवरणको सि.नं. ५ मा निजले पेस गरेको प्रमाणपत्रमा उल्लिखित परीक्षा, वर्ष, अनुक्रमाङ्क, योग, श्रेणी, परीक्षा केन्द्र, परीक्षार्थीको नाम, पिताको नाम रहेको कैफियत महलमा "विवरणमे भिन्नता है" भन्ने विवरण प्राप्त भएको बेहोरा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरको च.नं. ११६३ मिति २०७४।१०।१४ गतेको पत्रबाट उल्लेख भई आएको देखिन्छ तर कुन विवरणमा के भिन्नता रहेको छ भनी आधार र प्रमाण खुलेको अवस्था नदेखिने ।

विशेष अदालतको मिति २०७५।१२।०५ मा भएको आदेशानुसार च.नं.३३९४ र मिति २०७५।१२।१० समेतको पत्रबाट पुनः प्रमाणीकरणका लागि पठाउँदा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारतबाट “छात्र ने लखनाउका अङ्क पत्र/प्रमाण पत्र संलग्न किया है प्रयागराज से संबन्धित है । भनी उल्लेख भएकोमा प्रयागराज से संबन्धित है” भनेको स्थान, ठाउँ, व्यक्ति वा निकाय के को नाँउ हो ? सोको अर्थ सम्बन्धमा प्रस्ट र यकिन खुलेको देखिँदैन । उक्त विवरण वादी दाबीलाई पुष्टि हुने प्रकृतिबाट उल्लेख नभई र शैक्षिक प्रमाणपत्रहरूमा कुनै कैफियत नजनाई "प्रयागराज से सम्बन्धित है" भन्नेसमेत उल्लेख भई आएको देखिन्छ । पुनरावेदक प्रतिवादीलाई प्रमाणपत्रहरू पुनः प्रमाणीकरण भइ आउँदा उल्लेख भएको उपर्युक्त विवरण सम्बन्धमा निज पुनरावेदक प्रतिवादीबाट थप स्पष्ट खुलाएको पनि देखिँदैन । प्रतिवादीको प्रमाणपत्र सम्बन्धमा पुनः प्रमाणीकरणमा उल्लेख भएको भाषागत विवरण हेर्दा विशेष अदालतको फैसलाले निरूपण गर्नुपर्ने सवाल यकिन रूपमा

निरूपण गर्न नसकिएको देखिँदा थप प्रमाण बुझेर मात्र प्रस्तुत विवादको निष्कर्षमा पुग्नुपर्ने देखिन आउने।

अतः विवादित सर्टिफिकेट कुन शैक्षिक संस्थाबाट जारी भएको हो स्पष्ट नभएको, प्रयागराज व्यक्ति नभई स्थान विशेष भन्ने पुनरावेदकको जिकिर रहेको तथा प्रयागराज प्रतिवादीको सम्बन्ध रहेको संस्था वा व्यक्ति हो ? यकिन नभएकले सो सम्बन्धमा यकिन नगरी भएको विशेष अदालत मिति २०७६।०६।१० को फैसला मिलेको नदेखिँदा बदर गरिदिएको।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र ८ गते रोज ३ शुभम्।

**४०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-०५४०, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), नेपाल सरकार वि. होमबहादुर खड्का क्षेत्री*

प्रतिवादीले प्रतिवादीको बयान अनुसार सन् १९९९ मा पेस गरेको प्रमाणपत्रका आधारमा हवल्दार पदमा बढुवा हुँदाका बखत सो प्रमाणपत्र पेस गरेका तार्किक निष्कर्ष निकाली विशेष अदालतले फैसला गरेको देखिन्छ। यसरी निजले सो प्रमाणपत्र २०६४ सालमा सहायक प्रहरी निरीक्षक हुँदाका बखत पेस गरी लाभ लिएको भन्ने यकिन अवस्था देखिन आएन। तसर्थ निजको अपराधजन्य कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ प्रचलनमा रहेको बखत भएको मान्नुपर्ने देखिन आएको।

प्रतिवादीको कसुरजन्य कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ क्रियाशील रहेको अवस्था भएकोले र पछि बनेको ऐनको सजाय कसुर गर्दाका बखत भएको ऐनको सजायभन्दा बढीसमेत देखिएकोले निज प्रतिवादीका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ का कानूनी व्यवस्था एवं सजाय आकर्षित हुन आउने।

अतः प्रतिवादी होमबहादुर खड्का क्षेत्री मिति २०५३।०९।०१ मा नेपाल प्रहरीको रिक्रूट प्रहरी जवान पदमा भर्ना भएको, मिति २०५९।०१।१८ देखि प्रहरी हवल्दार पदमा बढुवा भएको र मिति २०६४/०४/१७ मा हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक पदमा बढुवा भए तापनि निजले पेस गरेको नक्कली सर्टिफिकेटको आधारमा २०५९।०१।१८ मा हवल्दार पदमा बढुवा भई लाभ प्राप्त गरेको स्थिति देखिँदा तत्बखतको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिम कसुर गरेको पुष्टि हुन आएको हुँदा सोही ऐनको दफा १२ र २९(२) बमोजिम प्रतिवादी होमबहादुर खड्का क्षेत्रीलाई रू.३,०००।- (तीन हजार रूपियाँ) जरिवाना ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७६।०३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर:- मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र ८ गते रोज ३ शुभम्।

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-००१०, भ्रष्टाचार, नेपाल सरकार वि. अम्बिका गौतम*

जुन शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा सेवा प्रवेश गरी सरकारी लाभ लिएको भन्ने वादी पक्षको आरोपदाबी रहेको छ, उक्त आरोपदाबी, रत्ननगर नगरपालिका कार्यालयको पत्र जवाफ एवं सो पत्रसाथ संलग्न अम्बिका गौतमको व्यक्तिगत फाइलसमेतबाट निजले BIHAR SCHOOL OF EXAMINATION BOARD, PATNA बाट प्राप्त गरेको हाइस्कुल तह उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी सेवा प्रवेश गरेको र सोबाट लाभसमेत लिएको पुष्टि हुन नसकेको देखिँदा प्रतिवादीले आरोपदाबीबमोजिमको कसुर गरेको नदेखिने।

अतः माध्यमिक तह पास (एस.एल.सी.) को

शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको भन्ने प्रतिवादीउपर आरोपदाबी भएकोमा निजले सेवा प्रवेश गर्दा र तत्पश्चात् पनि सो शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको निजको व्यक्तिगत फायलसमेतबाट नदेखिँदा विशेष अदालत, काठमाडौंबाट मिति २०७५।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल भाद्र ८ गते रोज ३ शुभम्।

## ४२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७७-WH-०३८०, बन्दीप्रत्यक्षीकरण, भरतबहादुर बम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

निवेदक भरतबहादुर बमलाई ०७४-C१-०५६३ को सङ्गठित अपराधमुद्दामा पुर्पक्षका लागि बाँके जिल्ला अदालतको मिति २०७६/३/२४ को आदेशबमोजिम थुनामा राखिएको र सो मुद्दा हाल बाँके जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको देखियो । जिल्ला अदालतले दुई वर्षभन्दा अगाडि मिति २०७६/३/२४ मा मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने भनी गरेको आदेशउपर निजले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम सम्बन्धित उच्च अदालतसमक्ष निवेदन गर्न पाउनेमा सोबमोजिम निवेदन गरेको देखिएन । बाँके जिल्ला अदालतबाट मिति २०७६/३/२४ मा भएको आदेशमा "बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, घटना विवरण कागज, घटनाको प्रकृति र प्रतिवादीउपरको अभियोग मागदाबी तथा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ४१ मा उल्लिखित कानूनी प्रावधानसमेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी अहिले नै निर्दोष छन् भन्ने अवस्था विद्यमान नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रतिवादी भरतबहादुर बमलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्न ऐ.को दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालय बाँकेमा पठाइदिनु" भन्ने आदेश भएको र सोबमोजिम थुनुवा पुर्जी दिई थुनामा राखेको।

कानूनविपरीत थुनामा राखिएको भएमा, प्रवृत्त धारणा बनाई वा बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको भएमा, पक्राउ गर्नुपर्ने कारणको सूचना तथा जानकारी नै नदिई थुनामा राखेको भएमा, प्राकृतिक न्यायको सिद्धान्तको गम्भीर उल्लङ्घनलगायत कानूनले अनिवार्य रूपमा पालन गर्नुपर्ने भनी निर्धारण गरेका प्रक्रियाहरूको स्पष्ट उल्लङ्घन गरी थुनामा राखिएको देखिएमा, अख्तियारवालाबाहेक अरूबाट अनधिकृत रूपमा थुनामा राखिएको भएमा, वा स्वच्छ सुनुवाइको मान्यता प्रतिकूल थुनामा राखेको देखिएको अवस्थामा वा यस्तै प्रकारका कानून प्रतिकूल थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था रहन्छ । तर त्यस प्रकारको अवस्था विद्यमान नरहेको र नियमित फौजदारी न्याय प्रक्रियाको सन्दर्भमा सक्षम अदालतले प्रमाणको मूल्याङ्कन गरी मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको विषयलाई लिएर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब हुँदैन । सामान्यतया: अदालतले नियमित र साधारण क्षेत्राधिकारअन्तर्गत हेरेको कुरालाई बन्दीप्रत्यक्षीकरणको विषय बनाउनु हुँदैन। अदालतले मुद्दाको रोहमा कुनै काम कारबाही गर्दा कानूनको उल्लङ्घन हुन गएको र परिणामस्वरूप गम्भीर अन्याय (GROSS INJUSTICE) हुन पुगेको स्थितिमा यदाकदा अपवाद स्थितिमा बन्दीप्रत्यक्षीकरणको माध्यमबाट न्यायिक उपचार प्रदान गरिएका केही दृष्टान्त छन् । तर यसलाई सामान्यीकरण गरिनु मनासिब हुँदैन। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने

अधिकारको खुकुलो वा हलुका प्रयोगले न्याय पद्धतिमा गडबडी पैदा नहोस् भन्ने पक्षमा पनि वाञ्छित विवेक पुग्नु आवश्यक हुने।

निवेदक भरतबहादुर बमउपर चलेको सङ्गठित अपराध मुद्दा बाँके जिल्ला अदालतसमक्ष विचाराधीन रहेको देखिन्छ । यस अवस्थामा अहिले रिट क्षेत्राधिकारबाट सुरू अदालतमा विचाराधीन मुद्दाको अन्तरवस्तुमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी विवादको निरूपण गर्नु मनासिब देखिँदैन । मातहत अदालतमा विचाराधीन रहेका मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गरी इन्साफ गरेको परिणाम आउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु हामीले अख्तियार गरी आएको मान्यता, प्रणाली वा अवधारणाअनुकूल पनि हुँदैन । निवेदक राम कार्की विरूद्ध पुनरावेदन अदालत पाटनसमेत भएको बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतबाट "अधिकारप्राप्त अदालतबाट मुद्दाको कारबाहीको सिलसिलामा न्यायिक थुनामा रहेको निवेदकको थुनालाई गैरकानूनी भन्न नसकिने भएकोले यस्तो अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने" भनी व्याख्या भएको देखिन्छ । अन्य धेरै विवादका सन्दर्भमा पनि यस अदालतले सोही प्रकारको मान्यता अगाडि सारेको पाइन्छ । प्रस्तुत विवादको सन्दर्भमा निवेदकको थुना गैरकानूनी, बदनियतपूर्ण वा अनधिकृत हो भन्ने नदेखिएको र उक्त थुनालाई गम्भीर अन्यायपूर्ण परिणाम पैदा हुने प्रकृतिको कानून प्रतिकूलको थुना मान्न सकिने अवस्थासमेत नभएको हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने।

अतः मिति २०७६/३/२४ मा साधिकार अदालतबाट नियमित फौजदारी न्याय प्रक्रियाको सन्दर्भमा भएको थुनछेकको आदेशबमोजिम मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएकोलाई गैरकानूनी थुना भनी मान्न मिलेन। तसर्थ, बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्तैन । रिट निवेदकउपर बाँके जिल्ला अदालतमा चलेको ०७५-C१-०५६३ को सङ्गठित अपराध मुद्दामा वादी प्रतिवादीका साक्षीहरूको बकपत्र गराउने कार्यसमेत भएको देखिएको र मुद्दा दुई वर्षभन्दा बढी पुरानो भइसकेको थुनुवा रहेको मुद्दा देखिँदा अब यसमा जे जो प्रक्रिया पूरा गर्नुपर्छ पूरा गरी आदेशको जनाउसहित सुरू सक्कल मिसिल बाँके जिल्ला अदालतमा प्राप्त भएका मितिले एक महिनाभित्र मुद्दा कानूनबमोजिम मुद्दा किनारा (फैसला) गर्नु भनी सुरू बाँके जिल्ला अदालतमा यस अदालतमा रहेको सुरू मिसिलसहित साथै राखी लेखी पठाइदिने।

इजलास अधिकृतः ओजा लामिछाने

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल साउन १० गते रोज १ शुभम्।

**४३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७७-WH-०१९९, बन्दीप्रत्यक्षीकरण, कृष्णभक्त श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक कृष्णभक्त श्रेष्ठउपर काठमाडौं जिल्ला अदालतमा लागु औषध मुद्दा चलेको; सो अदालतबाट निजलाइ एक वर्ष कैद सजाय हुने ठहर गरी फैसला भएको; सो एक वर्ष कैद निजले पहिले नै भुक्तान गरी छुटेको; जिल्ला अदालतको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेको; र सो अदालतबाट मिति २०६३/१०/१४ गते सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीलाई पाँच वर्ष कैद र रू. पाँच हजार जरिवाना हुने ठहर भएको पाइयो । सुरू फैसलाउपर पुनरावेदन गर्न निवेदक (प्रतिवादी) लाई रीतपूर्वक पुनरावेदनको म्याद दिएको देखिँदैन; पुनरावेदन अदालतले मुद्दामा सुनुवाई गर्दा निवेदकको वतन काठमाडौं जिल्ला, काठमाडौं

महानगरपालिका वडा नं. १६ वनस्थली स्थित घरद्वारमा म्याद तामेल नगरी काठमाडौं महानगरपालिका वडा नं.१६ को वडा कार्यालयमा बेपत्ते तामेल गरिएको देखियो । यसरी बेपत्ते म्याद तामेली भएको आधारमा मुद्दामा सुनुवाइ गरी सुरू फैसला केही उल्टी गरेर पाँच वर्ष कैद हुने ठहर गरिएको पाइयो । यसरी फैसला भएपछि पनि निज निवेदक (प्रतिवादी) का नाउँमा रीतपूर्वक म्याद जारी गरी पुनरावेदन गर्ने अवसर प्रदान गरेको देखिन आएन । सो म्यादसमेत बेरितसँग तामेल भएको देखिने ।

कुनै व्यक्तिका विरूद्ध निर्णय गर्नुपूर्व निजलाई कानूनद्वारा निर्धारित प्रक्रिया अनुसार सुनुवाइको अवसर प्रदान गरिनु अनिवार्य हुन्छ । घरद्वार यकिन रहेका र वतन प्रस्ट खुलाइएका अवस्थाका व्यक्तिको नाउँको म्याद वडा कार्यालयको सूचना पाटीमा टाँस गर्दैमा रीत पुऱ्याई तामेल गरेको मान्न सकिदैन । वतन पत्ता नलागेको वा घरद्वार स्थानान्तरण भएको स्थितिमा अवस्था र परिस्थिति अनुसार, यदाकदा, बेपत्ते रूपमा तामेल भएकोलाई पनि कानूनी प्रयोजनका लागि रीतपूर्वक तामेल भएको मान्ने व्यवस्था रहेको देखिन्छ । यो अपवादात्मक प्रावधान हो । यस प्रकारको प्रावधानको आडमा घरद्वार पत्ता लागेको अवस्थाका व्यक्तिको नामको म्याद बेपत्ते तामेल गर्ने सुविधा प्राप्त हुन सक्तैन । सो म्यादको औचित्य तर्फ पनि विवेकपूर्ण रूपमा दृष्टि दिनु आवश्यक हुन्छ । निवेदक अच्युतप्रसाद रिजाल विपक्षी विशेष अदालतसमेत भएको संवत् २०६६ सालको रिट नं. ०६६-WH–००६८ को बन्दीप्रत्यक्षीकरण रिट निवेदनलगायत कतिपय विवादका सन्दर्भमा यस अदालतबाट पटक पटक सुनुवाइको उचित मौका प्रदान गर्नुपर्ने अनिवार्यता सम्बन्धमा व्याख्या र विवेचना भई सिद्धान्त प्रतिपादन भएकोसमेत देखिन्छ । यसरी प्रतिपादित सिद्धान्तसमेतका दृष्टिले हेर्दा निवेदक कृष्णभक्त श्रेष्ठलाई कानूनको उचित प्रक्रिया अनुशरण गरी सुनुवाइको मौका प्रदान गरिएको भन्ने नदेखिँदा पुनरावेदन अदालत पाटनको मिति २०६३/१०/१४ को फैसला उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब यसमा निवेदक कृष्णभक्त श्रेष्ठले आजका मितिले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिमको म्यादभित्र पुनरावेदन दायर गर्न ल्याएमा सो पुनरावेदनपत्र दर्ता गरी पुनः कानूनबमोजिम इन्साफ गर्नु भनी उच्च अदालत पाटनका नाममा परमादेश जारी हुने । उपर्युक्तअनुसार जारी भएको आदेशको परिणामस्वरूप अपनाइने फौजदारी न्याय प्रक्रियाका सन्दर्भमा निवेदकले कानूनबमोजिमको उपचार प्राप्त गर्न सक्ने नै भएको र अदालतबाट भएको फैसलाको आधारमा निजलाई थुनामा राखिएको भन्ने देखिँदा अहिले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः ओजा लामिछाने

कम्प्युटर: विजय खड्का

इति संवत् २०७८ साल साउन १० गते रोज १ शुभम् ।

**४४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CR-०७८२, जालसाजी, रमेश सिं ठकुरिसमेत वि. सानु मैया ठकुरिसमेत*

पुनरावेदक वादी र प्रतिवादी सानुमाया सिंह ठकुरी एकासगोलमा रहेको फिराद लेखबाट देखिन्छ । प्रतिवादी सानुमाया सिं ठकुरीले म वादीको आमा हुँ । मैले घर व्यवहार चलाउनको निमित्त घरजग्गा बिक्री गरेको हो भनी प्रतिउत्तर फिराएको देखिन्छ । बिक्री गर्दा बसोबास गरेको घरसमेतको जग्गा बिक्री गरेको र खरिदकर्ता राजेन्द्रलाल मानन्धरले घरखाली गर भनेकोले घरजग्गा बिक्री भएको थाहा पाएको भन्ने वादी दाबी छ । विवादको लिखत मिति २०६२।९।१३ मा पारित भएको देखिएकोमा करिब साढे आठ वर्षपछि मिति २०७१।३।२ मा मात्र प्रस्तुत जालसाज मुद्दा दर्ता हुन आएको देखियो । वादीले मुलुकी ऐन, किर्ते कागजको १८ नं. अनुसारको हदम्यादभित्र

फिराद दायर गरेको भनी दाबी गरेको देखिए तापनि बसोबासको घर जग्गा खरिद गर्नेले तुरून्त उपभोग गर्ने अवस्था हुने र खरिदकर्ताले बिक्रीकर्तालाई घर खाली गर्नुभन्दा सोही बखत थाहा पाउने अवस्था भएकोमा वादीहरूले लामो समयसम्म आमाले घरजग्गा बिक्री गरेको कार्यलाई चित्त बुझाई बसेको देखियो। प्रतिवादी राजेन्द्रलालले मैले खरिद गरेँ, घर खाली गर्नुहोस भनेकोले थाहा पाएँ भनी उल्लेख गरेको देखिएबाट यी वादीहरू बिक्री भएको घरजग्गामै बसोबास गरेको भन्ने देखिन्छ। अर्कोतर्फ यसै लगाउको ०७४-CR-०७८३ को मुद्दामा वादी दाबीको कि.नं. ११६२ को घरजग्गा निजले मिति २०६९।३।८ मा अमृतलाल मानन्धरलाई बिक्री गरिसकेको भन्ने देखिँदा निज राजेन्द्रलालले घर खाली गर्नुहोस् भनी भनेको भन्ने वादी दाबी पनि समर्थित हुन आउँदैन। वस्तुत: मुलुकी ऐन किर्ते कागजको १८ नं. मा थाहा पाएको मितिले छ महिनाभित्र नालिस नदिए लाग्न सक्तैन भनेकोमा वादीले सो अगाडि नै थाहा पाउनसक्ने मनासिब आधार, कारण मिसिलबाट देखिन्छ देखिँदैन भन्नेतर्फ हेर्नुपर्ने हुन्छ। वादीले दाबी गरेकै आधारमा थाहा पाएको मिति कायम हुने होइन। मिसिल तथ्यबाट पुनरावेदक वादी र प्रत्यर्थी सानुमैया ठकुरी आमा छोराछोरी नाताका भई एकै घरमा बसोबास गरेको देखिएको, आमा प्रतिवादी सानुमैयाले घरव्यवहार चलाउन बिक्री गरेको भनी दाबी लिएकोमा उमेर पुगेका सगै बसेका छोराछोरीले आठ वर्षभन्दा बढि समयसम्म आमाले घरजग्गा बिक्री गरेको थाहा नपाउने भन्ने अवस्था हुन सक्ने स्थिति नदेखिँदा यी वादीहरूले सो व्यवहारको मौकैमा जानकारी पाउन सक्ने मनासिब आधार कारण मिसिलबाट देखिन्छ। आमाले उनाउ व्यक्तिलाई फाइदा पुग्ने र आफ्ना छोराछोरीको अंशहक मर्ने गरी छोराछोरीले थाहा जानकारी पाउन नसक्ने गरी व्यवहार गर्नुपर्नेसम्मको कारण मिसिलबाट खुल्दैन। यस स्थितिमा आमाले बिक्री गरेको जग्गा आठ वर्षपछि मात्र थाहा पाएको भन्ने वादी दाबी यथार्थपरक र विश्वसनीय देखिन नआउने।

प्रस्तुत मुद्दामा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति हुँदा उच्च अदालतबाट मुलुकी ऐन, अंशबन्डाको १९ नं. तथा ने.का.प. २०६९ अङ्क ५ निर्णय नं. ८८२१ मा प्रतिपादित सिद्धान्तसमेत विपरीत फैसला भएको भनी अनुमति भएको देखिन्छ। उक्त मुद्दामा सगोलको अंशियारको अनुमति नलिई सगोलको सम्पत्ति बकसपत्र भएकोमा एक्काइस वर्ष नाघेका अंशियारको मन्जुरी नभएको भनी मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र उजुरी गरेको अवस्था देखिन्छ तर प्रस्तुत मुद्दामा लिखत पारित भएको आठ वर्षभन्दा पछि मिति २०७१।३।२ मा जालसाजी व्यवहार भनी फिराद दर्ता हुन आएको देखिएको, प्रतिवादी सानुमैयाले फिरादीहरूको हक मार्ने गरी प्रतिवादी राजेन्द्रलाल मानन्धरलाई बसोबासको घर बिक्री गर्नुपर्ने कारण नदेखिएको एवम बिक्री भएकै घरमा बसिरहेको भनी दाबी लिने वादीहरूले घर बिक्री भएको आठ वर्षपछि मात्र लिखत पारित भएको थाहा पाएको भनी जिकिर लिएको अवस्था हुँदा उल्लिखित मुद्दाको तथ्यभन्दा भिन्न तथ्य देखिएकोले मुद्दा दोहोऱ्याई हेर्ने गरी मिति २०७४।९।१९ मा भएको आदेशसँग सहमत हुन नसकिने।

फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई मकवानपुर जिल्ला अदालतबाट मिति २०७२।३।९ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।८।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १० गते रोज ६ शुभम्।

- यसै लगाउका ०७४-CR-०७८३, जालसाजी, रमेश सिं ठकुरिसमेत वि. अमृतलाल मानन्धरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**इजलास नं. ४**

**४५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७८-WH-०११५, बन्दीप्रत्यक्षीकरण, रामकृष्ण राई वि. उच्च अदालत पाटनसमेत*

निवेदकसमेत ८ जनाउपर बिगो रू.४५,४५,७६६।९७ दाबी गरी सिभिल बैंकको जाहेरी भएको बैंकिङ कसुर मुद्दा मिति २०७३।०४।१६ मा, त्यसैगरी निज निवेदकसमेत ५ जनाउपर बिगो रू.४४,४९,४००।०० दाबी गरी नविल बैंकको जाहेरी भएको बैंकिङ कसुर मुद्दा मिति २०७३।१०।१३ मा र निज निवेदकसमेत ५ जनाउपर बिगो रू.२२,००,०००।- (बाइस लाख) दाबी गरी महालक्ष्मी विकास फाइनान्सको जाहेरी रहेको बैंकिङ कसुर मुद्दा मिति २०७३।१०।१४ मा उच्च अदालत पाटनमा दर्ता भई सो मुद्दाहरूमा थुनछेकको क्रममा क्रमशः मिति २०७३/४/२३ मा रू.१५,४३,२५६(पन्ध्र लाख त्रिचालिस हजार दुई सय छपन्न रूपियाँ), मिति २०७३/११/११ मा रू. २५,००,०००।– (पच्चिस लाख रूपियाँ) र मिति २०७३/११/१२ मा २२,००,०००।– (बाइस लाख रूपियाँ) नगद धरौटी माग भएकोमा निजले मागबमोजिमको धरौटी रकम नबुझाई बसेको देखिन्छ । त्यसैगरी प्रहरी निरीक्षक गोविन्द थापाको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदकसमेत भएको सरकारी छाप दस्तखत किर्ते मुद्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०७४/१२/२६ मा फैसला हुँदा यी निवेदकलाई रू. ५०।– जरिवाना र एक वर्ष कैद सजाय हुने ठहर भएको साथै यिनै प्रहरी निरीक्षक गोविन्द थापाको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी यिनै निवेदकसमेत भएको सरकारी छाप दस्तखत किर्ते मुद्दा काभ्रेपलाञ्चोक जिल्ला अदालतमा समेत चलेको र सो अदालतबाट मिति २०७५/९/९ मा फैसला हुँदा यी निवेदकलाई रू. एक वर्ष कैद र रू.१०,१२,५००।– जरिवाना हुने ठहरी फैसला भएकोमा सो फैसलाउपर वादी नेपाल सरकार तथा प्रतिवादीहरूको पुनरावेदन परी हाल उच्च अदालत पाटनमा विचाराधीन रहेको प्रमाणमा झिकाइएको मिसिलहरूबाट देखिन्छ । यी निवेदकलाई माथि उल्लिखित बैंकिङ कसुर मुद्दाहरूमा थुनछेकको क्रममा धरौटी माग भएकोमा धरौटी नबुझाई निज पक्राउ परेको मिति २०७३।०३।०३ देखि नै थुनामा रहेको भन्ने कुरा मिसिल संलग्न रहेको थुनुवापुर्जीको प्रतिलिपिबाट देखिन्छ । साथै निज विरूद्ध चलेका सरकारी छाप दस्तखत किर्ते मुद्दाहरूमा नेपाल सरकारसमेतको पुनरावेदन परी उच्च अदालत पाटनमा विचाराधीन रहेको भन्ने पनि देखिने ।

रिट निवेदकले उपर्युक्तबमोजिमको थुनालाई गैरकानूनी थुना भन्दै बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन माग गरेको देखियो । सिद्धान्ततः बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनको लागि गैरकानूनी रूपमा थुनामा रहेको देखिनुपर्ने हुन्छ । अर्थात् कसैलाई पनि प्रवृत्त धारणा राखी वा अधिकार क्षेत्रात्मक त्रुटि गरी वा कानूनको उल्लङ्घन गरी थुनामा राखिएको देखिएमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो । तर प्रस्तुत विवादको सन्दर्भमा हेर्दा एकातिर यी निवेदकले निवेदनमा उल्लेख गरेका मुद्दाहरूमा माग भएको धरौटी रकम नबुझाएको अवस्था छ भने अर्कोतर्फ उच्च अदालत पाटनबाट मिति २०७६/६/६ मा ०७५-CB-१५८४ को बैंकिङ कसुर मुद्दामा भएको फैसला कार्यान्वयनको क्रममा निज हाल कैदमा रहेको हो भन्ने लिखित जवाफ रहेको पाइन्छ । यसरी अदालतको फैसलाबमोजिम फैसला कार्यान्वयनको चरणमा निजलाई लागेको कैद वा जरिवानाबापत कैदमा बसेको अवस्था होस् वा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम

माग भएको धरौटी रकम नबुझाई पुर्पक्षको लागि थुनामा रहेको होस् वा सुरू तहबाट भएको फैसलाउपर पुनरावेदन परी मुद्दा विचाराधीन रहेको अवस्था होस्, यी निवेदक थुनामा परेको अवस्थालाई पेस भएसम्मका प्रमाणको आधारमा गैरकानूनी भन्न मिल्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरण जारी हुन सक्ने अवस्था नदेखिने।

तर यी निवेदकसमेत उपर सिभिल बैंक, नविल बैंक र महालक्ष्मी विकास फाइनान्सको जाहेरीबाट उठेको बैंकिङ कसुर मुद्दाहरू क्रमशः २०७३/४/१६, २०७३/१०/१३ र २०७३/१०/१४ मा अभियोग दर्ता भएकोमा यी निवेदक अनुसन्धानको क्रममा मिति २०७३।०३।०३ देखि नै पक्राउ परी सोही मितिदेखि थुनामा रहेको अवस्था छ । उक्त मुद्दाहरूमा थुनछेक हुँदा माग भएको धरौट नबुझाएको कारण आफू हालसम्म थुनामा बस्नु परेको भन्ने निवेदकको जिकिर देखिन्छ। समयको हिसाबले हेर्दा पनि यी निवेदकउपर दर्ता भएको बैंकिङ कसुर मुद्दाहरू विगत छ वर्षभन्दा बढी अर्थात् २०७३ सालदेखि नै अन्तिम टुङ्गो नलागी विचाराधीन अवस्थामा रहेको देखिन्छ। साथै यी निवेदकलाई सरकारी छाप दस्तखत किर्ते मुद्दाहरूमा काठमाडौं तथा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट समेत जरिवाना तथा कैदको सजाय हुने गरी भएको फैसलाउपर पुनरावेदन परी हाल उच्च अदालत पाटनमा विचाराधीन रहेको भएबाट निजलाई राखिएको थुनाउपर हस्तक्षेप नगरिएको हो। तर ढिलो न्याय दिनु भनेको न्याय दिन इन्कार गर्नुसरह हो भन्ने मान्यतालाई अदालतले सदैब ध्यानमा राख्नुपर्छ । अदालत भनेको नागरिकको गुमिसकेको हक अधिकार फिर्ता गराउने निकाय मात्र नभई हक अधिकार गुम्न नदिई सुरक्षित गर्ने अभिभावकीय जिम्मेवारी भएको संस्था पनि हो । यसैले अदालतले आम नगरिकप्रति आफ्नो आस्था र विश्वास कायम राख्नको लागि पनि सदैब स्वच्छ सुनुवाइको साथसाथै शीघ्र सुनुवाइलाई पनि उतिकै महत्त्वका साथ हेर्नुपर्ने हुन्छ। सोतर्फ उच्च अदालत पाटनले सतर्कतापूर्वक हेरी उपर्युक्त कदम चाल्नुपर्नेमा सो भए गरेको नपाइने।

तसर्थ, यी निवेदकको थुनालाई गैरकानूनी भन्न सकिने आधार नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। तर यी निवेदकउपर २०७३ सालमा दायर भएको मुद्दा हालसम्म फैसला नभएको देखिँदा कानूनबमोजिम जे जो प्रक्रिया पूरा गर्नुपर्ने हो गरी शीघ्र फैसला गर्नु भनी उच्च अदालत पाटनको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल माघ १७ रोज २ शुभम्।

४६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७६-CR-०४४३, कर्तव्य ज्यान, घडीमान राई वि. नेपाल सरकार*

मिति २०७५।०५।०६ गते अं. २०.०० बजेको समयमा याकुवा फेदी बाटोमा घडीमान राईले आफ्नो श्रीमती तिर्थकुमारी राईलाई कुटपिट गरी कर्तव्य गरी मारेको भन्ने मृतकको भाई श्रीलाल राईले मिति २०७५।०५।०८ मा प्रहरिसमक्ष जाहेरी दिएको र उक्त जाहेरीबाट अनुसन्धान प्रारम्भ भएको मिसिल संलग्न कागजातबाट देखिन्छ । यस्तै मेरी श्रीमतीले मलाई ढुङ्गाले हान्दा मेरो गोली गाँठोमा चोट लागेकोले रिसको झोकमा निजलाई एक मुक्का हानेको हुँदा निज जमिनमा लडी छाती ढुङ्गामा परेकोले निजको मृत्यु भएको हो भनी पुनरावेदक प्रतिवादी घडीमान राईले अनुसन्धान अधिकृत एवम् अदालतसमक्ष साबित बयान गरेको देखिन्छ। मिसिल संलग्न रहेको जिल्ला अस्पताल संखुवासभाको शव परीक्षण प्रतिवेदन हेर्दा मृतक तिर्थकुमारी राईको मृत्युको कारण BLUNT FORCE INJURY TO THE ABDOMEN भन्ने देखिने।

मृतकको भाइ जाहेरवाला श्रीलाल राईले अदालतसमक्ष गरेको बकपत्रमा प्रतिवादी घडीमान राईले पहिले पनि रक्सी खाने र मेरो दिदीलाई कुट्ने गरेको हुँदा त्यस दिनसमेत रक्सी खाई दिदीलाई कुटपिट गरेकोमा सोही कारणले दिदीको मृत्यु भएको हो भनी उल्लेख गरेको देखिन्छ । यस्तै प्रतिवादी घडीमान राईले आफ्नो श्रीमतीलाई मुक्का प्रहार गरी सोही कारणले निजको मृत्यु भएको हो भनी वस्तुस्थिति मुचुल्का र घटना विवरण कागज गर्ने मानिसहरूले सोही बेहोरालाई समर्थन गर्दै संखुवासभा जिल्ला अदालतमा बकपत्र गरेको देखिन्छ । यसरी मिसिल संलग्न किटानी जाहेरी, प्रतिवादी घडीमान राईको साबित बयान, विशेषज्ञको शव परीक्षण प्रतिवेदन, जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्र, वस्तुस्थिति मुचुल्का एवम् घटना विवरण कागज गर्ने मानिसहरूले अदालतसमक्ष गरेको बकपत्रसमेतलाई हेर्दा प्रतिवादी घडीमान राईको कर्तव्यबाट मृतक तिर्थकुमारी राईको मृत्यु भएको र घटनाकै क्रममा ओडारसम्म लगेको र पेटमा चोट देखिएकोसमेतबाट कर्तव्यको तथ्य प्रमाणित हुन आएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा १७८(१) नं. बमोजिमको कसुरमा सोही संहिताको दफा १७८(२) नं. बमोजिम जन्म कैदको सजाय हुने गरी भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसला मिलेकै देखिने ।

प्रतिवादी घडीमान राई र मृतक तिर्थकुमारी राई आपसमा श्रीमान् श्रीमतीको नाता रहेको र यी प्रतिवादीले बेलाबखतमा रक्सी खाई झगडा गर्ने र श्रीमतीलाई कुट्ने गरेको भनी घटना विवरण कागज गर्ने मानिसहरूले उक्त कागजमा उल्लेख गरेको देखिन्छ । वारदातको दिनमा समेत श्रीमान् श्रीमती दुवै मिली मादक पदार्थ सेवन गरी दुवैका बिचमा घर जाने नजाने भन्ने विषयमा वादविवाद भई झगडा भएको र कुटाकुटसमेत भएको अवस्थामा सोही कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिन्छ । यी प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत आरोपित कसुरमा साबित भई अनुसन्धान र न्याय सम्पादनमा सहयोग पुऱ्याएको पनि देखिन्छ । निज प्रतिवादीको दुई सन्तान र वृद्ध आमा प्रतिवादीमा निर्भर रहेको हुँदा निजलाई जन्म कैद सजाय गर्दा चर्को पर्ने देखिँदा निज प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ को उपदफा १(क) तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) बमोजिम १२ वर्ष कैद सजाय गर्ने राय व्यक्त गरेको पुनरावेदन अदालत पाटनको मिति २०७६।०२।२७ को फैसला मनासिब नै देखिन आउने ।

तसर्थ, पुनरावेदक प्रतिवादी घडीमान राईलाई जन्मकैद सजाय गर्दा चर्को पर्ने देखिएकोले उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।०२।२७ मा १२ वर्ष मात्र कैद सजाय गर्न मनासिब हुने भनी व्यक्त गरेको राय न्यायको दृष्टिले मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल आश्विन ५ रोज ३ शुभम् ।

## ४७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** ०७१-CI-१५६७, उत्प्रेषण परमादेशसमेत, परमेश्वर राय अमातसमेत वि. विष्णुलाल साहसमेत

शिक्षा ऐन, २०२८ को दफा १२ ले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरू अभिभावकहरूले मात्र छनौट गर्नसक्ने देखिन्छ । पशुपति आदर्श उच्च माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन प्रयोजनार्थ मिति २०७१।४।५ मा अभिभावकहरूलाई भेला गराइएको भए पनि सो भेलाबाट विद्यालय व्यवस्थापन समितिको गठन हुन सकेको पाइएन । भेलामा सहमति

कायम हुन नसकेको कारणबाट व्यवस्थापन समितिको गठन हुन नसकेको कुरामा विवाद पनि छैन । यसरी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सहमतिमा हुन नसकेको खण्डमा शिक्षा नियमावली, २०५९ को परिच्छेद ६ नियम २३ को उपनियम (३) अभिभावकलाई सहयोग गर्नका लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा जिल्ला शिक्षा कार्यालयले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, स्रोत व्यक्ति र स्थानीय निकायको प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन हुने व्यवस्था रहेको पाइन्छ । उल्लिखित प्रावधानबमोजिम जिल्ला शिक्षा कार्यालय, सिराहाका विद्यालय निरीक्षक श्री दिपकुमार यादवको संयोजकत्वमा एक समिति गठन भएको देखिएपनि सो समितिबाट कुन कार्य वा प्रक्रिया के कसरी अघि बढाइयो भन्ने सम्बन्धमा कुनै तथ्यगत विवरण मिसिल संलग्न पेस हुन सकेको अवस्था नरहेको ।

त्यसैगरी शिक्षा नियमावली, २०५९ को नियम २३ को उपनियम (४) मा जिल्ला शिक्षा समितिलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरूको छनौट सम्बन्धी कार्यविधि तोक्न सक्ने अधिकार दिएको पाइन्छ । सोही कानूनी प्रावधानबमोजिम जिल्ला शिक्षा समिति, सिराहाद्वारा "विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरूको छनौटसम्बन्धी कार्यविधि, २०६८" निर्माण भएको देखिन्छ । उक्त "कार्यविधि, २०६८" को प्रकरण (४) मा सर्वसम्मत रूपमा अध्यक्ष तथा सदस्यहरूको छनौट गर्न एक सहजीकरण समिति अभिभावक भेलाद्वारा नै निर्माण गर्ने । उक्त दिनभरि नै सर्वसम्मत रूपमा विद्यालय व्यवस्थापन समिति छनौट गर्ने हरसम्भव प्रयत्न गरी अध्यक्ष तथा सदस्यहरूको छनौट गर्ने। प्रकरण (५) मा पहिलो अभिभावक भेलाद्वारा सर्वसम्मत रूपमा गठित सहजीकरण समितिले अध्यक्ष र सदस्यहरूका प्रत्यासीहरू बिच एकपक्षीय, द्विपक्षीय वा बहुपक्षीय रूपमा छलफल गरी गराई प्रत्यासीहरू सबैको लिखित सहमतिमा सर्वसम्मत रूपमा अध्यक्ष र सदस्यहरू छनौट गरी सोको लिखित जानकारी तोकिएको समयावधिभित्र छनौट सहयोग समितिसमक्ष पेस गर्ने । तिनै अध्यक्ष र सदस्यलाई छनौट सहयोग समितिले प्रमाणपत्र प्रदान गरी छनौट कार्य सम्पन्न गर्ने । प्रकरण (६) मा सहजीकण समितिको प्रयास असफल भएमा वा सहजीकरण समिति नै निर्माण हुन नसकेमा वा निर्माण भए पनि प्रतिवेदन पेस नगरेमा पुनः अभिभावक भेला बोलाउने भनी उल्लेख भएको पाइन्छ । उल्लिखित कार्यविधिको अध्ययन गर्दा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरूको छनौट गर्ने सम्बन्धमा सहमति कायम गराउन प्रयत्न गर्ने र सहमतिबाट छनौट भएमा सोको लिखित जानकारी छनौट सहयोग समितिसमक्ष पेस गर्ने, सो अनुसारको कार्य हुन नसकेमा अध्यक्ष तथा सदस्यहरूको चयनको लागि पुनः अभिभावकहरूको भेला बोलाउनु पर्ने भनी सहजिकरण समितिलाई अख्तियारी प्रदान गरिएको देखिन आउने ।

यसरी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरू चयन सम्बन्धमा सारवान् एवम् कार्यविधिगत रूपमा कानूनी प्रावधानका अतिरिक्त सहजीकरण समितिको हैसियतले खेल्नुपर्ने भूमिकासमेत उल्लेख भइरहेको परिप्रेक्ष्यमा सहजीकरण समिति आफैँले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरू चयन गरेको मिति २०७१।४।७ र २०७१।४।८ को निर्णय शिक्षा ऐन, २०२८ को दफा १२ तथा शिक्षा नियमावली, २०५९ को नियम २३ को रोहमा त्रूटिपूर्ण देखियो । त्यसैगरी रिट नं. ०७१-WO-००३१ र ०७१- WO–०१२० का निवेदनहरू अलग अलग रूपमा दर्ता भए पनि दुवै रिट निवेदनमा निवेदकहरूले एउटै विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाको सम्बन्धमा प्रश्न उठाएको र विवादको विषय पनि एउटै

रहेको देखिन्छ । निवेदकहरूले आफूहरूको निवेदन एक अर्कोसँग तथ्यगत एवम् कानूनी पृष्ठभूमि नै फरक रहेको भनी दाबी लिनसकेको पनि पाइँदैन । यस स्थितिमा रिट निवेदनपिच्छे अलग अलग आदेश नगरी दुवै निवेदनको हकमा एउटै आदेश हुनुलाई प्राविधिक रूपले त्रुटि रहेको भन्न नमिल्ने।

चयन हुने विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरूको पदावधि तीन वर्षको हुने भनी शिक्षा ऐन, २०२८ को दफा १२(५) मा उल्लेख भएको पाइन्छ। प्रस्तुत विवादको सन्दर्भमा हेर्दा सहजीकरण समितिले मिति २०७१।४।७ र २०७१।४।८ को निर्णयले श्री पशुपति आदर्श उच्च माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरूको चयन गरेको देखिन्छ। सहजीकरण समितिको सो निर्णय उपर परेको रिट निवेदनमा तत्कालीन पुनरावेदन अदालत राजविराजले उक्त सहजीकरण समितिको दुवै निर्णय उत्प्रेषणको आदेशले बदर गर्दै विद्यालय व्यवस्थापन समिति गठन गर्नको लागि प्रत्यर्थीहरूका नाममा मिति २०७१/९/२० मा परमादेशको आदेश जारी गरेको अवस्था छ। तर सो आदेश कार्यान्वयन भए वा नभएको कुनै कुरा मिसिल संलग्न कागजातबाट देखिँदैन। कानूनले नै विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुने भनी किटान गरेको अवस्थामा तत्कालीन पुनरावेदन अदालत राजविराजको आदेशबमोजिम विद्यालय व्यवस्थापन समितिको गठन भएको भए वा सो अनुसार गठन नभई सहजीकरण समितिको निर्णयले गठन गरेको साबिककै समिति रहेको भए पनि हालको अवस्थामा निज पदाधिकारीहरूको पदावधि नै समाप्त भई प्रस्तुत मुद्दामा उठेको विवाद नै प्रयोजनहीन भइसकेको देखिँदा तत्कालीन पुनरावेदन अदालत राजविराजबाट भएको उक्त आदेशलाई परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ, सहजीकरण समितिले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरू चयन गरेको मिति २०७१।४।७ र २०७१।४।८ का निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी कानूनी प्रक्रिया पूरा गरी विद्यालय व्यवस्थापन समिति गठन गर्नको लागि परमादेशको आदेशसमेत जारी हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७१/९/२० को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल मंसिर १७ गते रोज ६ शुभम्।

## ४८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** *०७१-CI-१६५८, उत्प्रेषणमिश्रित परमादेश, लिला गुप्ता वि. जनकपुर चुरोट कारखाना लि. जनकपुरधाम, धनुषासमेत*

पुनरावेदिकाको पति विन्देश्वरप्रसाद गुप्ताले जनकपुर चुरोट कारखाना लि. को बिगो रू. ३७,८०,०११।२७ नगदी जिन्सी हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेकोले सजाय गरी निजले हिनामिना गरेको रकम जनकपुर चुरोट कारखानालाई भराइपाउँ भन्ने अभियोग मागदाबी लिई विशेष अदालतमा मुद्दा दर्ता भएकोमा प्रतिवादी विन्देश्वरप्रसाद गुप्ताले रू. ३५,८३,४३१।०९ हिनामिना गरी सो कारखानालाई हानि नोक्सानी पुऱ्याएको ठहर गर्दै चार वर्ष कैद र बिगोबमोजिम रू.३५,८३,४३१।०९ जरिवाना हुने र हिनामिना भएको बिगो निज प्रतिवादीबाट भराइपाउने गरी मिति २०६९/४/३२ मा फैसला भएको देखियो । सो फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादी विन्देश्वरप्रसाद गुप्ता दुवै पक्षबाट पुनरावेदन परेकोमा यस अदालतबाट मिति २०७३/७/२ मा फैसला हुँदा केही उल्टी भई प्रतिवादी विन्देश्वरप्रसाद गुप्ताले बिगो रू. १७,८०,५००।३० मात्र लापरवाही गरी बदनियतपूर्ण तवरबाट हिनामिना गरी सो कारखानालाई हानि नोक्सानी पुऱ्याएको

ठहर गरी निज प्रतिवादीलाई दुई वर्ष कैद र बिगो बमोजिम रू. १७,८०,५००।३० जरिवाना गरी हानि नोक्सानी भएको बिगो निज प्रतिवादीबाट जनकपुर चुरोट कारखाना लि. ले भराइपाउने ठहरी सो फैसला अन्तिम भई बसेको देखिने।

आफ्ना कर्मचारीले लिमिटेडको सम्पत्ति हिनामिना गरेमा निजको घरघरानाबाट असुलउपर गर्न पाउने जनकपुर चुरोट कारखाना लिमिटेडको कर्मचारी प्रशासन विनियमावलीमा रहेको भन्ने आधारमा विन्देश्वरप्रसाद गुप्ताले हिनामिना गरेको बिगो रकम असुलउपरको लागि जनकपुर चुरोट कारखाना लि. ले यी निवेदिकाको नाम दर्ताको कि.नं. ७६० र ७६१ को जग्गा रोक्का राखेको पाइयो । यी पुनरावेदिका लिला गुप्ताले आफू जनकपुर चुरोट कारखाना लि. को कर्मचारी नभएकोले सो चुरोट कारखाना लि. को कर्मचारी विनियमावली आफूलाई लागु नहुने भनी जिकिर लिएपनि निजले आफ्नो पति विन्देश्वरप्रसाद गुप्ता उक्त चुरोट कारखाना लि. को कर्मचारी भएको र उक्त चुरोट कारखानाका कर्मचारीलाई सो विनियमावली लागु हुने कुरा लिखित रूपमा स्वीकार गरेको अवस्था छ। जहाँसम्म उक्त कि.नं. ७६० र कि.नं ७६१ का जग्गाहरू स्त्री अंश धनको ५ नं. तथा अंश बन्डाको १८ नं. समेतको अधीनमा आफूले एकलौटी रूपमा आफूखुसी गर्न पाउने सम्पत्ति भएकोले सो जग्गाबाट अन्य व्यक्तिले तिर्नुपर्ने बिगो जरिवाना असुलको लागि रोक्का राख्न पाइने होइन भनी जिकिर छ, सो सम्बन्धमा हेर्दा कि.नं ७६० को जग्गा मिति २०५२/०७/२९ मा हालैदेखिको बकसपत्रबाट र कि.नं ७६१ को जग्गा २०४५/९/१२ मा राजीनामाबाट ०-१-४ प्राप्त गरेकोमा मिति २०५०/०८/०८ मा बिक्री गरी बाँकी रहन गएको कुरा मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिबाट देखिनुका साथै सो कुरालाई यी पुनरावेदिकाले लिखित रुपमै स्वीकार गरेको पाइँदा निजको उक्त पुनरावेदन जिकिर स्वयम् खण्डित भइरहेको अवस्था छ । निज पुनरावेदिकाले आफू विन्देश्वरप्रसाद गुप्ताको एकासगोलको श्रमती हो भन्ने कुरालाई इन्कार गरेको छैन । निजले आफूहरूबिच अंश बन्डा भइसकेको वा चुलोमानो छुट्टिई अलग भिन्न भई बसेको भनी कतै जिकिर लिनसमेत नसकेको अवस्थामा निजहरू एकासगोलमै रहे बसेको मान्नुपर्ने देखिन आयो। प्रमाण ऐन, २०३१ को दफा ६(क) मा "एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको रोहमा हेर्दा यी पुनरावेदिकाको नाममा दर्ता रहेको कि.नं. ७६१ र ७६० को जग्गा सगोलमा रहेको मान्नुपर्ने देखियो । प्रस्तुत विवादमा उक्त सम्पत्तिमा यी पुनरावेदिका र निजको पतिको के कति हक हुन्छ भन्ने होइन। यसको सन्दर्भ भ्रष्टाचार मुद्दा मामिलाको कारण रोक्का रहेको सम्पत्ति सो मुद्दामा भएको जरिवाना र बिगो असुल नभएसम्म फुकुवा गर्न मिल्छ वा मिल्दैन भन्ने कुरामा मात्र छ। विन्देश्वरप्रसाद गुप्ताले हिनामिना गरेको ठहर भएको खण्डमा बिगो असुलीमा सहज होस र तत्काल सम्पत्तिको हक हस्तान्तरण हुन नपाओस् भन्ने उद्देश्यले निजकोसमेत अंश हक लाग्ने निज विन्देश्वरप्रसाद गुप्ताकी श्रमतीको नाममा दर्ता रहेको जग्गा मालपोत कार्यालयले रोक्का राखेको पाइँदा रोक्का राख्ने कार्यलाई गैरकानूनी भन्न मिल्ने नदेखिने।

विन्देश्वरप्रसाद गुप्ताउपरको भ्रष्टाचार मुद्दामा लागेको बिगो जरिवाना असुलउपर सम्बन्धमा यी निवेदकले चाल्ने कानूनी बाटो जीवितै रहे पनि यस अदालतसमेतबाट निज विन्देश्वरप्रसाद गुप्ताले जनकपुर चुरोट कारखानाको रकम रू. १७,८०,५००।३० हिनामिना गरेको ठहरी कैद र जरिवाना भई फैसला भइसकेको अवस्थामा मालपोत कार्यालय, सप्तरीले रोक्का राखेको जग्गा निजले

तिर्नु बुझाउनुपर्ने कानूनबमोजिमको बिगो जरिवाना असुलउपर नभएसम्म फुकुवा गर्न मिल्ने नदेखिने।

तसर्थ, रोक्का रहेको कारणबाट निवेदिकाको भोग गर्न पाउने हकमा कुनै रोकावट नरहेको तथा निवेदिकाको पतिलाई विशेष अदालतको फैसलाले लागेको दण्ड जरिवाना र कैदको हकमा सम्मानित सर्वोच्च अदालतबाट पछि ठहरेबमोजिम हुने नै हुँदा हक हस्तान्तरण नहोस् भन्ने उद्देश्यबाट नै रोक्का गरिएको देखिँदा निवेदिकाको मागबमोजिमको आदेश जारी नगरी रिट निवेदन खारेज हुने ठहराएको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१०।१३ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल मंङ्सिर १७ गते रोज ६ शुभम्।

**४९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७८-WH-००९४, बन्दीप्रत्यक्षीकरण, सुस्मिता गुरूङ वि. विशेष सरकारी वकिल कार्यालय, माइतीघर, काठमाडौंसमेत*

निवेदिका सुस्मिता गुरूङको नाममा उच्च अदालत पाटनबाट मिति २०७६।१०।२१ मा जारी भएको समाह्वान म्याद निजको स्थायी वतन धादिङ जिल्ला, सांकोस गा.वि.स. वडा नं. ७ को परिवर्तित निलकण्ठ नगरपालिका वडा नं. १३ मा मिति २०७७।०६।१५ गते तामेली भएको देखिन्छ। उक्त म्यादको तामेली बेहोरा हेर्दा "म्यादवाला सुस्मिता गुरूङ र निजको एकाघरको उमेर पुगेको मानिससमेत फेला नपरेकाले निजको नाउँको एकप्रति म्याद निम्न साक्षीका रोहबरमा निजको घर दैलोमा टाँसिदिएको" भन्ने बेहोरा उल्लेख गरी हर्कबहादुर गुरूङ र लक्ष्मी गुरूङलाई साक्षीको रूपमा तथा निलकण्ठ नगरपालिका वडा नं. १३ को वडा कार्यालय धादिङको कर्मचारी श्री शर्मिला गुरूङलाई समेत रोहबरमा राखी तामेल गरिएको पाइन्छ। यस्तै समाह्वान म्यादको तामेली सम्बन्धमा भएको कानूनी व्यवस्थालाई हेर्दा मुलुकी फौजदारी संहिता, २०७४ को दफा ६१(४) मा "सम्बन्धित व्यक्ति वा एकाघरका फेला नपरेमा पनि निजले वा निजको एकाघरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तिमा दुई जना स्थानीय व्यक्तिसमेत राखी आफ्नो तथा निजहरूको समेत सहीछाप गराई एक प्रति निजको घर दैलोमा टाँसी एकप्रति म्याद सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई एकप्रति तामेली समाह्वान अदालतमा दाखिला गर्नुपर्ने छ" भन्ने प्रावधान रहेको देखिन्छ। उल्लिखित कानूनद्वारा निर्धारित प्रक्रिया अनुसार उच्च अदालत पाटनबाट जारी गरिएको समाह्वान म्याद रीतपूर्वक तामेल भएको भन्ने देखिँदा उक्त समाह्वान म्यादलाई बेरितसँग एवम् गैरकानूनीरूपमा तामेल भएको मान्न मिल्ने अवस्था नदेखिने।

निवेदिकाउपर मिति २०७६।६।२८ मा उच्च अदालत पाटनसमक्ष बैंकिङ कसुर मुद्दामा अभियोग दायर भएपश्चात् आफ्नो प्रतिरक्षा गर्न प्रमाण लिई बयानका निम्ति अदालत उपस्थित हुनु भनी जारी गरिएको निजको नाउँको मिति २०७६।१०।२१ को समाह्वान म्याद रीतपूर्वक एवम् कानूनसम्मत तामेल भएको भन्ने देखिँदा निजले आफूलाई सुनुवाइको मौका नदिई अदालतबाट एकतर्फी फैसला गरिएको भनी लिइएको निवेदन जिकिर युक्तिसङ्गत एवम् कानूनसङ्गत देखिन आएन। यस्तै फैसला कार्यान्वयन सन्दर्भमा मिति २०७८।७।१२ को प्रहरी प्रतिवेदनसाथ निज निवेदकलाई पक्राउ गरी मिति २०७८।७।१४ मा धादिङ जिल्ला अदालतमा हाजिर गराएको भन्ने मिसिल संलग्न रहेको च.नं. १२६ को मिति २०७८।७।१४ को पत्रबाट देखिन्छ। उक्त पत्रलाई हेर्दा उच्च अदालत पाटनबाट मिति २०७७।८।१६ मा भएको फैसला कार्यान्वयन सम्बन्धमा कानूनबमोजिम

जरिवाना दाखिला गरे वा नगरे के-कति कैद सजाय हुने भन्ने विषयमा कैद सजाय गणना गरी धादिङ् जिल्ला अदालत, तहसिल शाखाबाट कैदी पुर्जीसहित कारागार कार्यालयमा पत्र पठाएको भन्ने देखिँदा धादिङ जिल्ला अदालतबाट मिति २०७८।७।१४ मा जारी भएको कैदी पुर्जी गैरकानूनी भएको मान्न नमिल्ने।

तसर्थ, निवेदिकाको नाउँमा मिति २०७६।१०।२१ मा जारी भएको समाह्वान म्याद मिति २०७७।६।१५ मा कानूनको उचित प्रक्रिया पुऱ्याई तामेल भएको र उच्च अदालत पाटनबाट मिति २०७७।८।१६ मा भएको फैसला कानूनबमोजिम भई उक्त फैसला अनुसार निवेदिका सुस्मिता गुरूङबाट असुलउपर गर्नुपर्ने कैद तथा जरिवाना असुल गर्ने अर्थात् फैसला कार्यान्वयन गर्ने क्रममा धादिङ जिल्ला अदालत, तहसिल शाखाबाट मिति २०७८।७।१४ मा कैदी पुर्जी जारी गरी निजलाई पक्राउ गरी कैदमा राखिएको देखिँदा निजलाई गैरकानूनी थुनामा राखेको भन्ने नदेखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने अवस्था देखिएन। बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज हुने।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल पौष २५ गते रोज १ शुभम्।

**५०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७६-WO-०७९३, उत्प्रेषण / परमादेशसमेत, हुमप्रसाद खनाल वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत

निवेदकले समायोजन गर्दा आफूलाई समान व्यवहार नगरेको, आफूले रोजेको ठाउँमा समायोजन नगरेको, आफूभन्दा कनिष्ठ कर्मचारीहरूलाई प्रदेश नं. ५ अन्तर्गतका नगरपालिकामा समायोजन गरेको भनी कुरा उठाउनु भएको छ तर विपक्षीहरूको लिखित जवाफमा उक्त मागका सम्बन्धमा कुनै सम्बोधन गरेको कुरा उल्लेख गरेको देखिएन। समायोजन ऐन, २०७५ को दफा ८ (१) मा "यस ऐनबमोजिम सरकारी सेवाका कर्मचारीलाई सङ्घको पदमा समायोजन गर्दा कर्मचारीले दफा ५ को उपदफा (५) बमोजिम दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रमबमोजिम क्रमशः देहायको आधारमा समायोजन गरिने छ भनी देहायमा कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता र उमेरको जेष्ठता भन्ने उल्लेख गरेको पाइन्छ। त्यस्तै गरी सोही दफाको (२) मा प्रदेश वा स्थानीय तहको पदमा समायोजन गर्दा कर्मचारीले दफा ५ को उपदफा (५) बमोजिम दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रमबमोजिम क्रमशः देहायको आधारमा समायोजन गरिने छ भन्दै देहायमा कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता, कर्मचारी हाल कार्यरत रहेको प्रदेश वा स्थानीय तह, हालको स्थायी बसोबासको ठेगाना, नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना र उमेरको जेष्ठता" भन्ने उल्लेख गरेको पाइन्छ। यसरी समायोजन ऐनले नै समायोजनका आधारहरू स्पष्ट उल्लेख गरेपछि ती आधारहरूलाई दृष्टिगत गरेर मात्र कर्मचारीको समायोजन गर्नुपर्ने हुन्छ। मिसिल संलग्न विपक्षीको लिखित जवाफ हेर्दा कर्मचारीले समायोजन हुन चाहेको सङ्घ, प्रदेश र स्थानीय तहसमेतको विवरणलाई मध्यनजर गरी कम्प्युटरीकृत माध्यमबाट समायोजनको सिफारिश गरिएको हो भनी उल्लेख गरे पनि समायोजन गर्दा निवेदकलाई ऐनको दफा ८ को उपदफा (१) र (२) का आधारहरू अनुशरण गर्दा के परिणाम हुन्छ सो हेरेर मात्र समायोजनबारे निर्णयमा पुग्नु पर्नेमा विपक्षीहरूबाट सो भए गरेको भन्ने देखिएन। निवेदकले कायम नभएको पद "वरिष्ठ ल्याब असिस्टेन्ट" पदनाम दिई समायोजन गरेको साथै मागेको स्थानमा समायोजन नगरेकोले त्रृटि सच्चाउन लिखित मौखिक उजुर दिएपनि कुनै सुनुवाई भएन साथै निवेदकले रूरू गाउँपालिका गुल्मीमा समायोजन

भएकोमा उक्त ठाउँ मेरो रोजाइमा नभएको साथै मलाई घरपायक पनि नपर्ने भएकोले निवेदकसरहका पदमा कार्यरत खिमलाल पाण्डे र आफुले आपसी सहमतिमा तत् तत् स्थानमा समायोजन गर्न भनी दुवै जनाले निवेदन दिई अनुरोध गर्दा पनि कानूनबमोजिम मिल्ने भए पनि विपक्षीबाट समायोजन भएन भनी निवेदन गर्नुभएको छ, सो सम्बन्धमा कुनै सम्बोधन भएको भन्ने कुरा लिखित जवाफबाट नदेखिने।

तसर्थः निवेदकलाई समायोजन गर्दा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ को (१) र (२) बमोजिम समायोजनका आधारहरूलाई विचार गरी निवेदकले भरेको समायोजन फाराममा उल्लेख गरेका प्राथमिकता अनुसार गर्न मिल्ने नमिल्ने आधार र कारण खोलेर मात्र पदस्थापन गर्नु, गराउनु र सो गर्दा निवेदकको कुरा सुनी न्यायपूर्ण निष्कर्षमा पुग्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल पौष २१ गते रोज ४ शुभम्।

**५१**

**मा.न्या.डा.श्रीआनन्दमोहन भट्टराई र मा.न्या. डा.श्रीकुमार चुडाल,** *०७३-CI-०४४७, परमादेश, टेक प्रसाद राई वि. उमेश प्रसाद तेली*

जिल्ला प्रहरी कार्यालय, बाँकेले चोरी पैठारी गरी भन्सार छली ल्याएको भनी ना.४ख ६२१५ नं.को ट्रक र सोका चालक जनक चौधरी र ना३ख ६२१५ नं.को ट्रक चालक ईश्वर तिवारीसमेतलाई बरामद भएको दालसहित राजस्व अनुसन्धान मध्यपश्चिम तथा सुदूरपश्चिमाञ्चल कार्यालय, कोहलपुरमा पेस गरेकोमा ट्रक चालकद्वयलाई थुनछेक आदेश हुँदा जनही रू.४१,२२,२५०।- (एकचालिस लाख बाइस हजार दुई सय पचास) धरौटी माग भएको, धरौटी दाखिल गर्न नसकी थुनामा रहेकोमा उक्त थुनामा राख्ने आदेश गैरकानूनी भएको भनी बन्दीप्रत्यक्षीकणको आदेश जारी गरिपाउँ भनी पुनरावेदन अदालत नेपालगन्जमा रिट निवेदन दिएकोमा राजस्व अनुसन्धान कार्यालय मध्यपश्चिम तथा सुदूरपश्चिमाञ्चल कार्यालय, कोहलपुरबाट माग भएबमोजिमको धरौट दिन नसकी पुर्पक्षका निम्ति थुनामा राख्ने गरी भएको आदेश गैरकानूनी देखिँदा माथवर मानिसको जिम्मा लगाई थुनाबाट छोडिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी भएको देखिने।

भन्सार कार्यालय नेपालगन्जमा बरामद भएको मालवस्तु दाल घोषणा गरी प्रज्ञापनपत्र दर्ता गरिसकेको तर जाँचपासकै प्रक्रियामा रहँदा प्रहरीले लगेको २ वटा ट्रकमा लोड गरिएको दाललाई प्रक्रिया पुऱ्याई यस कार्यालयमा फिर्ता हुन आएमा भन्सार महसुल लिई छाड्न सकिने भनी नेपालगन्ज भन्सार कार्यालयको लिखित जवाफ उल्लेख भएबाट बरामद भएको दाल लोड भएका ट्रकहरू नेपालगन्ज भन्सार कार्यालय परिसरबाट नै बरामद भएको भन्ने देखिन आयो। प्रत्यर्थीले आयात गरेका वस्तु दाल भएको र सो दाल खाद्य जाँचका क्रममा कागजात लांदा ल्याउँदाका क्रममा मात्र नभएको स्थितिमा कागजात नभएको भनी बरामद भएको भनी जिकिर देखिन्छ। निजको जिकिरलाई भन्सार कार्यालयको लिखित जवाफबाट समर्थित भएको देखिने।

प्रहरी निरीक्षक विरबहादुर थापासमेतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी उमेश प्रसाद तेलीसमेत भएको अभियोग नं.२८।२०७२।०७३ को दाल चोरी मुद्दामा दाल चोरी पैठारी गरेको देखिन नआएकाले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ बरामद दाल कानूनबमोजिम नेपालगन्ज भन्सार कार्यालयमा राजस्व बुझाई दाल मालिक उमेशप्रसाद तेलीले फिर्ता पाउने ठहर्छ भनी राजस्व अनुसन्धान मध्यपश्चिम तथा सुदूरपश्चिममाञ्चल, कार्यालय कोहलपुरबाट मिति २०७३।३।९ मा फैसला भई सो फैसला बमोजिम च.नं. ६२० मिति ०७३।३।९ गते सो

कार्यालयले नेपालगन्ज भन्सार कार्यालयलाई प्रचलित कानून बमोजिम लाग्ने राजस्व लिई बरामद सामान मालधनी उमेशप्रसाद तेली वा निजको प्रतिनिधिलाई बुझाई दिन हुन र राजस्व बुझाएको प्रज्ञापनपत्र एवम् रसिदको प्रतिलिपिसमेत यस कार्यालयलाई पठाइदिनु हुन भनी पत्राचार गरेको मिसिलबाट देखिन आउँछ । उपर्युक्तबमोजिम बरामद भएको दुई ट्रक दाल प्रतिबोरा ३० किलोका दरले प्रतिट्रक ५७० बोरा मिति २०७३।३।१० गते पैठारी प्रज्ञापन दर्ता नं.M६६२४ र ६६२५ बाट जाँचपास भई प्रज्ञापनपत्र रसिदको प्रमाणित प्रतिलिपिहरू च.नं. ४१४६ मिति २०७३।३।१२ गते नेपालगन्ज भन्सार कार्यालयले राजस्व अनुसन्धान कार्यालय, कोहलपुरलाई प्रतिलिपि संलग्न गरी जानकारी पठाएको पत्रबाट बरामदी दाल बुझी लगेकोसमेत देखिने।

प्रस्तुत निवेदनका सम्बन्धमा तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जले प्रचलित कानूनबमोजिमको क्षेत्राधिकार ग्रहण गरी परमादेशको आदेश जारी गरेको देखिन्छ । तत्कालीन पुनरावेदन अदालतले परमादेशको रिट क्षेत्र ग्रहण गर्दा तथा न्यायिक निरूपण गर्दासमेत कानूनका प्रक्रियाहरू अवलम्बन गर्नुका साथै मिसिल कागजातबाट प्राप्त तथ्य एवम् प्रमाणगत अवस्थासमेतको मूल्याङ्कन गरेको देखिन्छ। तत् सम्बन्धमा भन्सार कार्यालयको काम कर्तव्य क्षेत्राधिकार एवम् राजस्व अनुसन्धान कार्यालयको काम कर्तव्य अधिकारको समेत मनन गरी तत्कालीन पुनरावेदन अदालतबाट परमादेशको आदेश भएको देखिने।

तसर्थ, कानूनबमोजिम लाग्ने राजस्वको महसुल निवेदकसँग रीतपूर्वक लिई बरामद सामान निवेदकलाई बुझाइदिनु भनी नेपालगन्ज भन्सार कार्यालय, बाँके र सोही कार्यालयका प्रमुख तथा विपक्षीमध्येका राजस्व अनुसन्धान मध्यपश्चिम तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, कोहलपुर, बाँके र सोही कार्यालयका प्रमुखका नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७३।२।३० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शंकरप्रसाद अधिकारी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल वैशाख १६ गते रोज ६ शुभम्।

## ५२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CI-०३६४, निर्णय दर्ता बदर दर्ता कायमसमेत, सिता भन्ने चित्र कुमारी दाहाल वि. ईश्वर बज्राचार्य*

वादीले प्रस्तुत विवादमा विवादित जग्गाको जग्गाधनी प्रतिवादी होइन भनी जिकिर लिएको अवस्था नभई विवादित जग्गा बिर्ता जग्गा रहेको र तोकिएको समयसीमाभित्र जग्गाधनी बिर्तावालले दर्ता नगराएकोले जोताहाका नाताले आफ्नो नाममा दर्ता हुनुपर्ने भन्नेसम्मको जिकिर लिएको देखिएकोमा विवादित जग्गा हाल बिर्ताको रूपमा नरहेको सम्बन्धमा माथिका प्रकरणहरूमा विवेचना गरी सकिएको छ । तथापि यो प्रश्नका सन्दर्भमा पनि मिसिल संलग्न कागजातहरू हेर्दा पनि माथि उल्लिखित बन्डापत्र सम्बद्ध प्रमाणको रूपमा रहने छँदैछ । यसका अतिरिक्त मालपोत कार्यालयको कलंकीको च नं ४८९७ मिति २०६१।१२।१ को पत्रको जबाफमा नापी शाखा कलंकीबाट लेखिएको पत्रसाथ प्राप्त फिल्डबुकमा जग्गाधनीको नाम थर महलमा खाली रही जोताहा महलमा सीता दाहालनी गोदामथोक भन्ने जनिएको र किसानको बेहोरामा यो जग्गा जैसीदेवल बस्ने चन्द्रचुडामणीको नाउको नम्बरी हो, मैले जोती खाएको छु भन्ने उल्लेख भएको देखिन्छ । वादी सीता भन्ने चित्रकुमारी दाहाल र निजका पति गोविन्दप्रसाद दाहालले मालपोत कार्यालय कलंकीमा मिति २०५५।९।२८ मा जग्गाधनी यकिन गरिएको विषयको निवेदन दिई कि.नं. १३५

को जग्गाको जग्गाधनी का जि जैसीदेवल बस्ने चन्द्र चुडामणीको हक खाने श्रीमती गणेशकुमारी बज्राचार्य र मोहीमा सीता भन्ने चित्रकुमारी दाहाल हो भनी खुलाई लेखिदिएको तथा सोही मितिमा उक्त निवेदन बेहोरा मालपोत कार्यालय कलंकीमा सनाखतसमेत गरिदिएको देखिन्छ । यसै जग्गाको सम्बन्धमा द.नं. २०८६० मिति २०६७।२।११ को मन्जुरी दिएको बारेको निवेदनमार्फत वादी सीता भन्ने चित्रकुमारी दाहालले मालपोत कार्यालय कलंकीमा कि नं १३५ को जग्गा आफूले जोत कमोद गरी कुत बुझाइआएको र उक्त जग्गाको साबिक जग्गाधनी चन्द्र चुडामणी बज्राचार्य भएकोमा निज चन्द्र चुडामणीको परलोक भएको हुँदा निज साबिकवाला चन्द्र चुडामणीको नाति तिलक चुडामणी बज्राचार्यको छोरा इश्वर बज्राचार्यको नाममा रै. प. दा. खा. ना. सा. दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा दिएमा मन्जुर छ भन्ने बेहोरा उल्लेख गरी मन्जुरनामा दिएको देखिन्छ । सोही कि.नं. १३५ को जग्गाको कुत यी वादी सीता भन्ने चित्र कुमारी दाहालबाट बुझी इश्वर बज्राचार्यले गरिदिएको भरपाई पनि पेस हुन आएको देखिन्छ । यो स्थितिमा विवादित जग्गा प्रतिवादीका नाममा दा. खा. दर्ता नामसारी गर्ने गरी भएको निर्णयलाई पनि कानूनविपरीत मान्न नमिल्ने ।

यसप्रकार दाबीको कि.नं.१३५ को जग्गा बिर्ता जग्गा रहेको नदेखिई रैकर परिणत भइसकेको जग्गा देखिएको र विवादित जग्गाको जग्गाधनी प्रतिवादीकै पिता पुर्खा रहेको देखिएको तथा निजका नाममा दाखिल खारिज नामसारी गर्न वादी स्वयंले मन्जुरनामा दिएको देखिएको स्थितिमा विवादित जग्गा प्रत्यर्थी प्रतिवादीका नाउँमा दर्ता हुने र दा.खा.नामसारी समेत हुने गरी मालपोत कार्यालय कलंकीबाट मिति २०७१।८।२६ मा भएको निर्णय बदर नहुने गरी जिल्ला अदालतबाट भएको फैसला र सो फैसलालाई सदर हुने ठहराई उच्च अदालत पाटनबाट मिति २०७४।९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हरिप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम् ।

## ५३

**मा.न्या.डा.श्री आनन्द मोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-११४४, अबन्डा जग्गा बन्डा गरी हक कायम गरी दर्ता नामसारी गरिपाउँ, हनुमान मुराउ वि. मगरू मुराउसमेत*

वादी र प्रतिवादीहरूबिच मालपोत कार्यालय रूपन्देहीबाट र.नं. ११७३ मार्फत मिति २०४८।५।३० मा अंश बन्डा गरी छुट्टी भिन्न भएको तथ्यमा विवाद रहेको देखिँदैन । सोबमोजिमको बन्डापत्रबाट बन्डा नभई अबन्डामा बाँकी रहेको जग्गामध्येबाट जम्मा अंशियार वादी र प्रतिवादीहरू रहेको हुँदा २ भागको १ भाग दिलाइपाउन माग दाबी लिई वादीकोतर्फबाट फिराद परेको देखिन्छ । अंशियारको पुस्तेबारी हेर्दा वादी हनुमान मुराउका २ जना दाजुहरूमा चिनक र मल्हर रहेकोमा मल्हर निसन्तान रही मृत्यु भइसकेको र चिनकको पनि मृत्यु भइसकेकोमा निज चिनकका छोराहरूमध्ये राम दुलारेको पनि मृत्यु भइसकी प्रतिवादीहरू मगरू र गौरी २ जना जीवित रहेको देखिन्छ । यो स्थितिमा वादी हनुमान मुराउ २ भागमध्येबाट १ भागको अंशको हकदार रहेको देखिन आउँछ । यो तथ्यमा प्रतिवादीहरूको पनि अन्यथा जिकिर रहेको देखिँदैन । अब वादीले अबन्डा रहेको भनी दाबी गरेको सम्पत्तिका हकमा विचार गर्दा प्रतिवादीहरूले प्रतिउत्तर फिराउँदा कि.नं १२१५ को ज.वि.०-०-९ मध्ये ०-०-४१/२ हामी प्रतिवादीहरूको पूर्वतर्फबाट भोग चलन रहेको र त्यस्तै गरी घरबास जग्गाको २ भागको १ भाग उत्तरतर्फबाट भोग चलन गरी आएकोले सो अनुसार समर्थन गरेमा दाबीबमोजिम प्रत्येक कित्ताहरूमा २ भागको १ भाग बन्डा छुट्याउन हामी प्रतिवादीहरू मन्जुर छौँ भनी उल्लेख गरेको

देखिन्छ । प्रतिवादीहरूको यो प्रतिउत्तर बेहोराबाट केही सम्पत्तिका हकमा आफूहरूले भोग गरिआएको अवस्थालाई आधार बनाई जग्गाको तर्फमासम्म निजहरूको रोजाइ रहेको देखिए पनि वादीले दाबी गरेबमोजिम २ भागको १ भाग छुट्ट्याइ दिन मन्जुर नै रहेको देखिएको छ । वादीले देखाएको जग्गामध्येबाट २ भागको १ भाग वादीले पाउने कुरामा प्रतिवादीहरूको पनि मुख मिलेको देखिएको अवस्थामा सोभन्दा बाहिर गएर अन्यथा निष्कर्षमा पुग्न मनासिब देखिन आएन । जग्गाको तर्फका हकमा सम्म प्रतिवादीहरूले भोग गरी आएको अवस्थालाई आधार बनाई निजहरूको खास रोजाइ रहेको देखिए पनि सो विषयपछि बन्डा छुट्ट्याउँदाका बखत नरम गरम मिलाउने र निरूपण हुन सक्ने अवस्था देखिने ।

तसर्थ, वादीले दाबी गरेबमोजिमको जग्गामध्येबाट २ भागको १ भाग बन्डा लगाउन मन्जुर गरी प्रतिवादीहरूले पनि स्वीकार गरेको देखिएको अवस्थामा सोबमोजिम पाउने नठहराई ४ भागको १ भागसम्म पाउने ठहराई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहराई तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७२/०३/०१ मा भएको फैसला केही नमिलेको देखिँदा केही उल्टी भई फिरादमा उल्लिखित जग्गामध्येबाट २ भागको १ भाग वादी हनुमान मुराउको अंश हक कायम भई निजका नाममा नामसारीसमेत हुने ।

इजलास अधिकृत: श्यामहरि अधिकारी (उपसचिव)
इति संवत् २०७९ साल भाद्र ३१ गते रोज ६ शुभम् ।

## ५४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CI-०३६५, निर्णय दर्ता बदर दर्ता कायमसमेत, सिता भन्ने चित्रकुमारी दाहालसमेत वि. ईश्वर बज्राचार्य*

वादीहरूले प्रस्तुत विवादमा विवादित जग्गाको जग्गाधनी प्रतिवादी होइन भनी जिकिर लिएको अवस्था नभई विवादित जग्गा बिर्ता जग्गा रहेको र तोकिएको समयसीमाभित्र जग्गाधनी बिर्तावालले दर्ता नगराएकोले जोताहाका नाताले आफूहरूको नाममा दर्ता हुनुपर्ने भन्नेसम्मको जिकिर लिएको देखिएकोमा विवादित जग्गा हाल बिर्ताको रूपमा नरहेको सम्बन्धमा माथिका प्रकरणहरूमा विवेचना गरिसकिएको छ । तथापि यो प्रश्नका सन्दर्भमा पनि मिसिल संलग्न कागजातहरू हेर्दा फेरि पनि माथि उल्लिखित बन्डापत्र सम्बद्ध प्रमाणको रूपमा रहने छँदैछ । यसका अतिरिक्त नापीका बखत तयार भएको फिल्डबुकमा जोताहा गोविन्द प्रसाद दाहाल स्वयंले यो जग्गा जैसीदेवल बस्ने चन्द्रचुडामणीको हो, मैले जोती आएको छु भनी उल्लेख गरी लेखाइदिएको देखिएको छ । वादी सीता भन्ने चित्रकुमारी दाहाल र निजका पति गोविन्दप्रसाद दाहालले मालपोत कार्यालय कलंकीमा मिति २०५५।९।२८ मा जग्गाधनी यकिन गरिएको विषयको निवेदन दिई कि. नं. ११७ को जग्गाको जग्गाधनी का .जि. जैसीदेवल बस्ने चन्द्र चुडामणीको हक खाने श्रीमती गणेशकुमारी बज्राचार्य र मोहीमा गोविन्दप्रसाद दाहाल हो भनी खुलाई लेखिदिएको तथा सोही मितिमा उक्त निवेदन बेहोरा मालपोत कार्यालय कलंकीमा सनाखतसमेत गरिदिएको देखिन्छ । यसै जग्गाको सम्बन्धमा द. नं. २०८६१ मिति २०६७।२।११ को मन्जुरी दिएको बारेको निवेदनमार्फत वादीका पति पिता गोविन्दप्रसाद दाहालले मालपोत कार्यालय कलंकीमा कि नं ११७ को जग्गा आफूले जोत कमोद गरी कुत बुझाई आएको र उक्त जग्गाको साबिक जग्गाधनी चन्द्र चुडामणी बज्राचार्य भएकोमा निज चन्द्र चुडामणीको परलोक भएको हुँदा निज साबिकवाला चन्द्र चुडामणीको नाति तिलक चुडामणी बज्राचार्यको छोरा इश्वर बज्राचार्यको नाममा रै. प. दा. खा. ना. सा. दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा दिएमा मन्जुर छ भन्ने बेहोरा उल्लेख गरी मन्जुरनामा दिएको देखिन्छ । सोही कि.नं. ११७ को जग्गाको कुत

गोविन्दप्रसाद दाहालबाट बुझी इश्वर बज्राचार्यले गरिदिएको भरपाई पनि पेस हुन आएको देखिन्छ । यो स्थितिमा विवादित जग्गा प्रतिवादीका नाममा दा. खा. दर्ता नामसारी गर्ने गरी भएको निर्णयलाई पनि कानूनविपरीत मान्न नमिल्ने ।

यसप्रकार दाबीको कि.नं.११७ को जग्गा बिर्ता जग्गा रहेको नदेखिई रैकर परिणत भइसकेको जग्गा देखिएको र विवादित जग्गाको जग्गाधनी प्रतिवादीकै पिता पुर्खा रहेको देखिएको तथा निजका नाममा दाखिल खारिज नामसारी गर्न वादीहरूका पति पितासमेतले मन्जुरनामा दिएको देखिएको स्थितिमा विवादित जग्गा प्रत्यर्थी प्रतिवादीका नाउँमा दर्ता हुने र दा.खा.नामसारीसमेत हुने गरी मालपोत कार्यालय कलंकीबाट मिति २०७१।८।२६ मा भएको निर्णय बदर नहुने गरी जिल्ला अदालतबाट भएको फैसला र सो फैसलालाई सदर हुने ठहराई उच्च अदालत पाटनबाट मिति २०७४।९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हरिप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम् ।

## ५५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-०३९०, अंश दर्ता, फिरोज मियाँ वि. अमना खातुनसमेत*

सर्भे नापी नक्सा हुँदा फिल्डमा तयार भएको क्षेत्रीय किताब उतारमा सप्तरी जिल्ला बकधुवा गा.वि.स. वडा नं. ५ को कि.नं. १८ समेतको ९ कित्ता जग्गाहरू प्रतिवादीहरूका पति/पिता स्व. यासिन मियाँको नाममा रै.नं. १८४ मा कायम गरी नापनक्सा भएको र सोमध्ये मिति २०३४।११।५ मा कि.नं. ६२ को जग्गा र.नं. २३१९ बाट राजीनामा लिखत गरिदिएको देखिन्छ । यसपछिका विभिन्न समयमा कि.नं. १२५, १२७, २४१, २२५, १८, २४२ र २०९ का जग्गाहरू पनि अन्य व्यक्तिहरूलाई राजीनामा लिखतबाट हक हस्तान्तरण गरेको देखिन्छ । अर्कोतर्फ वादी सइरून निसाका पति स्व. रमजान मियाँको सोही बकधुवा गा.वि.स. वडा नं. ५ को कि.नं. २१ समेतका ८ कित्ता जग्गाहरू निजका नाममा रै.नं. १५८ मा कायम गरी नाप नक्सा भएकोमा सोमध्ये वादीले मिति २०४९।७।२४ मा कि.नं. १६७ को जग्गा र.नं. २०३० बाट सुर्जिदेवी यादवलाई राजीनामा लिखतबाट हकहस्तान्तरण गरेको र त्यसपछिको समयमा कि.नं. २१ को जग्गा उदिन मियाँलाई, कि. नं. २२२ र २२३ का जग्गाहरू जालिमवतीलाई राजीनामा पारित गरिदिएको देखिन्छ । कि.नं. १६७ को जग्गाको राजीनामा लिखतको पेटबेहोरामा आफ्नो एकलौटी हकभोगको कसैको हक नलाग्ने भनी उल्लेख गरेको समेत देखिन्छ। यसरी फिल्डबुकबमोजिम मूल अंशियारहरूको आ-आफ्ना नाममा रहेको जग्गाहरू अन्य व्यक्तिहरूलाई हकहस्तान्तरण गरेउपर कसैको उजुरी परेको अवस्था देखिदैँन । वादीको पति स्व. रमजान मियाँ र प्रतिवादीहरूको पति/पिताले आ-आफ्नो नामको जग्गा छुट्टाछुट्टै देखाई ७ नं. फाँटवारी पनि भरेको देखिन्छ। यसका अतिरिक्त मूल पुर्खा स्व. अब्दुल गफुर मिया नामको प्लट नं. २४ र २५ का जग्गाहरू मालपोत कार्यालयको मिति २०४५।१।१४ को निर्णयले यी वादी र प्रतिवादीहरूका पिता पति यासिन मियाँ र रमजान मियाका नाममा आधा आधा नामसारी भएको पनि देखिन्छ । स्व. रमजान मिया नामका जग्गाहरू निजको मृत्युपछि वादीको नाममा नामसारी भएको देखिन्छ । २०६२ सालको मतदाता सूचीमा वादी र प्रतिवादीहरूको घर नम्बर छुट्टाछुट्टै उल्लेख भएको देखिन्छ । यी उल्लिखित अवस्था र प्रमाणहरूको रोहमा विचार गर्दा यी वादी र प्रतिवादीहरूका पिता पतिबिच अंशबन्डा भएको लिखत रहेको नदेखिएको भए पनि व्यवहारमा छुट्टाछुट्टै बसी आएको र आ... आफ्नो भोग बिक्री व्यवहार गरी आएको देखिने ।

मुलुकी ऐन, अंशबन्डाको महलको ३० नं. मा उल्लेख भएबमोजिम अंशबन्डा गर्दा अंशबन्डाको कागज रजिस्ट्रेसन पारित गरेको हुनुपर्ने र सो नगरे सदर नहुने व्यवस्था रहेको भए पनि उक्त ऐनमा मिति २०३४।९।२७ मा सातौं संशोधन हुनुपूर्वको स्थितिमा व्यवहार प्रमाणबाट बन्डा भइसकेको देखिएमा पनि त्यस्तो अंशबन्डाले मान्यता पाउने अवस्था देखिन्छ। मुलुकी ऐन, अंशबन्डाको महलको ३० नं. मा "... बन्डाबमोजिम आ-आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बन्डा भइसकेको ठहरेमा पछि रजिस्ट्रेसन भएको छैन वा बन्डा घटीबढी असल कमसल भयो भन्न पाउँदैन। रजिस्ट्रेसन नभए पनि बन्डा भएको सदर हुनुपर्छ" भन्ने उल्लेख भएको देखिन्छ। प्रस्तुत मुद्दाका वादीका स्व. रमजान मिया र प्रतिवादीहरूका पति/पिता स्व. यासिन मियाबिच अंशबन्डा भएको लिखत रजिस्ट्रेसन पारित भएको अवस्था देखिँदैन। तथापि मूल पुर्खा अब्दुल गफुरबाट वादी प्रतिवादीहरूका पति पिताका नाममा बराबर जग्गा नामसारी भइ आएको देखिएको, दुवै हाँगाका अंशियारहरूले आ आफ्नो तवरले आ... आफ्नो नामका जग्गाहरू बिक्री व्यवहार गरी आएको देखिएको, ७ नं फाँटवारी भर्दा अलग अलग भरेको देखिएको, वादीका पतिको मृत्युपछि निज नामका जग्गाहरू वादीको नाममा नामसारी भइआएको देखिएकोसमेतको अवस्थालाई हेर्दा निजहरूबिच अंशबन्डाको रजिस्ट्रेसन पारित भएको लिखत नभए पनि व्यवहारमा बन्डा भइसकेको मान्नुपर्ने।

तसर्थ वादीले आफ्नो पति स्व. रमजान मियाँ र प्रतिवादीहरूका पति/पिता स्व. यासिन मियाँबिच नै अंशबन्डा हुन बाँकी रहेको अवस्था देखाई प्रस्तुत फिराद गरेको भए तापनि मिति २०३४।११।५ समेतको राजीनामाको लिखतबाट निजहरूबिच पहिले नै अंशबन्डा भइसकेको कुरा व्यवहार प्रमाणबाट देखिन आएको स्थिति हुँदा वादी दाबीबमोजिम हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।०८।२४ मा भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।०१।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवबहादुर थापा

इति संवत् २०७९ साल मंसिर २५ गते रोज १ शुभम्।

## इजलास नं. ५

### ५६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७५-CR-१२८८, ठगी, नेपाल सरकार वि. तेजबहादुर गुरूङसमेत*

प्रतिवादी कुसुम गुरूङसँग व्यापार व्यवसाय गर्ने सम्बन्धमा जाहेरवालाको पूर्वसमझदारी नभएको कुरा निज जाहेरवालाको क्रियाकलापबाटै स्पष्ट हुन आउँछ। यी प्रतिवादी कुसुम गुरूङ ब्यापारमा संलग्न नभएकोले नै जाहेरवाला रकम उठाउन मलेसियामा रहेका प्र. बलबहादुर गुरूङलाई भेटेर रकम माग गरेको अवस्था देखिएको छ। निज जाहेरवालाकै भनाइमा मलेशिया पुगी निज बलबहादुर गुरूङले निजको छोरीमार्फत रकम बुझाउन भनेपछि नेपाल फर्किएको भन्ने पाइन्छ। सो वार्तालापमा निज छोरीको कुनै संलग्नता देखिँदैन। प्रतिवादी वलबहादुर गुरूङले निजको छोरीको सोल्टी मनि ट्रान्सफरमा जम्मा गरेको रकम प्राप्त नभएको भनेकोसमेत जाहेरवालाको जाहेरी तथा बकपत्र बेहोरा देखिँदैन। आफू मलेसिया पुगी फर्केपछि बलबहादुर गुरूङले रकम पठाएको र यी प्रतिवादी कुसुम गुरूङले नदिई ठगी गरेको भन्ने कुरा पनि मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिन आउँदैन। यी प्रतिवादी कुसुम गुरूङउपर बिनाआधार प्रमाण हचुवाको भरमा जाहेरी दिएको पाइन्छ। यसरी मनी ट्रान्सफर व्यवसायमा रकम जम्मा गरेको

आधारमा ठगीलगायतमा कसुरमा अभियोग लगाउने र सोही आधारमा कसुरदार ठहराई सजाय गर्ने हो भने आधुनिक समयमा व्यापार व्यवसाय सुचारूरूपले सञ्चालन हुन सक्दैन र अनि यस्ता व्यवसायीहरूको मानव अधिकार, मौलिक अधिकारलगायतका हक अधिकारको संरक्षण पनि हुन सक्दैन । यस तर्फ सरकारी अधिकारी र न्यायिक निकायले संवेदनशील भएर विचार पुर्‍याउनुपर्छ। यी प्रतिवादी र जाहेरवालाबिच मनी ट्रान्सफरको कारोबार बाहेक अन्य कुनै सम्बन्ध र सरोकार रहेको मिसिल कागजातबाट पुष्टि भएको नपाइने।

कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन सो प्रमाण मान्य हुनुपर्ने प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहेको हुन्छ । यी प्रतिवादी कुसुम गुरूङका नाताका तेजबहादुर गुरूङसँग कुराकानी गरी जाहेरवालाले मलेसियामा रहेका प्रतिवादी बलबहादुर गुरूङलाई रकम पठाएकोमा इलेक्ट्रोनिक सामान नआएको र रकम फिर्तासमेत नगरेकोमा निजको छोरीलाई पक्राउ गर्ने कार्यले फौजदारी कानूनको सम्मान भएको अवस्था छैन । यी प्रतिवादी कुसुम गुरूङले जाहेरवालालाई ललाउने फकाउने प्रलोभन दिएकोसमेत पुष्टि भएको छैन । यी प्रतिवादी कुसुम गुरूङउपरको अभियोग दाबी मिसिल संलग्न प्रमाणबाट पुस्टि नभएको र केवल जाहेरीमा नाम उल्लेख भएकै आधारमा निज प्रतिवादी कुसुम गुरूङलाई कसुरदार ठहर गर्न मनासिब नदेखिने।

प्रत्यर्थी प्रतिवादी कुसुम गुरूङउपरको अभियोग दाबी शंकाविहीन तवरबाट पुष्टि भएको अवस्था नहुँदा निजलाई समेत कसुरदार ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।३।१४ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म बदर भई निजले आरोपित कसुरबाट सफाइ पाउने तथा प्रतिवादी तेजबहादुर गुरूङको हकमा पनि अभियोग मागदाबी सफाइ पाउने भनी सुरू अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।१२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार १८ गते रोज ६ शुभम्।

## ५७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६९-CI-१००७, ०६९-CI-१३०५, ०७०-CI-११४२, अंश दर्ता, जानकीदेवी ढकालसमेत वि. सीताकुमारी ढकालसमेत, रमादेवी ढकालसमेत वि. जानकीदेवी ढकाल, जयादेवी ढकालसमेत वि. जानकीदेवी ढकालसमेत*

वादी प्रतिवादीहरूबिच नरम गरम मिलाई अंशबन्डा भएको नदेखिएको, नरम गरम मिलाई अंशबन्डा भएको भनी अन्य अंशियारले आचरणद्वारा स्वीकार गरेको अवस्था नभएको, सगोलका जग्गाहरूको दर्ता फुटी सबै अंशियारका नाममा नापी दर्ता भई बिक्री वितरण वा भोगचलन गरेकोसमेत नदेखिएकोले प्रतिवादीहरूको जिकिर अनुसार अंशबन्डा भइसकेको भनी मान्न मिल्ने देखिएन । यसरी पुनरावेदक वादी प्रतिवादीहरूबिच रितपूर्वक अंशबन्डा पारित नभएको र व्यवहार प्रमाणबाट पनि समानुपातिक रूपमा सम्पति प्राप्त गरी भिन्न भएको प्रमाणित हुन नसकेको अवस्थामा निजहरू एकासगोलकै अंशियार देखिएको हुँदा ७ भागको ३ भाग अंश पाउने ठहर्‍याएको हदसम्म पुनरावेदन अदालत जनकपुरको फैसला अन्यथा नदेखिने

सगोलमा रहेको अवस्थामा जुनसुकै अंशियारका नाममा सम्पत्ति रहन सक्दछ । त्यो सम्पत्ति सगोलको पनि हुन सक्छ र निजी आर्जनको पनि हुन सक्दछ । सगोलको सम्पत्ति सबै अंशियारमा बराबर भाग लाग्ने हुन्छ भने निजी सम्पत्तिमा आफ्ना

सन्तानबाहेक अन्य अंशियारलाई भाग लाग्दैन। कस्तो सम्पत्ति सगोलको सम्पत्ति र कस्तो सम्पत्ति निजी सम्पत्ति हुने भन्ने कुरा कानूनले निर्धारण गरेको हुन्छ। निजी सम्पत्ति कायम हुनलाई जसले त्यसको जिकिर लिन्छ उसैले सो जिकिर प्रमाणित गर्न सक्नुपर्दछ। सगोलमा रहेको अवस्थामा सगोलको सम्पत्ति आफ्ना नाममा छ भन्दैमा अन्य अंशियारको अंश हकबाट बञ्चित गर्ने उद्देश्यले आफूखुसी कुनै अंशियारलाई राजीनामा वा बकसपत्र गरी दिई हस्तान्तरण गर्दैमा र सोही बेहोराबाट सगोलमा रहेका केही अंशियारले सम्पत्ति प्राप्त गर्दैमा त्यस्तो सम्पत्ति निजी हुन सक्दैन। सगोलमै रहेको अवस्थामा कुनै अंशियारले आफ्नै नाममा वा अन्य कुनै अंशियारको नाम राखेर पनि सम्पत्ति खरिद गर्न सक्दछ। अंशबन्डा नभई भिन्न बसेको अवस्थामा सगोलको आय आर्जनबाट खरिद गरेको सम्पत्ति भए सगोलकै र व्यक्तिगत ज्ञान, सिप, प्रयास, हैसियतबाट आर्जन गरेको तथा त्यस्तो आर्जनबाट खरिद गरेको सम्पत्ति भए निजी नै मानिने।

वादी जानकीदेवीका नाम दर्ताको धनुषा जिल्ला हरिहरपुर गा.वि.स.वार्ड नं. १ग. कि.नं. १२११ को ज.वि.०-१-०, महोत्तरी जिल्ला भंगाहा गा.वि.स. वार्ड नं. ८ख. कि.नं.१३८ को ज.वि.०-१-० जग्गा महोत्तरी जिल्ला भंगाहा गा.वि.स. वार्ड नं. ८ख. कि.नं. १३९ को ज.वि.०-१-० जग्गा निजी आर्जनबाट खरिद गरेकीले बन्डा हुने होइन भनी दाबी लिए तापनि सो कुरा वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि गर्नसकेकी छैनन्। के कुन स्रोतबाट प्राप्त गरेको निजी आर्जनको रकमबाट जग्गा खरिद गरेको भनी पुष्टि गर्न नसकेपछि सो जग्गा सगोलकै आय आर्जनबाट खरिद गरेको मान्नुपर्ने हुन्छ। सगोलको आय आर्जन लगानी गरी खरिद गरेको सम्पत्ति सगोलकै सम्पत्ति मानिने।

प्रतिवादी अच्युतमप्रसादकी श्रीमती रमादेवीका नामको भक्तपुर जिल्ला दिव्येश्वरी २ख. कि.नं. १२४४ हाल कायम भएको कि.नं. २३१ को ०-५-०-३ र २४३८ को ०-२-२-० जग्गा मिति २०४४।८।९ मा निजी आर्जनको रकमबाट खरिद गरी घरसमेत बनाएकोले र सिराहा जिल्ला भदैया गा.वि.स. वार्ड नं. २ कि.नं. २४९ को ज.वि. १-७-३ जग्गा मिति २०४९।१०।१ मा अर्जुनप्रसाद पोखरेलबाट निजी आर्जनको रकमबाट खरिद गरेकोले बन्डा लाग्ने होइन भनी जिकिर लिएको देखिन्छ। यी रमादेवीका श्रीमान् अच्युतमप्रसाद विद्युत् उपशाखा, बुद्ध साबुन उद्योग, सोल्टी टेक्सटायल, हिमाल डेरी जस्ता संस्थामा काम गरेको, बैदेही गलैंचा उद्योग सञ्चालन गरेको र रमादेवीले केश सृंगारको तालिम लिई काम गरेको भनी प्रमाण कागजातहरू पेस भएको देखिएकोले त्यसलाई अन्यथा भन्न मिल्ने देखिएन। उक्त जग्गाहरू खरिद गर्न र घर बनाउन उक्त पेसा व्यवसायबाट आय आर्जन भएको सहजै अनुमान गर्न सकिन्छ। उक्त जग्गाहरू सगोलका कुनै अंशियारबाट खरिद गरेको नभई तेस्रो व्यक्तिबाट खरिद गरेको देखिन्छ। प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरूबिच सगोलको सम्पत्ति अंशबन्डा नभए पनि पहिल्यैदेखि अलगअलग खतीउपती गर्दै आएका र अलगअलग बसेको अवस्थामा रोजगारी, पेसा, व्यवसाय गरी खरिद गरेको, घर बनाएको वा जोडेको सम्पत्ति निजहरूको व्यक्तिगत हैसियतबाट आर्जन गरेको मान्नुपर्ने हुन्छ। निजी आर्जनबाट उक्त जग्गा खरिद गरी निजी आर्जनबाटै घर बनाएको होइन भनी वादीहरूले वस्तुनिष्ठ विश्वसनीय आधार प्रमाण पेस गरी पुष्टि गर्न सकेको अवस्थासमेत देखिँदैन। तसर्थ उक्त जग्गा र सोमा बनाएको घर सगोलको अंशबन्डा हुने सम्पत्ति हो भनी भन्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादी माधवप्रसाद र निजकी श्रीमती शिला शर्माका नाममा रहेको पर्सा जिल्ला वीरगन्ज उपमहानगरपालिका वार्ड नं.१० कि.नं. ८५५ को क्षेत्रफल ०-०-६ जग्गा मुनिया महतोबाट मिति २०५३।३।९ मा जागिर र व्यवसायबाट प्राप्त निजी आर्जनको रकमले खरिद गरी सो जग्गामा घर

बनाएको हुँदा बन्डा लाग्ने होइन भनी जिकिर लिएको देखिन्छ । माधवप्रसाद २०५० सालदेखि मेरीगोल्ड बोर्डिङ सेकेन्डरी स्कुल, वीरगन्जमा शिक्षक भई काम गरेको, २०५५ सालमा वीरगन्जमा नै अजय मेडिकल हल नामको औषधि पसल खोली सञ्चालन गरेको र शिला शर्माले वीरगन्जमा नै बोर्डिङ स्कुलमा शिक्षिका भई काम गरेको, एभरेष्ट बैंकबाट तीन लाख कर्जा लिई दृष्टि बन्धक गरिदिएको समेतका कागज प्रमाणहरू पेस गरेको देखिन्छ । उक्त जग्गाहरू सगोलका कुनै अंशियारबाट खरिद गरेको नभई तेस्रो व्यक्तिबाट खरिद गरेको देखिन्छ । प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरूबिच सगोलको सम्पत्ति अंशबन्डा नभए पनि पहिल्यैदेखि अलग अलग बसि आएका र अलग अलग बसेको अवस्थामा खरिद गरेको, घर बनाएको वा जोडेको सम्पत्ति निजहरूको व्यक्तिगत हैसियतबाट आर्जन गरेको मान्नुपर्ने हुन्छ । वादी पक्षले निजहरूले उक्त पेसा र व्यवसाय सञ्चालन गरेको होइन भनी विश्वसनीय आधार प्रमाण पेस गर्न नसकेको हुँदा निजहरूले उक्त पेसा र व्यवसाय सञ्चालन गरेकै मान्नुपर्ने हुन्छ । आफ्नो व्यक्तिगत प्रयास, हैसियत र परिश्रमबाट गरिएको पेसा एवम् व्यवसायमा अन्य अंशियारको कुनै योगदान नहुने भएबाट त्यस्तो पेसा, व्यवसायबाट आय आर्जन भएको रकम निजी आर्जनको हुने भई यस्तो रकमबाट खरिद गरिएको जग्गा र सोमा बनाइएको घरसमेत निजी नै हुन्छ । सगोलको सम्पत्ति वा आय आर्जनबाट जग्गा खरिद गरी सोमा घर बनाएको हो भनी वादी पक्षले वस्तुनिष्ठ आधार प्रमाण पेस गरी पुष्टि गर्न सकेको अवस्थासमेत छैन । यस्तो सम्पत्ति सगोलको अंशबन्डा हुने सम्पत्तिअन्तर्गत पर्ने नहुने ।

यसै सन्दर्भमा यस अदालतबाट रामचन्द्र यादव प्रतिवादी प्रत्यर्थी नवलकिशोर यादवसमेत भएको २०५७ सालको दे.पु.नं. ७४४४ को अंश मुद्दामा (स.अ. बुलेटिन, २०६१, वैशाख ११५ पूर्णाङ्क २८३, पृष्ठ १३) "प्रतिवादीले नोकरीबाट आर्जित र सञ्चयकोषबाट निकालेको रकमले खरिद गरेको जग्गा र बनेको घरलाई अंश बन्डाको १८नं. ले आफ्नो ज्ञान, सिप वा प्रयासबाट आर्जन गरेको मानिने हुँदा सो निजी ठहर्ने" भनी व्याख्या भएको देखिन्छ । उक्त सिद्धान्त अनुसार आफ्नो ज्ञान, सिप, श्रम र क्षमताबाट आर्जित रकम र संचय कोषमा जम्मा भएको र सो रकमबाट खरिद गरेको सम्पत्ति निजी हुन्छ । व्यक्तिगत रूपमा ज्ञान, सिप, श्रम र क्षमताबाट आर्जित सम्पत्तिमा आफ्ना सन्ततिमा मात्र अंश हक लाग्छ, त्यस्तो सम्पत्तिमा अन्य अंशियारको अंश हक नलाउने ।

त्यस्तै प्रतिवादी अच्युतमप्रसादले शालिग्रामप्रसाद ढकाललाई बिक्री गरेको कि.नं. ४१९ को ज.वि.०-८-१९ जग्गाको सम्बन्धमा आज यसै इजलासबाट लगाउको मुद्दा नं. ०६९-CI-१२२३ को लिखत बदर दर्ता बदर दर्ता मुद्दामा ८ भागको ३ भाग लिखत दर्ता बदर भै वादीहरूका नाउँमा दर्तासमेत हुने ठहरी फैसला भएकोले सो जग्गाको बारेमा यस मुद्दाबाट बोलिरहन नपर्ने ।

पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८/१२/२९ मा भएको फैसला केही उल्टी भई रमादेवीका नामको साबिक कि.नं. १२४४ हाल कायम भएको कि.नं. २३१ र २४३८, सितादेवी नामको कि.नं. १६३ र १७६ तथा माधवप्रसाद र निजकी श्रीमती शिला शर्माका नाममा रहेको कि.नं. ८५५ को जग्गा र उक्त जग्गाहरूमा बनेका घर निजहरूको व्यक्तिगत ज्ञान, सिप, प्रयास, क्षमता र हैसियतबाट निजी तवरले आर्जन गरेकोले अंश बन्डा नहुने र अच्युतमप्रसादका नाममा रहेको कि.नं. १९६, ४१४, ४२० र १८२, जानकीदेवीका नामको कि.नं. १२११, १३८ र १३९ को जग्गा सगोलको देखिएकोले यी वादीहरूले उक्त जग्गाको ७ भागको ३ भाग अंश पाउने ठहर गरी भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । अच्युतमप्रसादका नाममा रहेको कि.नं.४१२

को ज. वि. १-१०-५ बाट साबिकमा जानकी देवीले बिक्री गरेको भनिएको ज. वि. १-३-१० कटाई बाँकी रहेको ज. वि. ०-६-१५ बाट मात्र वादीहरूले ७ भागको ३ भाग अंश पाउने ठहर गरी भएको फैसला सो हदसम्म नमिलेकोले उक्त कि.नं. ४१२ को ज. वि. १-१०-५ को पूरै जग्गाबाट ७ भागको ३ भाग अंश यी वादीहरूले पाउने ठहर्छ । रमादेवीका नामको कि.नं. २४९, सितादेवीका नामको कि.नं. ४४२ र ४९३ का जग्गा निजहरूको व्यक्तिगत ज्ञान, सिप, प्रयास, क्षमता र हैसियतबाट आर्जन गरेको पुष्टि भएको हुँदा उक्त जग्गालाई सगोलको मानी उक्त जग्गाको ७ भागको ३ भाग अंश वादीहरूले पाउने ठहर गरी भएको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई उक्त जग्गाबाट अंशबन्डा नहुने ।

इजलास अधिकृतः सुशिला पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल फागुन १९ गते रोज २ शुभम् ।

५८

**मा.न्या.श्री अनिलकुमार सिन्हा, मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WH-०४१९, बन्दीप्रत्यक्षीकरण, यादव भन्ने रामप्रसाद घिमिरे वि. बारा जिल्ला अदालतसमेत*

कानूनी प्रावधान तथा यस अदालतबाट भएका व्याख्यासमेतलाई समग्रमा दृष्टिगत गर्दा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ जेष्ठ नागरिकहरूका सम्बन्धमा जारी भएको विशेष ऐन रहेको र नेपाल सरकार वादी भई चलेका सबै मुद्दामा जेष्ठ नागरिकको उमेर र कसुरको अवस्था हेरी निज यादव भन्ने रामप्रसाद घिमिरेले कैद छुट प्राप्त गर्न सक्ने भन्ने नै देखिए पनि क्षतिपूर्तिसम्बन्धमा आफूले पालन गर्नुपर्ने कानूनी कर्तव्य पालना नगरी अधिकार र सुविधा मात्र खोज्न आएको देखिएको हुँदा मागबमोजिम तत्कालै बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने नदेखिने ।

निज निवेदक प्रतिवादी यादव भन्ने रामप्रसाद घिमिरे जेष्ठ नागरिक रहेको भनी रिट निवेदनमा उल्लेख गरेको र जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ जेष्ठ नागरिकका सम्बन्धमा जारी भएको विशेष ऐन भएकोले सोही ऐनको दफा १२ को उपधारा १ बमोजिमको सुविधा यी निवेदक प्रतिवादी यादव भन्ने रामप्रसाद घिमिरेले पनि प्राप्त गर्न सक्ने नै देखियो । यी निवेदकको उमेर सनाखत गरी ६५ वर्षदेखि ७० वर्षबिचको उमेर भएमा जेष्ठ नागरिकसम्बन्धी ऐन,२०६३ को दफा १२(१)(क) बमोजिम २५% कैद छुट दिन सकिने व्यवस्था देखिए पनि हाल यी बन्दी निवेदकले बारा जिल्ला अदालतको मिति २०७१।१।१८ को फैसलाबमोजिम बुझाउनुपर्ने क्षतिपूर्ति बुझाएको नदेखिएको हुँदा क्षतिपूर्ति बुझाएको बखत मात्र थुना मुक्त हुने हुँदा हाल गैरकानूनी रूपमा थुनामा राखेको भन्न मिल्ने अवस्था नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने । अतः बारा जिल्ला अदालतको मिति २०७१।०१।२८ को फैसला बमोजिम क्षतिपूर्ति बुझाएमा यी निवेदक यादव भन्ने रामप्रसाद घिमिरेलाई थुनामुक्त गरी उपयुक्त माध्यम अपनाई पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइदिनु भनी विपक्षी बारा जिल्ला अदालतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल भाद्र १० गते रोज ५ शुभम् ।

५९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-WO- १३७५, उत्प्रेषण, रबी हमाल ठकुरी वि. कुलपति, सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं*

स्वीकृत दरबन्दीभित्रको पदपूर्ति गर्न विश्वविद्यालय स्वायत्त रहेको छ । समायोजन गर्नुपर्ने पदहरूको दरबन्दी पूर्ति गर्नेतर्फ समायोजन हुन नसकेका अवस्थामा कुलपति रहेका प्रधानमन्त्रीको निर्देशनबमोजिम नै नेपाल सरकारले निर्णय गर्ने

विषय भएकाले यो विषय नेपाल सरकार तथा विश्वविद्यालयको आन्तरिक कार्य भएको पाइन्छ । मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को दफा ३९ मा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्दा अर्थ मन्त्रालयको स्वीकृत लिनुपर्ने व्यवस्था रहेको देखिन्छ। उक्त व्यवस्थाबमोजिम ३१९ पदको दरबन्दी मिति २०६९।८।१३ मा स्वीकृत भएकोसमेत देखिन्छ। ऐ. को दफा २१ को उपदफा (१) मा " विश्वविद्यालयको शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक सेवा आयोग रहने छ" भन्ने व्यवस्था गरेको देखिन्छ । उक्त व्यवस्था भएबाट विश्वविद्यालय सेवा आयोगलाई भएको अधिकारअन्तर्गत नै आयोगले विज्ञापन गरेको पाइयो । यसरी स्वीकृत भएको दरबन्दीमध्ये खाली हुन आएको दरबन्दीमा शिक्षकतर्फ खुला १८, आन्तरिक १, विशेष आन्तरिक खुला ३१, तथा कर्मचारीतर्फ खुला ३२, आन्तरिक १, विशेष आन्तरिक खुला ९ पदको विज्ञापनको लागि अख्तियार प्राप्त निकायबाट मिति २०७५।११।२३ र २०७५।११।२४ मा भएको विज्ञापन कानूनसम्मत नै देखिँदा विपक्षीको काम कारबाहीलाई अन्यथा भन्नुपर्ने नदेखिने । साथै उक्त विज्ञापनबमोजिमका पदहरूमा निर्धारित मितिमा परीक्षा सञ्चालन भई पदपूर्ति समेत भइसकेको भनी विश्वविद्यालयका तर्फबाट बहस गर्नुहुने विद्वान् अधिवक्ताहरूले जानकारीसमेत गराउनु भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भूमिप्रसाद शर्मा

इति संवत् २०७८ साल चैत्र २१ गते रोज २ शुभम्।

## इजलास नं. ६

### ६०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०६९-WO-१०९८, उत्प्रेषणयुक्त परमादेश, गुणादेवी लामिछाने वि. जिल्ला शिक्षा कार्यालय, काठमाडौंसमेत*

नेपालको संविधान, २०७२ को धारा १८ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने छन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन भनी व्यवस्था भएको र धारा २० को उपधारा (८) मा प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ । सुनुवाइको मौकाबिना निवेदकलाई अवकाश दिएको कार्य "अर्को पक्षको सुनुवाइबिना निर्णयमा पुग्नु हुँदैन" भन्ने प्राकृतिक न्यायको सिद्धान्त (PRINCIPLE OF NATURAL JUSTICE) समेत विपरीत हुन गएको देखिन्छ । यसै सन्दर्भमा निवेदक रविन कुमार पौडेल वि. पुनरावेदन अदालत, पाटनसमेत भएको (नेकाप २०६५, अङ्क ५, नि.नं. ७९७०) उत्प्रेषण रिट निवेदनमा "कानूनले पर्याप्त आधार र कारण खोली स्पष्ट शब्दमा सुनुवाइको मौका प्रदान गर्नुपर्ने कुरालाई बाहेक (EXCLUDE) नगरेसम्म कारणीलाई खोज तलास गरी सुनुवाइको मौका प्रदान नगरी गरेको कुनै पनि कार्यले न्यायिक मान्यता प्राप्त गर्न नसक्ने । सुनुवाइको मौका प्रदान गर्नुपर्ने वा नपर्ने सम्बन्धमा कुनै कानून मौन रहन्छ भने पनि यदि गर्न लागेको कारबाहीबाट कसैको हक अधिकार वा सुविधामा प्रतिकूल असर पर्ने रहेछ भने कारणीलाई खोजतलास गरी सुनुवाइको मौका प्रदान गर्नुपर्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ । निवेदक तुलसी प्रसाद न्यौपानेसमेत विरूद्ध उर्जा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत भएको (ने.का.प. २०७४, अङ्क ५, नि.नं. ९८०६) उत्प्रेषण तथा परमादेश रिट निवेदनमा "प्राकृतिक न्यायको आत्मा भनेको अधिकार प्राप्त अधिकारीको काम कारबाहीमा स्वच्छता कायम गर्नु, न्यायका निम्ति अन्याय हुनुबाट रोक्नु हो । कानूनको उचित प्रक्रिया (DUE PROCESS OF LAW) र प्राकृतिक न्यायको

सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगतरूपमा भएको मानिने । कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारबाही गरी निर्णयमा पुगेको देखिनुपर्दछ भन्ने मान्यता प्राकृतिक न्यायको सिद्धान्त हो । प्राकृतिक न्यायको सिद्धान्त निष्पक्षता र स्वच्छता कायम गर्ने प्रयोजनका लागि जसका विरूद्ध अभियोग वा दाबी पेस गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी र भनाइ राख्ने र प्रमाण पेस गर्ने मौका प्रदान गरिनुपर्दछ भन्ने कुरासँग सम्बन्धित छ । यसले निर्णय प्रक्रियालाई स्वच्छ (FAIR) न्यायिक (JUST) र निष्पक्ष (IMPARTIAL) बनाउन मद्दत गर्ने । प्रशासकीय र न्यायिक निकायबाट गरिने निर्णयबाट कसैको हकाधिकारमा असर वा प्रभाव पार्दछ भने त्यस्तो अवस्थामा न्यायको अनुभूति दिनका लागि निर्णयकर्ताले दुराशयरहित, बिनापूर्वाग्रह, स्वच्छ र निष्पक्ष रूपले निष्कर्षमा पुगेको हो भनी देखिनका लागि प्राकृतिक न्यायको सिद्धान्तलाई अनिवार्यरूपमा पालना गरिएको हुनुपर्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । शिक्षा नियमावली, २०५९ को नियम १४० मा सजायसम्बन्धी कार्यविधिको व्यवस्था गरिएको देखिन्छ । ऐ.ऐनको दफा १४०(१) मा "सजाय दिन पाउने अधिकारीले कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्छ । यसरी सफाइको मौका दिँदा निजमाथि लगाइएको आरोप र सजाय स्पष्ट रूपले किटिएको हुनुपर्ने छ । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नुपर्ने छ" भनी व्यवस्था भएकोमा ऐ. ऐनको दफा १४२ मा "शिक्षकले नियम १४० बमोजिम पेस गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा सजाय गर्ने अधिकारीले यसको कारण खुलाई सजाय गर्ने छ" भनी व्यवस्था भएको देखिन्छ । यसरी स्पष्टीकरण सोधिसकेपछि चित्त नबुझेमा मात्र सजाय गर्ने अधिकारीले सजाय गर्न पाउने कानूनी अधिकार भइरहेको परिप्रेक्ष्यमा निवेदक गुणादेवी लामिछानेले विधिवत् सुनुवाइको मौका प्राप्त नगरी स्पष्टीकरण नदिएको र निजलाई सजायको प्रस्ताव गरी नोकरीबाट अवकाश दिएको नदेखिँदा निजको अवकाशमा कार्यविधिगत त्रूटि देखिन आएको ।

तसर्थ, निवेदनको तथ्य, लिखित जवाफमा प्रेषित आधार र कारण एवम् निज निवेदकलाई दिइएको अवकाशको पत्रबाटै स्पष्टीकरण सोधिएको पत्र निवेदकले पाएको नदेखिँदा मिति २०६९।११।१६ को निज निवेदकलाई अवकाश दिने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब पुन: निजलाई शिक्षा ऐन तथा नियमावलीले सजाय दिँदा अपनाउनुपर्ने कार्यविधि अपनाई कानूनबमोजिम जे जो निर्णय गर्नुपर्छ गर्नु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः टिकेन्द्रवीर जङ्ग राणा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल मंसिर २५ गते रोज ५ शुभम् ।

## ६१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०२००, बन्दीप्रत्यक्षीकरण, रंजितकुमार सिंह वि. काठमाडौं जिल्ला अदालत, तहसिल शाखा, काठमाडौं*

निवेदक काठमाडौं जिल्ला अदालतको फैसलाले लागेको कैद जरिवानाबापत कैदमा बसिरहेको र लागेको कैद भुक्तान गरिसकेको देखिए पनि हाल जरिवाना नबुझाएका कारण थुनामा बसेको र निवेदकले बाँकी जरिवाना रकम बुझाइसकेको पनि भन्नसकेको नदेखिँदा निजले बाँकी जरिवाना बुझाएका बखत कैदबाट मुक्त हुने नै हुँदा हाल जरिवाना रकम बुझाइसकेको नदेखिएको अवस्थामा निजलाई कैदबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने अवस्था नदेखिने ।

अतः निवेदकलाई तत्कालीन कानूनी व्यवस्थाबमोजिम तोकिएको कैद सजाय हाल कानूनले

प्रदान गरेको सुविधाअनुसार नै निजले दुइ तिहाइ मात्र भुक्तान गरे पुग्ने र कैदी पुर्जी संशोधन गरी दिनुपर्नेमा काठमाडौं जिल्ला अदालतबाट सो गरेको नदेखिएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम काठमाडौं जिल्ला अदालतबाट जारी भएको कैदी पुर्जी संशोधन गरी निजलाई हुने कैद १० वर्ष भुक्तान भई आजका मितिसम्म ३ वर्ष १ महिना २६ दिन बढी कैद बसेको देखिँदा सो बढी बसेको अवधि ३ वर्ष १ महिना २६ दिनको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम प्रतिदिन रू.३००।- का दरले हुने रू.३,४५,३००।- (तीन लाख पैँतालिस हजार तीन सय) निजलाई भएको जरिवाना रू.६,६६,६६६।६६ (छ लाख छैसट्ठी हजार छ सय छैसट्ठी रुपियाँ छैसट्ठी पैसा) मा घटाई रू.३,२१,३६६।६६ (तीन लाख एक्काइस हजार तीन सय छैसट्ठी रुपियाँ छैसट्ठी पैसा) जरिवानाको लगत बाँकी रहने भएकोले सो जरिवाना रकम रू.३,२१,३६६।६६ (तीन लाख एक्काइस हजार तीनसय छैसट्ठी रुपियाँ छैसट्ठी पैसा) काठमाडौं जिल्ला अदालतमा निजले बुझाएमा मात्र निजलाई लागेको उक्त जरिवानाको रकम बुझी निवेदक रंजितकुमार सिंहलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत लागु औषध मुद्दाको हकमा मात्र थुनामुक्त गरिदिनु भनी काठमाडौं जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल वैशाख २७ गते रोज २ शुभम्।

## ६२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-०५२७, ०७६-CR-०५३६, ०७६-CR-१४७३, ०७७-CR-०३९३ कर्तव्य ज्यान, दिपेन मोक्तान वि. नेपाल सरकार, सबिन भन्ने यादवप्रसद श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. सबिन भन्ने यादवप्रसाद श्रेष्ठसमेत, सरून भन्ने गणेशबहादुर गुरूङ वि. नेपाल सरकार*

जाहेरवालाले मौकामा जाहेरी दिँदा यी प्रतिवादीहरूका नाममा पनि किटानी जाहेरी दिए पनि अदालतमा बकपत्र गर्दा प्रतिवादीहरू यादवप्रसाद श्रेष्ठ र दिपेन मोक्तानलाई शंकाको भरमा अभियोग लगाएको भनी लेखाएको देखिन्छ । प्रतिवादी गणेशबहादुर गुरूङले प्रतिवादीहरू दिपेन मोक्तान र यादवप्रसाद श्रेष्ठको सहमतिमा मृतक राजकुमार राईलाई खुकुरी प्रहार गरेको हो भनी अधिकारप्राप्त अधिकारिसमक्ष बयान गरेको देखिन्छ । यी प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारिसमक्ष बयान गर्दा प्रतिवादी गणेश गुरूङले मृतक राजकुमार राईले पहिल्यैदेखि दुःख दिँदै आएकोले आज ठिक पार्नुपर्छ सहयोग गर्नुपर्‍यो भनी सहयोग माग्दा निजको योजनामा तत्कालै सहमति जनाई सहयोग गरेको भनी बयान गरेको पाइन्छ । अदालतमा बयान गर्दा यी प्रतिवादीहरू यादवप्रसाद श्रेष्ठ र दिपेन मोक्तान वारदातको समयमा आफूहरू घटनास्थलमा नभई अन्यत्र रहेकोले आफूहरूले कसुर गरेको होइन भनी जिकिर लिए पनि सो जिकिर पुष्टि हुने वस्तुनिष्ठ प्रमाण दिनसकेको पाइँदैन । जाहेरी दरखास्तको बेहोरा, जाहेरवालाले अदालतमा गरेको बकपत्र, वारदातस्थलमा उपस्थित प्रत्यक्षदर्शी भनिएका दलबहादुर विश्वकर्मा, तिर्थकुमार श्रेष्ठ, लाखमान तामाङसमेतले अनुसन्धानमा लेखाइदिएको बेहोरा र अदालतमा आई गरेको बकपत्र, पुनरावेदक/प्रतिवादीहरूले अनुसन्धानमा र अदालतमा गरेको बयानसमेतका मिसिल कागजातबाट यी पुनरावेदकहरू दिपेन मोक्तान, सबिन भन्ने यादवकुमार श्रेष्ठ र अर्का प्रतिवादी सरून भन्ने गणेशबहादुर गुरूङ तीनै जना वारदातस्थल खेलमैदानमा फुटबल हेर्न गएको देखिँदा वारदात समयमा वारदातस्थलमा नभई अन्यत्र रहेको भनी निजहरूले लिएको जिकिर पुष्टि हुन सकेको

देखिँदैन । मिसिल संलग्न कागज प्रमाणहरूबाट दिपेन मोक्तान र सबिन भन्ने यादवप्रसाद श्रेष्ठ वारदातस्थलमा उपस्थित भई प्रतिवादी गणेश गुरूङलाई कसुर गर्न दुरूत्साहन गरेको, मतसल्लाहमा परी मुख्य व्यक्ति गणेश गुरूङको आपराधिक कार्यमा सहयोगी भूमिका निर्वाह गरेको देखिए तापनि निजहरूले मृतकलाई चोट छोडेको र गणेश गुरूङको सल्लाहबमोजिम खुकुरीले हानेको भन्ने कुनै स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुनसकेको नदेखिँदा प्रतिवादी यादवप्रसाद श्रेष्ठ र दिपेन मोक्तान वारदातमा मतसल्लाहमा परी मुख्य व्यक्ति गणेश गुरूङको आपराधिक कार्यमा सहयोगी भएको देखिएकोले निजहरूले गरेको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिमको कसुर भएको पुष्टि हुने ।

मौकामा परेको जाहेरी दरखास्त, प्रतिवादीहरूले गरेको बयान, घटनास्थल तथा लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदनलगायतका मिसिल संलग्न प्रमाण कागजहरूबाट प्रतिवादीहरू दिपेन मोक्तान र सविन भन्ने यादवप्रसाद श्रेष्ठले घटनास्थलमा उपस्थित भई मृतक राजकुमार राईको ज्यान मार्नको लागि प्रतिवादी गणेशबहादुर गुरूङको सहयोगीको भूमिका निर्वाह गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(१) नं. को कसुर गरेको देखिँदा सुरू मोरङ जिल्ला अदालतको मिति २०७४।९।४ को फैसला निज प्रतिवादीहरूको हकसम्म उल्टी गरी निजहरूलाई ऐ. १७(१) नं. बमोजिम दश वर्ष कैद सजाय हुने ठहर्‍याएको उच्च अदालत विराटनगरको मिति २०७५।१२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निज प्रतिवादीहरूको हकमा परेको वादी नेपाल सरकार र यी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रतिवादी सरून भन्ने गणेशबहादुर गुरूङलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुर कायम गरी सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७५।१२।२६ को फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी गणेशबहादुर गुरूङलाई सर्वस्वको सजाय गर्न मिलेन । तसर्थ, निज प्रतिवादी गणेशबहादुर गुरूङलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल माघ २४ गते रोज २ शुभम् ।

## ६३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CR-०१०२, कर्तव्य ज्यान, सुनिता लामा वि. नेपाल सरकार*

प्रतिवादी अधिकारप्राप्त अधिकारी तथा अदालतमा बयान गर्दा मृतक रामबहादुर तामाङलाई कराई, पन्यु, लाइटरलगायत जे हातमा आयो त्यही वस्तुले प्रहार गर्दा निज घाइते भई मृत्यु भएको भन्ने साबिती बयान गरेको र सो साबिती बयान मिसिल संलग्न माथि उल्लिखित प्रमाणहरूले पनि खम्बिर रूपमा समर्थित भएको देखिन्छ । यसरी प्रतिवादी

सुनिता लामाले आफ्ना श्रीमान् रामबहादुर तामाङसँग भएको घरायसी विवादमा भान्सामा भएका लाइटर, पन्यु, कराईलगायतका वस्तुले प्रहार गरी घाइते बनाई सोही चोटका कारण निज रामबहादुरको मृत्यु भएको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर कायम गरेको उच्च अदालत पाटनको मिति २०७५।८।२३ को फैसला कसुर ठहरका सम्बन्धमा अन्यथा नदेखिँदा सदर हुने।

प्रतिवादीको उमेर तथा निजप्रति आश्रित छोरीको पालन पोषणसमेतलाई विचार गर्दा प्रतिवादीलाई कसुर ठहर गरी सजायको हकमा जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिई उच्च अदालत पाटनबाट १०(दश) वर्ष कैद सजायको लागि राय पेस गरेको भए पनि निज प्रतिवादीलाई ८(आठ) वर्ष कैद सजाय गर्दा पनि कानूनको मक्सद पूरा भई प्रतिवादीलाई कसुर अनुसारको सजाय पुग्ने नै देखिएकोले निज प्रतिवादी सुनिता लामालाई ८(आठ) वर्ष कैद हुने।

इजलास अधिकृतः हेमराज शर्मा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम्।

## इजलास नं. ८

### ६४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७४-CR-०७७७, कर्तव्य ज्यान, लालबहादुर विष्ट वि. नेपाल सरकार*

सामान्य अवस्थामा पारिवारिक नातेदारका मानिससँग राति २ बजे फोन गर्नुपर्ने अवस्था रहँदैन । असामान्य अवस्था वा परिस्थिति सिर्जना भएको अवस्थामा मात्र राति २ बजेको समयमा फोन गर्नुपर्ने अवस्था हुन जान्छ। मृतक र प्रतिवादीबिचको विवाद उत्कर्षमा पुगी प्रतिवादीबाट मृतकको जिउ ज्यानमाथि नै खतरा हुन सक्ने कारणले मृतकले भाइलाई फोन गरी मलाई मार्न लाग्यो बचाउ भाइ भनेको हुनुपर्ने परिस्थितिलाई नजर अन्दाज गर्न सक्ने अवस्था देखिँदैन। यसैगरी मृतक झुण्डिएको कोठाको उचाइ जमिनबाट ५ फिट ६ इन्च रहेको, मृतकको उचाइ ५ फिट रहेको, पासो लगाइएको भनिएको डोरी सानो रहेको भन्ने घटनास्थल लास जाँच मुचुल्कामा उल्लेख भएकोले ५ फिट उचाइ भएको मानिसले ५ फिट ६ इन्च उचाइ भएको ठाउमा पासो लगाई आत्महत्या गरेको हुन् भन्ने तथ्य आफैँमा विश्वासिलो देखिँदैन। यी कुरालाई विशेषज्ञ डा. सुर्यप्रसाद भुसालले घाटीको वरीपरी डोरीको पूर्ण डाम देखिएको, श्वास प्रश्वास बन्द भई मृत्यु भएको, सामान्यतया झुण्डिएको लासमा घाँटीमा पुरै डाम हुँदैन, मृतकको घाँटी वरिपरी पुरै डाम देखिएको छ, त्यसकारण पूरै झुण्डिएको जस्तो देखिँदैन, झुण्डिएको सामान्य लक्षण पनि देखिँदैन भनी गरेको बकपत्रबाट पुष्टि भएको देखिन्छ । मृतक र प्रतिवादीबिच बारम्बार झगडा भइरहनु, प्रतिवादीको मिना विष्टसँग अनुचित सम्बन्ध रहेको भनी मृतकले शंका गर्नु, जाहेरवाला र यी प्रतिवादीबिच वारदातको राति २ बजे भएको कल डिटेलसमेतका मिसिल संलग्न कागज प्रमाणबाट प्रस्तुत वारदात डोरीले पासो लगाई आत्महत्या गरेको हो भन्ने तथ्य वस्तुनिष्ठ रूपमा पुष्टि हुन आएको नदेखिने।

प्रतिवादीले मौकामा तथा अदालतमा कसुरमा इन्कार रही बयान गरेको भए पनि प्रतिवादी र मिना विष्टसँगको सम्बन्धका कारणले यी प्रतिवादी लालबहादुर विष्ट र गोल्मा विष्टबिच झैझगडा हुने गरेको भन्ने कुरा मिसिलबाट देखिएको छ । मृतक गोल्मा विष्टले पटकपटक विष सेवन गरी आत्महत्या गर्ने प्रयास गर्ने गरेको भन्ने प्रतिवादीको बयानबाट देखिए पनि सो कुरा पुष्टि हुने अन्य स्वतन्त्र प्रमाण मिसिलबाट देखिँदैन। किटानी जाहेरी दरखास्त, घटनास्थल लास

जाँच मुचुल्काको वबेहोरा, शव परीक्षण गर्ने विशेषज्ञ डा. सुर्यप्रसाद भुसालले गरिदिएको बकपत्र, मिसिल संलग्न कल डिटेल विवरणसमेतका कागज प्रमाणहरूबाट यी प्रतिवादी लालबहादुर विष्टको कर्तव्यबाट नै मृतक गोल्मा विष्टको मृत्यु भएको तथ्य नजिकिएको देखिन्छ । यसै सन्दर्भमा वादी नेपाल सरकार विरूद्ध प्रतिवादी राजकुमार श्रेष्ठ भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतबाट ने.का.प. २०६८, अङ्क ९, निर्णय नं. ८६८७ मा "इन्कारीले मात्र कुनै अभियुक्तले आरोपित कसुरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन सक्दैन । सजायबाट बच्नका लागि अदालतमा सामान्य रूपले इन्कारी बयान गर्नु एउटा कुरा हो । अभियोजन पक्षबाट उल्लेख्य प्रमाणहरूको उपस्थितिमा अभियुक्तको सामान्य इन्कारी मात्र निजको निर्दोषिताको प्रमाण बन्न सक्दैन । किनभने सजायबाट बच्नका लागि मात्र अदालतलाई ढाँट्न खोजेको हो वा वास्तवमै अमुक अभियुक्त बेकसुर रहेको छ ? अदालतले उपलब्ध समग्र प्रमाणको विश्लेषण गरी सत्य र तथ्यको निरूपण गरी प्रमाणको आधारमा ठहर इन्साफ गर्नुपर्ने ।" भनी प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरेको उच्च अदालत सुर्खेत, जुम्ला इजलासको फैसला मनासिब नै देखिएकोले अभियोग मागदाबीबाट सफाइ दिलाइपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर र पुनरावेदन जिकिर समर्थित निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिर र यस अदालतबाट मिति २०७५।२।१० मा प्रत्यर्थी झिकाउने आदेश हुँदा लिइएको आधारसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी लालबहादुर विष्टलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको उच्च अदालत सुर्खेत, जुम्ला इजलासको मिति २०७४।१।२१ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । जहाँसम्म सर्वस्वसहित जन्म कैद गर्ने सजायको सम्बन्ध छ, त्यसतर्फ विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा उल्लेख भएअनुसार सर्वस्वसहित जन्म कैद हुने ठहर भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था भएको देखिँदा यी प्रतिवादी लालबहादुर बिष्टलाई सर्वस्व गरिरहनु परेन । जन्मकैदको सजाय मात्र हुने ।

इजलास अधिकृत: हेमराज तिमिल्सैना

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७८ साल आषाढ २० गते रोज १ शुभम्।

## ६५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-CR-१००२, मानव बेचबिखन तथा ओसार पसार, नेपाल सरकार वि. सम्जना राई*

म सामान किन्न पारी जान हिँडेकोमा बजारमा भिड देखेर जाँदा यी पीडितलाई विश्वसेवा विस्तार संस्थाले सोधपुछ गर्दा कसैले मलाई लिएर आएको र लैजान लगेको होइन म आफैँ विदेश जान हिँडेको हुँ, उक्त स्कुटीमा लिफ्ट मागेर चढी आएको भन्दै थिइन् भनी वस्तुस्थिति मुचुल्काका शान्ता गुरूङले बकपत्र गरेको देखिन्छ । प्रतिवादी सम्जना राईसँग मेरो कुनै चिनजान थिएन । मलाई ललाइफकाइ लगेको पनि होइन । म गाडी पर्खेर बसेको बेला स्कुटी आएकोले लिफ्ट मागी काकरभिट्टासम्म गएको मात्र हो । म विदेश जान भनी परिवारको मन्जुरीले नै पहिला गएको ठाउँमा नै जान भनी हिँडेको थिएँ । मैले प्रतिवादीलाई विदेश हिडेको भनेकोसम्म हो भनी पीडित परिवर्तित नाम ०४-२-प ले प्रतिवादीको बयान बेहोरालाई नै समर्थन

तथा जाहेरी बेहोरा खण्डित हुने गरी अदालतमा बकपत्र गरेको देखिँदा यी प्रतिवादीको बयान र पीडितको बकपत्रबाट निजहरू एकआपसमा चिनजान भएको र वैदेशिक रोजगारको लागि यी प्रतिवादीले पीडितालाई लिएर गएको हो भन्ने स्वतन्त्र विश्वसनीय प्रमाण मिसिलबाट देखिन नआउने ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) मा "... त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने छ" भन्ने कानुनी व्यवस्था रहेको सन्दर्भमा पीडितले अदालतमा बयान गर्दा अनुसन्धानको क्रममा गरेको प्रमाणित बयान बेहोरा विपरीत हुने गरी, साथै आफ्नो जाहेरी बेहोरासमेत खण्डित हुने गरी अदालतमा बकपत्र गरेको अवस्थामा अनुसन्धानमा भएको बयानलाई विश्वसनीय प्रमाणको रूपमा लिन मिल्ने देखिन आएन। कसुरबाट प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयंले कसुरदारलाई नै उन्मुक्ति दिने किसिमबाट अदालतमा आफ्नो कथन अभिव्यक्त गरिदिएको अवस्थामा पीडितको उक्त कथनलाई मिसिल संलग्न अन्य वस्तुनिष्ट एवं स्वतन्त्र प्रमाणहरूले अन्यथा देखाउन सकेको देखिँदैन । वारदात र सोमा प्रतिवादीको संलग्नतालाई शंकारहित तवरबाट पुष्टि नगरेको अवस्थामा अदालतले अभियोग लगाएकै आधारमा शंका गरी अनुमानको भरमा कसैलाई पनि कसुरदार कायम गरी सजाय गर्नु कानुन र फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुकुल नहुने हुँदा यी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला अन्यथा नदेखिएकोले अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने पुनरावेदन वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१), ४(२) को कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम यी प्रतिवादी सम्जना राईलाई दश वर्ष कैद र पचास हजार रूपियाँ जरिवाना ठहर गरी सोही ऐनको दफा १८(२) बमोजिम मे. ८ प ४८२९ नं. को स्कुटर जफत हुने र दफा १७ बमोजिम पीडितले प्रतिवादीबाट तिस हजार रूपियाँ क्षतिपूर्तिसमेत पाउने गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसलामा अभियोग दाबी पुष्टि हुन सकेको नदेखिँदा उक्त फैसला उल्टी गरी यी प्रतिवादी सम्जना राईलाई अभियोग माग दाबीबाट सफाइ दिने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७७।७।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७८ साल असार २७ गते रोज १ शुभम्।

## ६६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७७-CR-०१६१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. राजबहादुर गुरूङ*

मैले प्रकाशकुमार लामिछाने र धर्मबहादुर रानालाई वैदेशिक रोजगारीमा दक्षिण अफ्रिका पठाइदिने भनी जाहेरवालाबाट कुनै रकम लिएको छैन, म घर जग्गाको कारोबार गर्ने मानिस भएकाले निजसँग सापटी माग गरेकोमा आइएमई मार्फत रू. ४,९५,०००।– पठाइदिएका हुँन सो रकम फिर्ता गर्न ढिला भएकाले मेरा विरूद्ध जाहेरी दिएका हुन् भनी आरोपित कसुरमा इन्कार रही रू. ४,९५,०००।– सापटी लिएको तथ्यसम्म स्वीकार गरी प्रतिवादीले मौकामा बयान गरेको देखिन्छ भने सोही बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गरेको देखिन्छ। प्रतिवादीको बयान बेहोराबाट जाहेरवाला र प्रतिवादीबिच घर जग्गामा कारोबारको लागि सरसापटी हुने गरेको देखिन्छ भने सोही सापटी लिएको रकम तिर्न बुझाउन ढिला भएको कारणले झगडासमेत भएको भन्ने देखिन्छ। प्रतिवादीले रू. ४,९५,०००।– सापटी

लिएको कुरासम्मलाई स्वीकार गरी कसुर गरेकोमा इन्कारी रहेको देखिन्छ । यसरी तथ्य स्वीकार गर्नु र कसुर स्वीकार गर्नु फरक फरक विषय भएकोले तथ्यलाई अन्य अर्थमा स्वीकार गरेको कुरालाई कसुर स्वीकार गरेको भन्नु न्यायसँगत देखिन नआउने।

जाहेरवालाले मौकामा लिएको जाहेरी बेहोरालाई वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित भई सो बेहोरा समर्थित हुने गरी बकपत्र गरेको अवस्थामा मात्र मौकाको जाहेरीको प्रामाणिक महत्त्व रहन्छ। अन्यथा जाहेरी आफैंमा प्रमाण नभई मुद्दा अनुसन्धान गर्ने सूचना मात्र हुन जान्छ। मौकाको जाहेरी बेहोरा न्यायाधिकरणमा उपस्थित भई न्यायिक परीक्षण गर्नु गराउनु जाहेरवालाको कर्तव्यसमेत हुन्छ, वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी सूचनाको म्यादभित्र जाहेरवाला उपस्थित भई, जाहेरी बेहोरा समर्थन गर्नुपर्नेमा म्याद गुजारी बसेको अवस्थामा किटानी जाहेरीकै आधारमा मात्र दोषी ठहर गर्नु न्यायोचित हुन सक्दैन । प्रतिवादीउपरको अभियोग शंका रहित तवरले पुष्टि गर्ने दायित्व वादी पक्षको हुने हुँदा प्रस्तुत मुद्दाको प्रमाण ऐन, २०३१ को दफा २५ को फौजदारी मुद्दामा अभियोग दाबी प्रमाणित गर्ने प्रमाणको भार वादी पक्षमा रहने भन्ने कानूनी व्यवस्थाको पालना वादी पक्षबाट भएको देखिएन, पीडितहरूले पनि मौकाको कागज बेहोरालाई वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित भई समर्थन गरेको मिसिलबाट देखिएन। शंकारहित तवरले अभियोग दाबी पुष्टि नभएको अवस्थामा “शंकाको सुविधा अभियुक्तले पाउँछ” भन्ने फौजदारी न्यायको सिद्धान्त प्रस्तुत मुद्दाको सन्दर्भमा यी प्रतिवादी हकमा पनि आकर्षित हुने नै देखिँदा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी राजबहादुर गुरूङलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७६।२।६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : हेमराज तिमिल्सैना
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७८ साल असार २४ गते रोज ५ शुभम्।

## ६७

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-०२७१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. धनमाया पौडेलसमेत*

प्रतिवादीहरूले म जाहेरवाला कमल वलीलाई वैदेशिक रोजगारको लागि दुवई मुलुक पठाइदिन्छु भनी रू. ४,००,०००।– बुझी लिई दुवई पुऱ्याई अलपत्र परेको हुँदा फर्की आई विपक्षीलाई भेटी रकम र क्षतिपूर्ति माग गर्दा दिन इन्कार गरेकोले निजहरूलाई पक्राउ गरी बिगो र हर्जानासमेत दिलाई भराइपाउँ भन्ने बेहोराको जाहेरी परेकोमा प्रतिवादी धनमाया पौडेलले मौकामा बयान गर्दा जाहेरी बेहोरा झुट्टा हो, आफूले जाहेरवालाबाट कुनै रकम नलिएको, विदेश पठाइदिने भनी आश्वासनसमेत नदिएको हर्कलाल वली, ओम नारायण भण्डारी, महेश बहादुर चन्दले जनही रू.१,००,०००।– का दरले पठाएको रकम जाहेरवालाको आमा तेजकुमारी ओलीले भनेबमोजिम दिपकुमार श्रेष्ठलाई रू.२,५०,०००।– र सन्तोष श्रेष्ठलाई रू. ५०,०००।– मेरो ग्लोबल बैंकको चेकबाट दिएकी हुँ मेरो नाममा किन रकम पठाए मलाई थाहा भएन मैले भनेबमोजिम चेक काटिदिएको हुँ भनी कसुरमा इन्कार रही पैसा आफ्नो नाममा आएको र चेकबाट जाहेरवालाको आमाले भनेको व्यक्तिलाई फिर्ता दिएको तथ्यसम्म स्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीहरूले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दा हाम्रो होटलमा खान बस्ने

गरेका रूकुम जिल्लाका श्याम श्रेष्ठले मानिस विदेश पठाउने काम गर्दा रहेछन् निजले नै जाहेरवाला कमल वलीलाई विदेश पठाइदिने कुरा गरेका रहेछन् निजले नै कमल वलीलाई विदेश पठाउन लाग्ने रकम रू. ४,००,०००।– हाम्रो नाममा पठाउन लगाएका हुन् । सो रकम प्राप्त भएपछि जाहेरवालाको आमा तेजकुमारी वलीले भनेबमोजिम व्यक्तिहरूलाई ग्लोबल बैंकको खाताको चेक जारी गरी फिर्ता दिएको हौं भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिने ।

जाहेरवाला कमल वलीले प्रतिवादीहरूउपर मौकामा किटानी जाहेरी दिए तापनि सो जाहेरी बेहोरालाई न्यायाधिकरणसमक्ष उपस्थित भई समर्थन गर्नुपर्ने दायित्व निजहरूमा रहन्छ । अदालतबाहेक अन्यन्त्र भएका कागज बेहोरालाई अदालत वा न्यायिक निकायसमक्ष उपस्थित भई समर्थन नगरेसम्म सो कागज बेहोरालाई स्वतन्त्र प्रमाणको रूपमा ग्रहण गर्न सक्ने अवस्था रहँदैन जुन कुरालाई प्रमाण ऐन, २०३१ को दफा १८ ले समेत प्रस्ट परेको छ । "कुनै काम घटना न अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखितमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिनु हुन्छ" भन्ने उल्लेख भएको देखिने ।

यसरी मौकाको किटानी जाहेरी बेहोरालाई न्यायाधिकरण उपस्थित भई न्यायिक परीक्षण गर्नुपर्नेमा वादी पक्षले सो गर्न सकेको देखिँदैन । फौजदारी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादी पक्षमा रहने प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्थाको परिपालनासमेत वादी पक्षबाट भएको नदेखिँदा यस्तो अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्त प्रतिवादीहरूका हकमा आकर्षित हुने नै भयो । यस्तो अवस्थामा वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिन नआउने ।

तसर्थ, वादी नेपाल सरकारले प्रतिवादीहरूले जाहेरवालाबाट विदेश पठाइदिने भनी रकम लिए दिएको कुरा विश्वसनीय ढंगबाट प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७६।११।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : हेमराज तिमिल्सैना

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७८ साल असार २४ गते रोज ५ शुभम् ।

६८

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७७-CR-०१५७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. बिमला भण्डारी*

प्रतिवादी विमला भण्डारीबाट जाहेरवालाहरूको राहदानी (पासपोर्ट) बरामद भएको कारणले मात्र पोल गरी जाहेरी दिएको देखिन्छ । यी प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउने भनी रकम र पासपोर्ट लिई फरार भएको मिसिल संलग्न कागजातहरूबाट स्थापित हुन सकेको देखिँदैन । पासपोर्टहरू इन्सोरेन्स गराउने प्रयोजनको लागि लिएको र इन्सुरेन्सको रकम भुक्तानी नभएको कारण निज प्रतिवादी विमला भण्डारीसँग रहन गएको भन्ने भनाइ यी प्रतिवादीको रहेको देखिन्छ । प्रतिवादी विमला भण्डारीले वैदेशिक रोजगार विभागमा बयान गर्दा आफु बिमाको फर्म भर्ने काम गर्ने भनी भनेको अवस्था रहेको देखिन्छ । यसरी बिमाको बाहिरबसी फर्म भर्ने जस्ता काम गर्ने व्यक्ति बिमाको कर्मचारी नभएको भन्ने देखिएको अवस्थामा बिमाको कर्मचारी नभएकोले माग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

खानतलासी वरामदी मुचुल्कामा विमला भण्डारीले दाहिने हातमा बोकी राखेको प्लाष्टिकको झोलामा विभिन्न व्यक्तिको नामको राहदानी, मोवाइल, भिजिटिङ कार्ड तथा कागजात बरामद भएको भन्ने उल्लेख भएको देखिन्छ । कुनै पनि मानिसले त्यसरी प्लाष्टिकको झोलामा राहदानी जस्तो महत्त्वपूर्ण कागजात लिएर हिडिरहने भन्ने कुरा हुँदैन । बरामदी मुचुल्काका मानिसहरूको बकपत्रसमेत नभएको अवस्थामा यी प्रतिवादीले आफूले राहदानीहरू प्रहरीलाई बुझाएको भन्ने भनाइलाई अन्यथा मान्न सकिने देखिँदैन । प्रतिवादी विमला भण्डारीउपरको अभियोग दाबी वस्तुनिष्ट प्रमाण पेस गरी शंकारहित तवरले पुष्टि गराउने दायित्व वादी पक्षमा रहेकोमा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षले आफ्नो दाबी प्रमाणित गराउन नसकेकोले शंकाको भरमा प्रतिवादीलाई दोषी ठहर गर्न मनासिब नहुँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी विमला भण्डारीले अभियोग माग दाबीबाट सफाइ पाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७६।३।८ को फैसला निजको हकमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । यी प्रतिवादी विमला भण्डारीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: हेमराज तिमिल्सैना

कम्प्युटर: अमिररत्न महर्जन/प्रेमबहादुर थापा

इति संवत् २०७८ साल असार २४ गते रोज ५ शुभम् ।

## ६९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-१६९९, कर्तव्य ज्यान, मदन आलेसमेत वि. नेपाल सरकार*

घटना विवरण कागज गर्ने कमली माकिम मगर, सुमित्रा आले, कालिमाया आले, बलबहादुर थापा, कुलबहादुर आले, चित्रबहादुर आले, मन्जु आले र मधुमाया आलेले मौकाको कागजमा मृतक कृष्णबहादुर आले र प्रतिवादीमध्ये बिसनबहादुर आलेबिच वारदातको ३/४ दिनअगाडि पानीको पाइप नदिएको विषयमा विवाद हुँदा मृतकलाई ५ दिनभित्रमा मर्छस् भनी ज्यान मार्ने धम्की दिएको, गाउँमा बाटो खनेको विषयमा समेत निजहरूबिच विवाद झगडा भएको थियो । मिति २०७४/०८/२० गते मृतक तथा प्रतिवादीहरू निजहरूको आफन्तको घरमा पूजाको निम्तो मान्न गएका र प्रतिवादीहरूले त्यहाँ मासु रक्सीसमेत खाई राति घर फर्कने क्रममा प्रतिवादीहरूले पहिलेको रिसइवी साध्न मृतकलाई बाटो कुरेर बसी मुक्का तथा दाउरासमेतले प्रहार गरेर कर्तव्य गरी मारेका हुन् भनी करिब एकै मिलानको बेहोरा लेखाइदिएको पाइन्छ । जाहेरवाला अमृत आले तथा घटना विवरणका उल्लिखित व्यक्तिहरूले यी प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेका हुन भनी  गढाउ गरी अदालतमा बकपत्रसमेत गरिदिएका छन् । प्रतिवादीहरू अदालतमा कसुरमा इन्कार रहे पनि उक्त इन्कारीलाई पुष्टि गर्ने कुनै विश्वसनीय प्रमाण पेस गर्न सकेको देखिँदैन । किटानी जाहेरी दर्खास्त, घटनास्थल एवं लास प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, बुझिएका व्यक्तिहरूको मौकाको कागज र त्यसलाई समर्थन हुने गरी अदालतमा गरिदिएको बकपत्र एवं प्रतिवादीहरूको मौकाको साबिती बयानसमेतका प्रमाणहरूबाट प्रतिवादीहरू मदन आले, बिसनबहादुर आले र दानबहादुर आलेले मृतकलाई कर्तव्य गरी मारेको हुन भन्ने तथ्य स्थापित हुने ।

प्रतिवादीहरूले मृतकसँग आफूहरूको पूर्वरिसइवी भई तयारी, योजनासाथ  कर्तव्य गरी मारेको होइन । घटनास्थल नजिकै रहेको रूखको हाँगाबाट आक्रमण भएको देखिएबाट घटना तत्कालको रिस आवेगमा भएकोले प्रस्तुत वारदातमा मुलुकी

ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेतको पुनरावेदन जिकिर रहेको देखिन्छ । यस सन्दर्भमा ज्यानसम्बन्धीको १४ नं. को कानूनी व्यवस्थालाई हेर्दा, ज्यान मार्नको मनसाय रहेन छ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेन छ, लुकीचोरीकन हानेको पनि रहेन छ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा १० वर्ष कैद गर्नुपर्छ भनी उल्लेख भएको पाइन्छ । यसैगरी ज्यानसम्बन्धी कसुरका सन्दर्भमा कस्तो प्रकृतिको वारदात आवेशप्रेरित हत्या हुन्छ ? भन्ने सम्बन्धमा नेपाल सरकार विरूद्ध दिपक खत्रीको मुद्दामा यस अदालतबाट "आवेश प्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ । आवेशमा उत्तेजित अवस्था कुन हदसम्म थियो भनी गणितीय हिसाबले यकिन गर्न नसकिने भए पनि मृतक र प्रतिवादीबिचको सम्बन्ध व्यवहार, मानवीय संवेदनशीलता, कुनै खास घटना वा परिस्थिति जस्ता कुरालाई आँकलन गर्न सकिन्छ....आवेश प्रेरित हत्यामा पीडितको कुनै कार्यबाट प्रतिवादी उत्तेजित भई आवेशमा आई आत्म नियन्त्रण गुमाई पीडितको कार्यको प्रतिक्रियाको रूपमा तत्कालिन अवस्थामा नै पीडितउपर हमला गरेको र सोही कारणबाट पीडितको मृत्यु भएको हुन्छ यस्तो अवस्थामा प्रतिवादीले आंशिक प्रतिरक्षाको जिकिर लिन र प्रमाणित भएमा सो सुविधा प्राप्त हुन सक्ने" (ने.का.प.२०७५,अङ्क१०,नि.नं.१०१२१) भनी सिद्धान्त कायम भएको पाइन्छ । उपर्युक्त कानूनी व्यवस्था एवं यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको परिप्रेक्ष्यमा हेर्दा कुनै वारदात आवेश प्रेरित हत्या हुनको लागि प्रतिवादीको मृतकलाई मार्ने मनसाय तथा ज्यान लिनुपर्नेसम्मको इबी रहेको र लुकीचोरीकन हानेको अवस्था हुनु हुँदैन् । ज्यान मार्ने मनसाय नराखी मृतकको कृयाकलापका कारण रिसको आवेगमा आई पीडितको कार्यको प्रतिक्रियाको रूपमा उसै मौकामा साधारण लाठा, ढुङ्गा, लात, मुक्का आदिले प्रहार गर्दा सोही चोटपीरले मृतकको मृत्यु भएको अवस्थामा यो व्यवस्था आकर्षित हुन सक्ने देखिने ।

मिसिल अध्ययन गरी हेर्दा मदन आलेको मौकाको बयानबाट मृतक एवं प्रतिवादीहरूसमेत माथिल्लो बापुङ ठाउँमा निजहरू आफन्तको घरबाट पूजाको निम्तो मानी आ-आफ्नो घर फर्कने क्रममा प्रतिवादीहरू एकआपसमा भेट गरी पछाडिबाट आउँदै गरेका मृतक कृष्णबहादुर आलेलाई देखी आज यसलाई ठिक पार्नुपर्छ भनी सल्लाह गरी निजहरू तीनैजना मृतकसँग झगडा गर्ने उद्देश्यले बाटो कुरेर बसेको देखिन्छ। घटनाभन्दा केही दिनअगाडि प्रतिवादीहरूको मृतकसँग झगडा विवाद परेको कुरालाई प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा स्वीकार गरेका छन् । प्रतिवादीहरूमध्ये बिसनबहादुर आलेले मृतकलाई ज्यान मार्ने धम्की दिएको भन्ने मृतकको पत्नी कमली माकिम, बुहारी मधुमाया आलेको मौकाको कागज एवम् अदालतको बकपत्रबाट समेत खुल्न आएको छ । मृतक र प्रतिवादी मदन आलेसमेतबिच वारदातभन्दा पहिलेदेखि रिसइवी रहेको देखिन्छ । प्रतिवादीहरू तीनैजनाले स्वेच्छाले रक्सीसमेत खाएर रक्सीको मातमा हात मुक्का र दाउराले मृतकको टाउको अनुहारसमेतको भागमा पटक-पटक प्रहार गरेको देखिने ।

मृतक र प्रतिवादी मदन आलेबिच वस्तु चराउने विषयमा भएको विवाद, मृतक र विसनबहादुर आले एवम् दानबहादुरबिच बारीमा रहेको पानीको पाइपका विषयमा विवाद भई मृतकलाई मार्नेसम्म भनी गाउँ घरमा भनी हिँडेको अवस्थालाई हेर्दा पनि प्रतिवादीहरूमा मृतकप्रति पूर्वरिसइवी रहेको खम्बिर हुन आउँछ । साथ साथै मृतक पछि पछि आउँदै

छन् भन्न थाहा पाई तीन जनाको समूह बनाई गरेको आक्रमणबाट समेत पूर्वरिसइवी एवम् पूर्वतयारी (PREPARATION) तत्त्वलाई थप समर्थन गरेको पाइन्छ । मृतकलाई प्रतिवादीहरूले पटक पटक यत्रतत्र प्रहार गरेको अवस्थासहितको घटनास्थल प्रकृति मुचुल्का, सो स्थलबाट बरामद भएको दाउरा एवम् लास जाँच प्रकृति मुचुल्काबाट समेत देखिन्छ । साथै सो वारदात तीन जनाको समूह (GROUP) भई गरेकोसमेतका अवस्थाबाट अभियोग दाबीबमोजिम कसुर ठहर गर्न आवश्यक तत्त्वहरू खराब मनसाय (ILL INTENTION) पूर्वतयारी (PREPARATION) कार्य (ACTUS REUS) जस्ता तत्त्वहरूलाई मिसिल संलग्न कागजात प्रमाणबाट पनि पुष्टि हनु आएको पाइने ।

तसर्थ आफूहरूको मृतकलाई ज्यान मार्ने मनसाय नभएको र तत्काल उठेको रिसको कारणबाट घटना घट्न गएकोले प्रस्तुत वारदातमा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर संग सहमत हुन सकिएन । तसर्थ, प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम जन्मकैदको सजाय गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी उच्च अदालत तुल्सीपुरबाट मिति २०७६/७/२७ मा भएको फैसला मिलेकै देखिने ।

इजलास अधिकृत : मनोज बराल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७८ साल असार २३ गते रोज ४ मा शुभम्।

७०

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-१२७९, रेड पाण्डाको छाला ओसारपसार तथा बिक्री वितरण, काजी तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले आफूसँग रहेको रेडपाण्डाको छाला चोरी शिकारी गरी नल्याएको र उक्त छाला बेचबिखन गर्ने मनसायले बोकी हिँडेको पनि होइन । चामलको बोराबाट बरामद भएको आधारमा मात्र रेडपाण्डा मारी उक्त छाला बिक्रीवितरण गर्न लगेको अनुमान गर्न नमिल्ने भनि पुनरावेदन पत्रमा जिकिर लिएको देखियो । माथि प्रकरणमा उल्लेख गरेबमोजिम गोप्य सूचना सुराकीको आधारमा निज प्रतिवादीबाट उक्त निषेधित रेड पाण्डाको छाला चामलको बोराभित्र लुकाइ छिपाइ राखेको अवस्थामा बरामद भएको देखिन्छ । सो बरामदी अवस्थालाई प्रतिवादी स्वयमले अदालतसमेतमा स्वीकार गरेका छन् । प्रस्तुत पुनरावेदन जिकिरमा निजले आफूलाई थाहा जानकारी नभई तथ्यको भूलले (MISTAKE OF FACT) आफूबाट उक्त रेड पाण्डाको छाला बरामद भएको भनी मौकामा प्रहरीसमक्ष र अदालतमा समेत साबित छन् । प्रतिवादीलाई उक्त छाला मिङ्गमार भन्ने व्यक्तिले होटलमा पुऱ्याइदिनु भनी प्रहरीको बयानमा भनेका र अदालतको बयानमा दुई जनामध्ये एक व्यक्तिले होटलमा लगी मिङ्गमार भन्ने व्यक्तिलाई दिनु भनेकोमा सो लगेर होटलको गेटमा पुग्दा मिङ्गमार भन्ने व्यक्ति आफू नै हो भनी सो भन्ने व्यक्ति प्रहरी भएकोले उक्त सामानसहित प्रतिवादी मौकामा नै पक्राउ परेको अवस्था छ । प्रतिवादीले आफूलाई बोराभित्र उक्त रेडपाण्डाको छाला छ भनी थाहा नभएको भनी बयानमा उल्लेख गरेका छन् । परिचित वा अपरिचित कुनै पनि व्यक्तिले केही रकम दिएर सामान कुनै स्थानमा पुऱ्याउन भन्दा सो सामान के हो ? भनी सामान्य रूपमा सोधपुछ गर्नु र जानकारी लिनुपर्ने र सोको आधारमा सामान लैजाने न लैजाने विषयमा टुङ्गो गर्नुपर्ने हुन्छ । प्रतिवादीले त्यस विषयमा सामान दिने व्यक्तिसँग कुनै सोधपुछ, प्रश्न, तर्क आदि केही गरेको देखिँदैन । यस प्रकार आफूले बोकेको बोराभित्र रेडपाण्डाको छाला भएको थाहा थिएन भन्ने निजको सो कथनलाई सम्पुष्टि गर्ने तथ्यगत प्रमाण केही देखिँदैन । बोरा निजले बोकेको र लैजाँदै गर्दा र निजको सँगसाथमा रहेको

बखतमा नै त्यसबाट अवैध रेडपाण्डाको छाला बरामद भएको अवस्थामा सोको फौजदारी दायित्व निज प्रतिवादीले नै बेहोर्नुपर्ने हुन्छ। प्रतिवादीले आफूलाई त्यस्तो रेडपाण्डाको छाला भएको बोरा दिने व्यक्तिको नाम, थर, ठेगाना, हुलिया आदि केही पनि नबताउने र सोबारे आफूलाई केही पनि थाहा थिएन भनी सोको दायित्व पनि लिन नपर्ने भन्ने स्थिति हुन गएमा यस्ता प्रकृतिका फौजदारी वारदातका कसुरहरू अन्ततः शुन्यमा पुग्ने र अपराधहरू बढ्ने अवस्थाले प्रश्रय पाउन जान्छ । एकछिनलाई प्रतिवादीलाई आफूले लगेको बोराभित्र अवैध रेडपाण्डाको छाला छ भनी थाहा जानकारी थिएन भन्ने निजको भनाइलाई आधार विश्वास मानी प्रमाणको रूपमा स्वीकार्दै जाने हो भने यस्ता शैलीबाट गरिने कसुर अपराधहरूको संख्या बढ्दै जानुको साथै अपराध र कसुरदारले पनि उन्मुक्ति पाउँदै जान्छ। यस्तो पृष्ठभूमि र अवस्थाको वारदातको कसुरमा प्रतिवादीले कसुर हुने चिजबारे आफूलाई थाहा थिएन भनी शंकारहित र भरपर्दो तरिकाले प्रमाणले पुष्टि नगरेसम्म त्यस्तो अवैध चिज आफूसँग रहेको र बोकेको आधारमा निजले फौजदारी कसुरको दायित्व बहन गर्नुपर्दछ । प्रतिवेदक प्रहरी कर्मचारीहरूले निज प्रतिवादीले कसुर कार्य गरेकै बखत पक्राउ गरी कानूनी कारबाहीमा ल्याएको भन्ने प्रतिवेदन बेहोरालाई पुष्टि हुने गरी अदालतमा बकपत्रसमेत गरिदिएका छन्। निजले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९ बमोजिम तोकिएको अधिकारीबाट इजाजतपत्र लिएको पनि देखिँदैन । आफूसँग रहेको बोराबाट बरामद भएको अवैध रेड पाण्डाको छालाबारे आफुलाई थाहा थिएन भन्ने तथ्यलाई प्रतिवादीले विश्वसनीय प्रमाणबाट पुष्टि गराउन नसकेको र साथै प्रतिवेदकले अदालतसमक्ष उपस्थित भई बकपत्र गरी बरामदी मुचुल्कालाई संपुष्टि गरिदिएको अवस्थामा यी प्रतिवादी आरोपित कसुरका कसुरदार होइनन् भनी भन्न सकिने अवस्था देखिन नआउने।

अतः सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी काजी तामाङलाई राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को २६ को उपदफा (१) बमोजिम ६ वर्ष कैद सजाय हुने र बरामद छाला उक्त ऐनको दफा २८ बमोजिम जफतसमेत हुने गरी सुरू जिल्ला अदालतबाट मिति २०७५।९।२४ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७६।६।२८ मा भएको फैसला मिलेकै देखिएकाले उक्त फैसला सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: मनोज बराल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७८ साल असार २३ गते रोज ४ मा शुभम्।